# सुकरातका पाइला उपन्यासको कृतिपरक अध्ययन

त्रिभुवन विश्वविद्यालय,
मानविकी तथा सामाजिक शास्त्र सङ्कायअर्न्तगत
वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुर, चितवनको
स्नातकोत्तर तह, द्वितीय वर्षको दसौँ पत्रको
प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र


शोधकर्ता
चन्द्रबहादुर खत्री क्षेत्री
क्याम्पस क्र.सं. : १९/०६१-६३
त्रि.वि.द.सं. : ६-१-३१५-००१३-९६



नेपाली विभाग
त्रिभुवन विश्वविद्यालय
वीरेन्द्र बहुमुखी क्याम्पस
भरतपुर, चितवन
२०६७

# त्रिभुवन विश्वविद्यालय
## मानविकी तथा सामाजिक शास्त्र सङ्काय
## वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन
## नेपाली विभाग

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरका विद्यार्थी चन्द्रबहादुर खत्री क्षेत्रीले नेपाली स्नातकोत्तर तह (एम.ए.) दसौँ पत्रको प्रयोजनका निम्ति प्रस्तुत गरेको **सुकरातका पाइला उपन्यासको कृतिपरक अध्ययन** शीर्षकको यो शोधपत्र स्वीकृत गरिएको छ ।

## मूल्याङ्कनसमिति

प्रा.डा.नारायणप्रसाद खनाल ....................
विभागीय प्रमुख हस्ताक्षर

उपप्रा. दीननाथ शर्मा पण्डित .....................
शोधनिर्देशक हस्ताक्षर

............................ .....................
बाह्यपरीक्षक हस्ताक्षर

मिति : २०६७/०५/२५

# कृतज्ञताज्ञापन

प्रस्तुत **सुकरातका पाइला उपन्यासको कृतिपरक अध्ययन** शीर्षकको शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर , चितवनको नेपाली विभागको स्नातकोत्तर तह, द्वितीय वर्षको दसौँ पत्रको प्रयोजनको लागि तयार गरिएको हो । प्रस्तुत शोत्रपत्र मैले आदरणीय गुरु उपप्राध्यापक श्री दीननाथ शर्मा पण्डितको प्राज्ञिक निर्देशनमा तयार पारेको हुँ । यो शोधपत्र तयार पार्ने सर्न्दभमा आइपरेका विभिन्न समस्या र कठिनाइहरूको सामना गर्दै अगाडि बढ्न उत्प्रेरित गरी आफ्नो कार्यव्यस्ततालाई पन्छ्याएर कुशल र समुचित दिग्दर्शन गराउनु भएकोमा उहाँप्रति म हार्दिक कृतज्ञताज्ञापन एवम् श्रद्धाभाव व्यक्त गर्दछु ।

प्रस्तुत शोधविषयमा शोधकार्य गर्न अवसर मिलाइदिने नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन तथा वर्तमान नेपाली विभागीय प्रमुख आदरणीय गुरु प्रा.डा.नारायणप्रसाद खनालप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । प्रस्तुत शीर्षकमा अनुसन्धान गर्न स्वीकृति प्रदान गर्नुहुने तत्कालीन नेपाली विभागीय प्रमुख एवम् वर्तमान क्याम्पस प्रमुख आदरणीय गुरु प्रा.डा. गणेशप्रसाद खरालप्रति पनि म कृतज्ञ छु । प्रस्तुत शोधकार्य सम्पन्न गर्ने क्रममा आवश्यक जानकारी प्रदान गर्नु हुने शोधनायक प्रा.डा. गोविन्दराज भट्टराईप्रति म हार्दिक कृतज्ञताज्ञापन गर्दछु । शोधपत्र तयार गर्ने क्रममा आइपरेका समस्याहरूको समाधानका लागि अमूल्य सहयोग पुर्‍याउनुहुने आदरणीय गुरु सहप्राध्यापक डा. लक्ष्मणप्रसाद गौतमप्रति कृतज्ञ छु । शोधशीर्षक चयन तथा शोधकार्यमा प्राज्ञिक सुझाव दिनुहुने आदरणीय गुरु सहप्राध्यापक दामोदर रिजालका साथै अन्य आदरणीय गुरुहरू सहप्राध्यापक गोविन्दराज विनोदी, सहप्राध्यापक होमनाथ सापकोटा, सहप्राध्यापक भवनाथ सडौला, उपप्राध्यापक विष्णुप्रसाद सापकोटा, लगायत नेपाली विभागअन्तर्गतका सबै गुरुहरूप्रति आभार प्रकट गर्दछु । वीरेन्द्र बहुमुखी क्याम्पसका प्रशासनका कर्मचारीहरू सहायक प्रशासक द्वय शिवप्रसाद पोखरेल र विजयराज पण्डितप्रति पनि आभार व्यक्त गर्दछु ।

जीवनमा सदा असल कर्म गर्न प्रेरणा दिँदै कठिन आर्थिक र व्यावहारिक समस्यासँग सङ्घर्ष गरेर आफ्नो अमूल्य श्रम र पसिना खर्ची मेरो अध्ययनलाई यस अवस्थासम्म पुर्‍याउनुहुने परमपूज्य पिता श्री यमबहादुर खत्री क्षेत्री र माता डाँसीदेवी खत्री क्षेत्रीप्रति आजन्म ऋणी छु । मेरो शैक्षिक प्रगतिको लागि रचनात्मक सहयोग गरेर हरपल साथ दिने धर्मपत्नी सुशीला के.सी. प्रति धेरै आभारी छु । यो शोधकार्य सम्पन्न गर्ने क्रममा सामग्री सङ्कलनका साथै प्राज्ञिक सहयोग पुर्‍याउनुहुने मित्र दीपक ढकालप्रति म धेरै आभारी छु । शोधकार्य पूर्ण गर्नको लागि बारम्बार घचघच्याउँदै शोधकार्यमा सहयोग पुर्‍याउने मित्र श्रीचन्द्र वाग्लेप्रति पनि आभारी छु । शोधपत्र टङ्कण गर्नेदेखि लिएर सामग्री सङ्कलमा विशेष सहयोग पुर्‍याउने मेरा अनन्य मित्र ईश्वर तिमिल्सिनाको भूमिकालाई कहिल्यै बिर्सन सक्दिन ।

अन्त्यमा **सुकरातका पाइला उपन्यासको कृतिपरक अध्ययन** शीर्षकको यो शोधपत्र आवश्यक मूल्याङ्कनका लागि वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुरसमक्ष पेस गर्दछु ।

.............................

मिति : २०६७/०५/

चन्द्रबहादुर खत्री क्षेत्री

**नेपाली विभाग**

# विषयसूची

(क) आवरणपृष्ठ
(ख) शोधपत्रको स्वीकृतिपत्र
(ग) शोधनिर्देशकको मन्तव्य
(घ) कृतज्ञताज्ञापन
(ङ) सङ्क्षेपीकृत शब्दसूची

## परिच्छेद : एक
## शोधपरिचय

१.१ शोधशीर्षक १
१.२ शोधकार्यको प्रयोजन १
१.३ विषय परिचय १
१.४ समस्याकथन १
१.५ शोधकार्यका उद्देश्यहरू २
१.६ पूर्वकार्यको विवरण २
१.७ शोधको महत्त्व र उपयोगिता ४
१.८ शोधकार्यको क्षेत्र र सीमा ४
१.९ सामग्री सङ्कलन विधि ४
१.१० शोधविधि ५
१.११ शोधपत्रको रूपरेखा ५

## परिच्छेद : दुई
## उपन्यासकार गोविन्दराज भट्टराईको जीवनी

२.१ जन्म र जन्मस्थान ७
२.२ बाल्यकाल ७
२.३ शिक्षा दीक्षा ७
  २.३.१ अक्षरारम्भ र प्राथमिक शिक्षा ७
  २.३.२ माध्यामिक तहको शिक्षा ८
  २.३.३ उच्चतहको शिक्षा ८
  २.३.४ पारिवारिक स्थिति र आजीविका ९
  २.३.५ स्वभाव र रुचि १०
  २.३.६ भ्रमण १०
  २.३.७ सम्मान तथा पुरस्कार ११
  २.३.८ जीवनदर्शन ११

२.४ गोविन्दराज भट्टराईको व्यक्तित्व १२
२.४.१ बाह्य व्यक्तित्व १२
२.४.२ आन्तरिक व्यक्तित्व १२
२.४.२.१ उपन्यासकार व्यक्तित्व १३
२.४.२.२ निबन्धकार व्यक्तित्व १३
२.४.२.३ कथाकार व्यक्तित्व १४
२.४.२.४ कवि व्यक्तित्व १४
२.४.२.५ समालोचक व्यक्तित्व १४
२.४.२.६ अनुवादक व्यक्तित्व १५
२.४.२.७ सम्पादक व्यक्तित्व १५
२.४.२.८ शिक्षक-प्राध्यापक व्यक्तित्व १६

## परिच्छेद : तीन
## उपन्यासको सैद्धान्तिक परिचय

३.१ उपन्यासको परिभाषा १७
३.२ उपन्यासका तत्त्वहरू १८
३.२.१ कथानक १८
३.२.२ चरित्र १८
३.२.३ पर्यावरण १९
३.२.४ जीवनदर्शन १९
३.२.५ दृष्टिबिन्दु १९
३.२.६ भाषा २०
३.२.७ प्रतीक र बिम्ब २०
३.३ नेपाली औपन्यासिक परम्परा २०
३.३.१ प्राथमिक काल २१
३.३.२ माध्यमिक काल २२
३.३.३ आधुनिक काल २३
३.३.३.१ आदर्शोन्मुख यथार्थवादी धारा २३
३.३.३.२ स्वच्छन्दतावादी धारा २४
३.३.३.३ सामाजिक यथार्थवादी धारा २४
३.३.३.४ अतियथार्थवादी धारा २५
३.३.३.५ आलोचनात्मक यथार्थवादी धारा २५
३.३.३.६ मनोविश्लेषणवादी धारा २६
३.३.३.७ प्रकृतवादी धारा २६
३.३.३.८ विसङ्गतिवादी धारा २६
३.३.३.९ अस्तित्ववादी धारा २७
३.३.३.१० प्रयोगवादी धारा २७
३.३.३.११ प्रगतिवादी धारा २८
३.३.३.१२ मिथकीय धारा २८
३.३.४ निष्कर्ष २८

# परिच्छेद : चार
# गोविन्दराज भट्टराईको उपन्यासकारिता


४.१ उपन्यासकार गोविन्दराज भट्टराईको औपन्यासिक यात्रा ३०
  ४.१.१ पहिलो चरण ३१
  ४.१.२ दोस्रो चरण ३२
४.२ उपन्यासकार गोविन्दराज भट्टराईका औपन्यासिक प्रवृत्तिहरू ३३
  ४.२.१ सामाजिक यथार्थवादी उपन्यासकारका रूपमा भट्टराई ३३
  ४.२.२ कारुणिक उपन्यासकारका रूपमा भट्टराई ३३
  ४.२.३ आलोचनात्मक यथार्थवादी उपन्यासकारका रूपमा भट्टराई ३४
  ४.२.४ अस्तित्ववादी उपन्यासकारका रूपमा भट्टराई ३४
  ४.२.५ प्रयोगवादी उपन्यासकारका रूपमा भट्टराई ३४
  ४.२.६ उत्तरआधुनिक दर्शनको प्रयोगकर्ताका रूपमा भट्टराई ३५
  ४.२.७ युद्धसाहित्यको प्रयोगकर्ताका रूपमा भट्टराई ३५
४.३ नेपाली उपन्यास साहित्यमा गोविन्दराज भट्टराईको योगदान र स्थान ३६
४.४ निष्कर्ष ३७


# परिच्छेद : पाँच
# विविध कोणबाट सुकरातका पाइला उपन्यासको अध्ययन


५.१ पृष्ठभूमि ३८
५.२ **सुकरातका पाइला** उपन्यासको संरचना ३८
  ५.२.१ **सुकरातका पाइला** उपन्यासको बाह्य संरचना ३८
  ५.२.२ **सुकरातका पाइला** उपन्यासको अर्न्तवस्तु ३९
    ५.२.२.१ पहिलो परिच्छेद ३९
    ५.२.२.२ दोस्रो परिच्छेद ४०
    ५.२.२.३ तेस्रो परिच्छेद ४०
    ५.२.२.४ चौथो परिच्छेद ४०
    ५.२.२.५ पाँचौं परिच्छेद ४१
    ५.२.२.६ छैटौं परिच्छेद ४१
    ५.२.२.७ सातौं परिच्छेद ४१
    ५.२.२.८ आठौं परिच्छेद ४२
    ५.२.२.९ नवौं परिच्छेद ४२
    ५.२.२.१० दशौं परिच्छेद ४२
    ५.२.२.११ एघारौं परिच्छेद ४३
    ५.२.२.१२ बाह्रौं परिच्छेद ४३
    ५.२.२.१३ तेह्रौं परिच्छेद ४३
    ५.२.२.१४ चौधौं परिच्छेद ४४

५.२.२.१५ पन्ध्रौँ परिच्छेद ४४
५.२.२.१६ सोह्रौँ परिच्छेद ४४
५.२.२.१७ सत्रौँ परिच्छेद ४५
५.२.२.१८ अठारौँ परिच्छेद ४५
५.२.२.१९ उन्नाइसौँ परिच्छेद ४५
५.२.२.२० बीसौँ परिच्छेद ४६
५.२.२.२१ एक्काइसौँ परिच्छेद ४६
५.२.२.२२ बाइसौँ परिच्छेद ४६
५.२.२.२३ तेइसौँ परिच्छेद ४७
५.२.२.२४ चौबीसौँ परिच्छेद ४७
५.२.२.२५ पच्चीसौँ परिच्छेद ४८
५.२.२.२६ छब्बीसौँ परिच्छेद ४८
५.२.२.२७ सत्ताइसौँ परिच्छेद ४८
५.३ **सुकरातका पाइला** उपन्यासमा कथानक ४९
५.३.१ **सुकरातका पाइला** उपन्यासको कथानक स्रोत ४९
५.३.२ **सुकरातका पाइला** उपन्यासको कथानक ढाँचा ५०
५.३.३ **सुकरातका पाइला** उपन्यासको आङ्गिक विकास ५०
५.४ **सुकरातका पाइला** उपन्यासमा पात्रविधान ५३
५.४.१ लिङ्गको आधारमा चरित्रको वर्गीकरण ५३
५.४.२ कार्यको आधारमा चरित्रको वर्गीकरण ५३
५.४.३ प्रवृत्तिका आधारमा चरित्रचित्रण ५४
५.४.४ स्वभावका आधारमा पात्रहरूको वर्गीकरण ५४
५.४.५ जीवन चेतनाका आधारमा पात्रहरूको वर्गीकरण ५४
५.४.६ आवद्धताका आधारमा पात्रहरूको वर्गीकरण ५५
५.४.७ आसन्नताका आधारमा पात्रहरूको वर्गीकरण ५५
५.४.८ पात्रीय भूमिकाका आधारमा प्रमुख पात्रहरूको विवेचना ५५
५.४.८.१ अनन्त ५५
५.४.८.२ सुकरात ५७
५.४.८.३ पूर्णिमा ५९
५.४.८.४ गोपी ६०
५.४.८.५ विक्रम ६०
५.४.८.६ नीलिमा ६०
५.५ **सुकरातका पाइला** उपन्यासमा पर्यावरण ६०
५.६ **सुकरातका पाइला** उपन्यासमा दृष्टिबिन्दुको प्रयोग ६२
५.७ **सुकरातका पाइला** उपन्यासमा संवाद ६३
५.८ **सुकरातका पाइला** उपन्यासको भाषाशैली ६५
५.९ **सुकरातका पाइला** उपन्यासको सारवस्तु ६९
५.१० **सुकरातका पाइला** उपन्यासका औपन्यासिक प्रवृत्तिहरू ६९
५.१०.१ उत्तरआधुनिकवादी प्रवृत्ति ६९
५.१०.१.१ अभिघात सिद्धान्तको प्रयोग ७०
५.१०.१.२ विनिर्माणवाद ७२

५.१०.१.२.१ अन्तर-पाठीयता ७२
५.१०.१.२.२ द्विचर विरोध ७३
५.१०.१.२.३ विधाभञ्जन ७३
५.१०.१.३ मायिक यथार्थवाद ७४
५.१०.२ युद्धसाहित्यका रूपमा सुकरातका पाइला ७४
५.१०.३ विसङ्गतिवादी-अस्तित्ववादी प्रवृत्ति ७८
५.१०.४ सामाजिक यथार्थवादी प्रवृत्ति ७९
५.१०.५ समसामायिक युगीन परिवेशको चित्रण ७९
५.१०.६ निष्कर्ष ८०
५.११ **सुकरातका पाइला** उपन्यासको शीर्षक सार्थकता ८०

## परिच्छेद : छ
## उपसंहार

६.१ परिच्छेदः एकको निष्कर्ष ८२
६.२ परिच्छेद : दुईको निष्कर्ष ८२
६.३ परिच्छेद : तीनको निष्कर्ष ८३
६.४ परिच्छेद : चारको निष्कर्ष ८४
६.५ परिच्छेद : पाँचको निष्कर्ष ८५
६.६ परिच्छेद : छको निष्कर्ष ८६

# सङ्क्षेपीकृत शब्दसूची

## यस शोधपत्रमा प्रयोग गरिएका शब्दहरूको सङ्क्षेपीकृत रूप यसप्रकार छ :

| | |
|---|---|
| आइ.ए. | इन्टरमिडिएट अफ आर्ट्स |
| इ.सं. | इस्वी संवत् |
| उपप्रा. | उपप्राध्यापक |
| एन.जि.ओ. | नन्गभरमेन्ट अर्गनाइजेसन |
| एम.ए. | मास्टर्स अफ आर्ट्स |
| एम.एड. | मास्टर्स अफ एजुकेसन |
| क्र.सं. | क्रमसङ्ख्या |
| गा.वि.स. | गाउँ विकास समिति |
| टि.भी. | टेलिभिजन |
| डा. | डाक्टर |
| डी.पी. | दुर्गाप्रसाद |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| त्रि.वि. द.सं. | त्रिभुवन विश्वविद्यालय दर्ता सङ्ख्या |
| नं. | नम्बर |
| नि.मा.वि. | निम्न माध्यमिक विद्यालय |
| पृ. | पृष्ठ |
| प्रा.डा. | प्राध्यापक डाक्टर |
| बि.ए. | ब्याचलर अफ आर्ट्स |
| बि.एड. | ब्याचलर अफ एजुकेसन |
| मा.वि. | माध्यमिक विद्यालय |
| रू. | रूपियाँ |
| वि.सं. | विक्रम संवत् |

# प्रमुखसन्दर्भसामग्रीसूची

(क) **ग्रन्थसूची**

गौतम, कृष्ण, **उत्तरआधुनिक जिज्ञासा**, काठमाडौं,ः भृकुटी एकेडेमिक पब्लिकेशन्स,२०६४ ।

गौतम, लक्ष्मणप्रसाद, **नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना,** काठमाडौं : ओरिएन्टल पब्लिकेशन्स,२०६६ ।

——————— ,समकालीन नेपाली द्वन्द्वकथा, काठमाडौंः पैरवी प्रकाशन, २०६३ ।

नेपाल, वीरेन्द्र, **गोविन्दराज भट्टराईको जीवनी, व्यक्तित्व र कृतित्व,** (अप्रकाशित शोधपत्र,) काठमाडौंः त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, २०६४ ।

प्रधान, कृष्णचन्द्रसिंह, **नेपाली उपन्यास र उपन्यासकार,** ललितपुर : साझा प्रकाशन, चौंथो संस्करण, २०६१ ।

बराल, कृष्णहरि र एटम, नेत्र, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास,** ललितपुर : साझा प्रकाशन, २०५६ ।

बराल, ऋषिराज, **उपन्यासको सौन्दर्यशास्त्र,** ललितपुर : साझा प्रकाशन, दोस्रो संस्करण, २०६३ ।

भट्टराई, गोविन्दराज,**मणिपुरको चिट्ठी,** ललितपुर : साझा प्रकाशन,२०३४ ।

———————,**मुगलान**,काठमाडौं : रत्नपुस्तक भण्डार, चौंथो संस्करण,२०६० ।

———————, **आख्यानको उत्तरआधुनिक पर्यावलोकन,** काठमाडौं : रत्नपुस्तक भण्डार, २०६१ ।

———————**,उत्तरआधुनिक ऐना,** काठमाडौं : रत्नपुस्तक भण्डार,२०६२ ।

———————,**सुकरातका पाइला,** काठमाडौं : मोडर्न बुक्स,२०६३ ।

———————**, उत्तरआधुनिक विमर्श,** काठमाडौं : मोडर्न बुक्स, २०६४ ।

शर्मा, मोहनराज, श्रेष्ठ, दयाराम, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,** ललितपुर : साझा प्रकाशन, सातौं संस्करण, २०६१ ।

सुवेदी, राजेन्द्र, **नेपाली उपन्यास : परम्परा र प्रवृत्ति ,** ललितपुर : साझा प्रकाशन, दोस्रो संस्करण,२०६४ ।

**(ख) पत्रपत्रिकासूची**

कोइराला, कुमारप्रसाद, *गरिमा साक्षात्कार ,* (गोविन्दराज भट्टराईसँग) **गरिमा,** (वर्ष २४,अङ्क ९, पूर्णाङ्क २८५, भदौ २०६३) ।

कोइराला, कुमारप्रसाद, *सुकरातका पाइला :निरङ्कुशता र आतङ्कको दुःखान्त कथा,* **गरिमा**, (वर्ष २५,अङ्क ३, पूर्णाङ्क २९१, फागुन २०६३) ।

कोइराला, तुलसीहरि, *उत्तरआधुनिकताको शल्यक्रिया,* **मधुपर्क** (वर्ष ४१,अङ्क २, पूर्णाङ्क ४६९,२०६५) ।

घिमिरे, रमण, *स्वनिर्णय अर्थात् सुकरातका पाइला,* **नेपाल साप्ताहिक,** (वर्ष ७,अङ्क २५, माघ २०६३) ।

जोशी, महानन्द, *आधुनिक नेपाली उपन्यास : धारा र प्रवृत्ति,* **गरिमा,** ( वर्ष २४,अङ्क ६ , पूर्णाङ्क २८२, जेठ २०६३) ।

वाग्ले,नारायण (सम्पादक) *म सानो छँदा,* **कान्तिपुर** (कोपिला) (कार्तिक १६, २०६४) ।

शर्मा, मोहनराज, *नौलो औपन्यासिक पाइलो : सुकरातका पाइला,* **गरिमा,** ( वर्ष २५,अङ्क४, पूर्णाङ्क २९२, चैत्र २०६३) ।

सुवेदी, पुरुषोत्तम, *सुकरातका पाइलाको मूल्य,* **मधुपर्क,** ( वर्ष ४१,अङ्क २,पूर्णाङ्क ४६९, २०६५) ।

**समाप्त**

# परिच्छेद : एक
# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **सुकरातका पाइला उपन्यासको कृतिपरक अध्ययन** रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि प्रस्तुत गरिएको हो ।

## १.३ विषय परिचय

नेपाली साहित्यका विविध विधामा कलम चलाएका गोविन्दराज भट्टराई सशक्त उपन्यासकार हुन् । उनले **मुगलान** (२०३१), **मणिपुरको चिठ्ठी** (२०३४) र **सुकरातका पाइला** (२०६३) गरेर तीनओटा उपन्यासहरू प्रकाशनमा ल्याएका छन् । गोविन्दराज भट्टराईका अन्य कृतिहरूमा **तीनधारा** (२०३५,सहलेखन) कथासङ्ग्रह, **एक्लै,एक्लै, एक्लै** (२०६०) र **विश्वविद्यालयमा अग्निपूजा** (२०६१) निबन्ध सङ्ग्रहहरू र **काव्यिक आन्दोलनको परिचय** (२०४९), **पश्चिमी बलैंसीका बाछिटा** (२०६१), **आख्यानको उत्तरआधुनिक पर्यावलोकन** (२०६१), **उत्तरआधुनिक ऐना** (२०६२) र **उत्तरआधुनिक विमर्श** (२०६४) गरी पाँचओटा समालोचनात्मक कृतिहरू प्रकाशित भएका छन् । पछिल्लो उपन्यास **सुकरातका पाइला** २०५० को दशकमा नेपालमा भएको सशस्त्र जनयुद्धको धरातलमा टेकेर तयार पारिएको छ । उक्त उपन्यासमा हत्या, हिंसा, आतङ्क, काटमार, अङ्गभङ्ग, म्यानपावर कम्पनीको ठगी, सुरक्षाकर्मी र आतङ्ककारीको दोहोरोमार, शैक्षिकक्षेत्रमा व्याप्त अराजगकता, इराकी आतङ्ककारीद्वारा बाह्र नेपालीको हत्या, दरबार हत्याकाण्ड आदिजस्ता सन्दर्भहरू उल्लेख गरिएका छन् । प्रस्तुत उपन्यासमा उपन्यासकार भट्टराईले जीवनजगत् बारे दार्शनिक दृष्टि पनि प्रस्तुत गरेका छन् । प्रस्तुत **सुकरातका पाइला** उपन्यासमा नवीन प्रयोगहरू भएका छन् । त्यसैले गोविन्दराज भट्टराई स्वयम् आनुसन्धेय व्यक्तित्व हुन् । उनका प्रत्येक कृतिहरू अनुसन्धेय छन् । तीमध्ये पछिल्लो औपन्यासिक कृति **सुकरातका पाइला** अनुसन्धानको लागि चयन गरिएको छ ।

## १.४ समस्याकथन

प्रस्तुत शोधपत्र **सुकरातका पाइला** उपन्यासको कृतिपरक अध्ययनमा आधारित छ । वि.स.२०६३ पुसमा प्रकाशित यो **सुकरातका पाइला** कृति विशेषतः नेपाली भूमिमा पचासको

दशकमा चलेको माओवादी द्वन्द्वको वर्णनमा केन्द्रित छ । **सुकरातका पाइला** उपन्यासमा प्रयुक्त नवीनताको खोजी, कथावस्तु, पात्र, उद्देश्य, सैद्धान्तिक धरातल, पर्यावरणमा देखिएका रचना कौशललाई विश्लेषण गर्ने काम यस शोधपत्रमा गरिनेछ । यिनै विविध विषयलाई प्रस्ट पार्नको लागि निम्नलिखित समस्याहरू प्रस्तुत गरिएका छन् :

क. गोविन्दराज भट्टराईको जीवनी के रहेको छ ?
ख. उपन्यासको सैद्धान्तिक परिचय के रहेको छ ?
ग. गोविन्दराज भट्टराईको उपन्यासकारिता कस्तो रहेको छ ?
घ. विविध कोणबाट **सुकरातका पाइला** उपन्यासको अध्ययन कसरी गर्न सकिन्छ ?
ङ. **सुकरातका पाइला** उपन्यासमा केकस्ता नवीन सैद्धान्तिक मान्यतालाई अवलम्बन गरिएको छ?
च. **सुकरातका पाइला** उपन्यासका उपन्यासकारका मूल प्रवृत्तिहरू के कस्ता रहेका छन् ?

यिनै समस्याहरूको समाधानतर्फ केन्द्रित रही यो शोधपत्र तयार गरिएको छ ।

## १.५ शोधकार्यका उद्देश्यहरू

समस्या कथनमा उठाइएका प्रश्नहरूमा केन्द्रित रही **सुकरातका पाइला** उपन्यासको स्पष्ट, सुव्यवस्थित एवम् वैज्ञानिक कृतिपरक अध्ययनमा केन्द्रित रहेर अध्ययन गरिने प्रस्तुत शोधपत्रका उद्देश्यहरू यसप्रकार रहेका छन् :

क. उपन्यासकार गोविन्दराज भट्टराईको जीवनीको अध्ययन र विश्लेषण गर्ने,
ख. उपन्यासका सैद्धान्तिक पक्षको अध्ययन गर्ने ,
ग. गोविन्दराज भट्टराईको उपन्यासकारिताको अध्ययन गर्ने,
घ. विविध कोणबाट **सुकरातका पाइला** उपन्यासको अध्ययन गर्ने,
ङ. **सुकरातका पाइला** उपन्यासमा प्रयोग भएका नवीन प्रयोगको पहिचान गर्ने,
च. **सुकरातका पाइला** उपन्यासका उपन्यासकारका मूल प्रवृत्तिहरू केलाउने ।

यिनै उद्देश्यहरूको परिपूर्तितर्फ यो शोधपत्र केन्द्रित रहेको छ ।

## १.६ पूर्वकार्यको विवरण

प्रसिद्ध उपन्यासकार तथा समालोचक गोविन्दराज भट्टराईद्वारा लिखित **सुकरातका पाइला** नवीन शैलीमा समसामायिक विषयवस्तु लिएर लेखिएको उपन्यास हो । वि.स. २०६३ पुसमा प्रकाशित उक्त उपन्यास चर्चाको शिखरमा रहे तापनि यसको बारेमा पर्याप्त अध्ययन र अनुसन्धान हुन बाँकी देखिन्छ । केही पत्रपत्रिकाहरूमा पुस्तक परिचय र केही साहित्यिक पत्रिकाहरूमा सामान्य समीक्षा बाहेक अन्य विस्तृत अनुसन्धान भएको पाइँदैन । उपन्यास **सुकरातका पाइला**का बारेमा हालसम्म भएका अध्ययन तथा अनुसन्धानहरूलाई कालक्रमिक रूपमा निन्नानुसार प्रस्तुत गरिएको छ :

दुर्गाप्रसाद भण्डारीले **सुकरातका पाइला** (२०६३) मा *शुभकामना* शीर्षकको भूमिकामार्फत ग्रिक दार्शनिक सुकरातको अलौकिक दीप्तिलाई तोडेर समसामयिक नेपालको शैक्षिक, सामाजिक र

राजनीतिक पर्यावरण सुहाउँदो परिवेशमा बिम्बको रूपमा प्रस्तुत गर्नुलाई भट्टराईको उत्तरआधुनिक ध्यौना भनेका छन् । उनले सुकरात गुरुको अवतरण एक प्रभावशाली बिम्बकै रूपमा भए पनि केही अर्थ र सान्दर्भिकता लिएर आएको हुनाले **सुकरातका पाइला** उपन्यासलाई विनिर्माणवादी उपन्यासको निकट राख्न सकिन्छ भन्ने विचार व्यक्त गरेका छन् ।

ज्ञानू पाण्डेले **सुकरातका पाइला** (२०६३) उपन्यासको *युद्ध साहित्यको एक उत्कृष्ट नमुना सुकरातका पाइला* शीर्षकको भूमिकामा उपन्यासभित्र समानान्तर रूपमा रहेका दुईओटा पक्ष पहिलो नेपालको पहिलो वर्तमान धरातलीय यथार्थ र दोस्रो पक्ष जीवनबारेको दार्शनिक दृष्टिकोण हो भन्दै पहिलो पक्ष दस वर्षदेखि चलिरहेको सशस्त्र द्वन्द्वको त्रासद कथा हो भने दोस्रो पक्ष त्यो कथाको आयु अनन्त छैन भन्ने आशावादी सन्देशको सञ्चार हो भनेर भनेकी छिन् । वर्तमानमा जस्तै दुःख बेहोर्नु परे पनि हरेकले भविश्यप्रति आशावादी बन्दै निष्ठापूर्ण जीवन बाच्न चुक्न हुन्न भन्ने लेखकीय दृष्टि रहेको कुरा व्यक्त गर्दै विवेच्य कृति **सुकरातका पाइला** युद्धसाहित्यको उत्कृष्ट नमुना हो भनेर भनेकी छिन् ।

**नेपाल साप्ताहिक** (वि.स.२०६३ माघ, वर्ष ७, अङ्क २५) को पृष्ठ ५० मा रमण घिमिरेले *स्वनिर्णय अर्थात् सुकरातका पाइला* शीर्षकको लेखमा उपन्यासकारले अस्तित्ववादको लगाम लगाएर मानिसको निर्णयकर्ता ऊ स्वयम् हो, अरू कोही होइन भनेका छन् र उपन्यासका नायक, नायिका र शीर्षकका पात्रलाई समेत अन्ततः यसै विचारका आधारमा भूमिका निर्वाह गराएका छन् भन्ने ठहर गरेका छन् । यसैका आधारमा यो उपन्यास **सुकरातका पाइला** नामकरण भएको हो भनेर आफ्नो विचार अभिव्यक्त गरेका छन् ।

**गरिमा** (२०६३ वर्ष २५,अङ्क ३,पूर्णाङ्क २९१) मा कुमार कोइरालाले *सुकरातका पाइलाः निरङ्कुशता र आतङ्कको दुखान्त कथा* शीर्षकको लेखमा यसलाई प्रतिरोध उपन्यास (रेजिस्टन्स नोभेल) भन्दै यसमा लोकतन्त्रविरोधी शासनसत्ता र राजनैतिक आतङ्कको सशक्त प्रतिरोध गरिएको छ भनेका छन् । यसले निरङ्कुश शासन व्यवस्था, हत्या, हिंसा, अराजकता, बेरोजगारी, विदेशपलायन, राजनैतिक अस्थिरता आदिको बौद्धिक, वैचारिक र दार्शनिक तहमा प्रतिकार गरेको हुनाले यसलाई प्रतिरोधको शक्तिशाली उपन्यास मानेका छन् । स्वतन्त्रता, लोकतन्त्र, आत्मनिर्भरता, अहिंसा, सुनिश्चितता, मानवीय मूल्यस्थापना आदिका लागि प्रतिरोध गरिएकोले यसको प्रतिरोध नकारत्मक नभएर सकारात्मक भएकाले यो विचारोत्तेजक बनेको कुरामा सहमति व्यक्त गरेका छन् ।

**गरिमा** ( वर्ष २५, अङ्क ४, पूर्णाङ्क **२९२,** २०६३) मा मोहनराज शर्माले *नौलो औपन्यासिक पाइलो : सुकरातका पाइला* शीर्षकको लेखमा यस कृतिमा द्वन्द्व एवम् युद्धको महागाथात्मक वर्णन गरेर वर्तमान मानवीय दुःख कष्टको पहाड खोस्रिने काम गरिएको बताउँदै नेपाली उपन्यासको क्षेत्रमा यसलाई नवीन उपलब्धि मानेका छन् ।

**मधुपर्क** (वर्ष ४१,अङ्क २, पूर्णाङ्क ४६९,२०६५) मा पुरुषोत्तम सुवेदीले *सुकरातका पाइलाको मूल्य* शीर्षकको लेखमा वि.सं. २०५१ मा माओवादी जनयुद्धको घोषणा भएपछिका

वर्षहरूमा नेपालका गाउँगाउँमा जातीय, क्षेत्रीय, धार्मिक र राजनीतिक चेतना अत्यन्त बढेको छ तर परिवर्तनको त्यो गणितभन्दा भट्टराईले विभिन्न पत्रपत्रिकामा आफ्नो स्तम्भलेखनका क्रममा धेरैपटक पोखेको विषयगत गुनासो, असहमति र आग्रहहरुलाई उपन्यासको रूपमा जोडजाड गरेर प्रस्तुत उपन्यासको निर्माण भएको छ भनी आलोचनात्मक टिप्पणी गरेका छन् ।

यसरी विभिन्न समालोचकहरुले प्रस्तुत कृति **सुकरातका पाइला**को बारेमा परिचयात्मक रुपमा सामान्य जानकारी गराए तापनि कृतिको विस्तृत विश्लेषण मूल्याङ्कन पर्याप्त मात्रामा चर्चा भएको देखिदैन । त्यसैले विवेच्य कृतिको शोधकार्य गरिएको छ ।

## १.७ शोधको महत्त्व र उपयोगिता

गोविन्दराज भट्टराईको उपन्यास **सुकरातका पाइला** अत्यन्त प्रयोगशील उपन्यास हो । यसले नेपाली समाजमा सुकरातको मार्गतर्फ सङ्केत गरेको छ । सुकरात विश्वभरि जसरी एउटा दार्शनिक प्राज्ञिक व्यक्तित्वको रुपमा परिचित छन् त्यस्तै नेपाली समाजमा त्यसलाई बिम्ब बनाई लेखिएको यो कृति नेपाली औपन्यासिक फाँटमा महत्त्वपूर्ण रहेको छ । अतः यस शोधपत्रमा कृतिको वैज्ञानिक एवम् सुव्यवस्थित मूल्याङ्कन र विश्लेषण गरिने हुनाले यसमा प्रयुक्त नवीन शैली र सिद्धान्त भावी पाठकहरूलाई धेरै मार्ग निर्देशक हुनेछ । त्यसै गरी साहित्यिक गतिविधिको मूल्याङ्कन गर्ने क्रममा भट्टराईको औपन्यासिक प्रवृत्तिको अध्ययन गर्न र स्थान निर्धारण गर्न पनि यसले सहयोग पुऱ्याउने हुँदा यस शोधकार्यको औचित्य तथा महत्त्व देखापर्छ ।

## १.८ शोधकार्यको क्षेत्र र सीमा

प्रस्तुत शोधपत्र **सुकरातका पाइला** उपन्यासको कृतिपरक अध्ययनमा मात्र सीमित रहेको छ । उपन्यासको कथावस्तु, पात्रविधान, आन्तरिक तथा बाह्य संरचना, शीर्षक प्रयोग, सैद्धान्तिक विषयवस्तुको विविध अध्ययन प्रस्तुत शोधपत्रमा गरिएको छ । उपन्यासकारको जीवनी र व्यक्तित्वको चर्चा गरिए पनि उनका अन्य कृतिहरूको चर्चा नगर्नु यस शोधको सीमा हो ।

## १.९ सामग्री सङ्कलन विधि

सामग्री सङ्कलनका लागि पुस्तकालयीय पद्धतिको अधिक प्रयोग गरी सम्बन्धित विषय सामग्री लेखिएका समालोचनात्मक कृति र पत्रपत्रिकाको आवश्यक अध्ययन गरी तथ्य सङ्कलन गरिएको छ । यस्तै यस उपन्यासको भूमिकाका अतिरिक्त अन्य पत्रपत्रिकामा गरिएका टिप्पणी, मन्तव्य, विवरणहरू अनि ती लेखसँग सम्वन्धित विद्वान् लेखकहरूका थप जानकारी सुझाव र सल्लाहलाई सहायक सामग्रीको रूपमा उपयोग गरिएको छ ।

## १.१० शोधविधि

शोधपत्रको लागि सङ्कलित सामग्रीको वर्गीकरण आगमनात्मक पद्धतिको प्रयोगद्वारा गरिएको छ । पुस्तकालयीय र क्षेत्रीय अध्ययन पद्धतिअन्तर्गतका विधिबाट सङ्कलित सामग्रीलाई कृतिपरक समलोचना पद्धतिलाई अनुसरण गरी ऐतिहासिक, वर्णनात्मक, विश्लेषणात्मक, तुलनात्मक अध्ययन गरिएको छ । उक्त कृतिको अध्ययन वर्णन गर्ने क्रममा सम्बन्धित विधाको बारेमा प्रचलित पूर्वीय तथा पाश्चात्य सिद्धान्तहरूको आधार लिएर अध्ययन गरिएको छ । यस सिलसिलामा उपन्यास विधाका तत्त्व**हरू**का आधारमा पनि आवश्यकतानुसार विश्लेषण गरिएको छ ।

## १.११ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रका संरचनालाई सुसङ्गठित र सुव्यवस्थित रूपमा तयार पार्न निम्न लिखित छ परिच्छेदहरूमा वर्गीकरण गरी आवश्यकतानुसार तिनलाई पनि विभिन्न शीर्षक र उपशीर्षकहरूमा बाँडिएको छ । प्रस्तुत शोधपत्रको सामान्य ढाँचा निम्नानुसार रहेको छ :

| | | |
|---|---|---|
| परिच्छेद एक | : | शोधपरिचय |
| परिच्छेद दुई | : | गोविन्दराज भट्टराईको जीवनी व्यक्तित्व र कृतित्वको सङ्क्षिप्त अध्ययन |
| परिच्छेद तीन | : | उपन्यासको सैद्धान्तिक परिचय |
| परिच्छेबद चार | : | गोविन्दराज भट्टराईको औपन्यासिक यात्रा र प्रवृत्तिहरू |
| परिच्छेद पाँच | : | विविध कोणबाट **सुकरातका पाइला** उपन्यासको अध्ययन |
| परिच्छेद छ | : | उपसंहार |

प्रस्तुत शोधपत्रको पहिलो मूलखण्डमा विभिन्न शीर्षकहरू शोधशीर्षक, शोधकार्यको प्रयोजन, विषय परिचय, समस्याकथन, शोधकार्यका उद्देश्यहरू, पूर्वकार्यको विवरण, शोधको महत्त्व र उपयोगिता, शोधकार्यको क्षेत्र र सीमा, सामग्री सङ्कलन विधि, शोधविधि र शोधपत्रको रूपरेखा दिइएको छ ।

यस शोधपत्रको द्वितीय खण्डमा उपन्यासकार गोविन्दराज भट्टराईको जन्म, बाल्यावस्था, शिक्षादीक्षा, पारिवारिक स्थिति, स्वभाव, रुचि, व्यक्तित्व, जीवनदर्शन तथा उनका औपन्यासिक कृतिहरूको बारेमा चर्चा गरिएको छ ।

प्रस्तुत शोधपत्रको तेस्रो खण्डमा उपन्यासको सैद्धान्तिक परिचयअन्तर्गत उपन्यासको परिभाषा, उपन्यासका तत्त्वहरू साथै आधुनिक नेपाली उपन्यासपरम्परा र त्यसमा देखिएका विभिन्न चरणहरू प्राथमिककाल, माध्यमिककाल र आधुनिककालको चर्चा गरिएको छ । साथै यी चरणहरूमा देखिएका विविध धाराहरूको चर्चा गरिएको छ ।

यस शोधपत्रको चौथो खण्डमा उपन्यासकार गोविन्दराज भट्टराईको औपन्यासिक यात्रा, उनका उपन्यासहरूमा भेटिएका प्रवृत्तिहरू तथा नेपाली उपन्यास साहित्यमा उनको स्थानको बारेमा चर्चा गरिएको छ ।

प्रस्तुत शोधपत्रको पाँचौ खण्ड विवेच्य कृति **सुकरातका पाइलाको** विश्लेषणमा केन्द्रित रहेको छ । यस खण्डमा सुकरातका पाइला उपन्यासको अन्तर्वस्तु, पात्रविधान, परिवेश चित्रण, पर्यावरण, दृष्टिबिन्दु, भाषाशैलीको चर्चा गर्नुका साथै उपन्यासभित्र निहित विविध प्रवृत्तिहरू उत्तरआधुनिकवादी प्रवृत्ति, युद्ध साहित्यको प्रयोग, विसङ्गतिवादी-अस्तित्ववादी प्रवृत्ति, सामाजिक यथार्थवादी प्रवृत्ति र शीर्षक सार्थकताका विषयमा चर्चा गरिएको छ ।

उपसंहार खण्डमा **सुकरातका पाइला** उपन्यासको अध्ययनको निष्कर्षलाई प्रस्तुत गरिएको छ । अन्त्यमा यस शोधपत्र तयार पार्दा लिइएका विभिन्न लेखकका विभिन्न पुस्तक र पत्रपत्रिकाहरूको सन्दर्भसूची दिइएको छ ।

यसरी शोधको पूर्वभाग, मध्यभाग र अन्त्य भाग गरी सर्वाङ्गपूर्ण शोधपत्र प्रस्तुत गरिएको छ ।

# परिच्छेद : दुई
# उपन्यासकार गोविन्दराज भट्टराईको जीवनी

## २.१ जन्म र जन्मस्थान

गोविन्दराज भट्टराईको जन्म मेची अञ्चलअन्तर्गत पाँचथर जिल्लाको फलैँचा गा.वि.स.मा वि.सं. २०१० चैत्र ४ गतेका दिन भएको थियो । उनका पिता टेकनाथ भट्टराई र माता मन्दोदरा हुन् भने उनका दाजुहरू तुलसीप्रसाद र कमलराज हुन् । साँहिला छोराको रूपमा जन्मिएका गोविन्दराज भट्टराईका बहिनीहरू पद्मा, चन्द्रा, गंगा, माधवा र शशी रहेका छन् भने भाइहरू क्रमशः ईश्वरी, नारायण, खगेन्द्र र देवेन्द्र रहेको जानकारी पाइन्छ ।[१]

## २.२ बाल्यकाल

भट्टराईको बाल्यकाल जन्मस्थान पाँचथर जिल्लाको फलैँचा, च्याङ्थापु र ताप्लेजुङ् जिल्लाको सिकैजा, फावाखोलाका विभिन्न स्थानहरूमा बितेको पाइन्छ ।[२] आर्थिक अवस्थाको उपयुक्त ठाउँ खोज्दै हिँडेको उनको परिवार २०१७ देखि २०२३ सम्म च्याङ्थापुमा बस्यो र त्यो सात वर्षको अवधि उनको लागि महत्त्वपूर्ण रहेको थाहा पाइन्छ ।[३] भट्टराई बाल्यकालमा साथीहरूलाई भेला गरी घाङ्लात्ती, भेडीगाँठो, फालहाल्ने, पौँठेजोरी, नङ्छिरीजस्ता खेलहरू खेल्थे भन्ने जानकारी पाइन्छ ।[४] उनले हिउँदमा खेतका खाली गरामा गोरु जुधाएर मजा लिने गरेको पनि ज्ञात हुन्छ ।[५]

## २.३ शिक्षादीक्षा

### २.३.१ अक्षरारम्भ र प्राथमिक शिक्षा

गोविन्दराज भट्टराईले आफ्नै हजुरबा शिवनिधि भट्टराईबाट ६ वर्षको उमेरमा अक्षरारम्भ गरेका थिए ।[६] आठ वर्षको उमेरमा २०१८ भदौमा उनलाई पिताजीले गढीको हरिमिडिल स्कुलमा कक्षा एकमा भर्ना गरिदिएका थिए ।[७] कक्षा दुईमा पुगेपछि उनी पढ्नमा तेज निस्किएपछि दुईबाट चार कक्षा चढेपछि पनि फेरि पाँचबाट कक्षा चढेर सातमा पुगेका थिए ।[८] पितासँग झाँपा झर्नुअघि

---

१.वीरेन्द्र नेपाल, **गोविन्दराज भट्टराईको जीवनी, व्यक्तित्व र कृतित्व** ( अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, २०६४,) पृष्ठ ७ ।

२. नारायण वाग्ले, (सम्पादक) *म सानो छँदा* **कान्तिपुर** दैनिक, कार्तिक १६, २०६४ ।

३. पूर्ववत् ।

४. पूर्ववत् ।

५. पूर्ववत् ।

६. पूर्ववत्।

७. पूर्ववत् ।

८. पूर्ववत् ।

२०२३ सालसम्म उनले यही क्रममा समय बिताउँदै निम्न माध्यमिक तहसम्मको अध्ययन पूरा गरेको देखिन्छ ।[९]

## २.३.२ माध्यमिक तहको शिक्षा

सात कक्षासम्मको पढाइ सकेपछि हरिमिडिल स्कुलमा उनको  पढाइ सिद्धियो र २०२३ साल फागुनमा ठूलो कुम्लो भिरेर बाबुसँग पाँच/छ दिन हिँडेपछि झापाको गौरादह पुगेको पाइन्छ ।[१०] मामा चूडामणि मिश्रले त्यहाँ उनलाई घैलाडुब्बा हाइस्कुलको कक्षा ८ मा भर्ना गरिदिएका थिए ।[११] घैलाडुब्बा स्कुलमा दाताराम गुरुको काखमा पुगेका भट्टराईले २०२६ सालमा १६ वर्षको उमेरमा द्वितीय श्रेणीमा प्रवेशिका तह उत्तीर्ण गरेका थिए । उक्त विद्यालयले उनलाई छात्रवृत्तिसमेत उपलब्ध गराएको  बुझिन्छ ।[१२]

## २.३.३ उच्चतहको शिक्षा

प्रवेशिका उत्तीर्ण गरेपछि भुटान पुगेर दुई वर्ष अध्यापन पेसामा लागेका भट्टराई केही पैसा कमाई अध्ययनका लागि दाजुहरू भएको ठाउँ बनारसमा गएका थिए ।[१३] भट्टराईले २०२९ सालमा माध्यमिक शिक्षा परिषद् उत्तरप्रदेशबाट द्वितीय श्रेणीमा आई.ए. उत्तीर्ण गरेको देखिन्छ ।[१४] २०२९ सालको अन्त्यतिर भट्टराई भारतबाट काठमाडौं आई बि.एड. मा भर्ना भए ।[१५] अंग्रेजी र अर्थशास्त्र विषय लिएर  भट्टराईले  २०३१ सालमा द्वितीय श्रेणीमा बि.एड. उत्तीर्ण गरेका थिए ।[१६] राधिका मा.वि. उर्लाबारी, झापामा अध्यापनकै क्रममा रहेका बेलामा भट्टराईले व्यक्तिगत रूपमै त्रि.वि.बाट द्वितीय श्रेणीमा बि.ए. उत्तीर्ण गरेका थिए ।[१७] २०३५ सालमा कीर्तिपुर फर्की पुनः अध्ययन गर्न थालेका भट्टराईले २०३७ सालमा अंग्रेजी विषयमा एम.एड. र एम.ए. द्वितीय श्रेणीमा सँगसँगै उत्तीर्ण गरेका थिए ।[१८] २०५१ सालमा त्रि.वि. कीर्तिपुरमा प्राध्यापन गर्ने क्रममा उनलाई त्रि.वि.बाट विद्यावारिधिका लागि छात्रवृत्ति प्राप्त भयो ।[१९] विद्यावारिधिको सिलसिलामा भट्टराई वि.सं.२०५१ सालमा भारतको हैदरावाद विश्व विद्यालयमा अनुवादको निमित्त खुलेको सेन्टर फर अप्लाइड लिङ्गुइस्टिक्स एन्ड ट्रान्सलेसन स्टडिज् नामक विभागमा भर्ना भएका थिए ।[२०]

---

९. नारायण वाग्ले, पूर्ववत् ।
१०. पूर्ववत् ।
११. वीरेन्द्र नेपाल, पूर्ववत्, पृष्ठ ७ ।
१२. पूर्ववत्, पृष्ठ ८ ।
१३. पूर्ववत्, पृष्ठ ८ ।
१४. पूर्ववत्, पृष्ठ ८ ।
१५. पूर्ववत्, पृष्ठ ८ ।
१६. पूर्ववत्, पृष्ठ ८ ।
१७. पूर्ववत्, पृष्ठ ८ ।
१८. पूर्ववत्, पृष्ठ ९ ।
१९. पूर्ववत्, पृष्ठ ९ ।
२०. पूर्ववत्, पृष्ठ ९ ।

वि.सं.२०५१ देखि २०५४ सालसम्म अध्ययन गरी **नेपाली कविताको अङ्ग्रेजी अनुवाद** शीर्षकमा उनले विद्यावारिधि उपाधि हाँसिल गरेको देखिन्छ ।[२१]

## २.३.४ पारिवारिक स्थिति र आजीविका

भट्टराईको शुभ विवाह २०३८ साल पुसमा २८ वर्षको उमेरमा धनकुटा निवासी अञ्जना वस्तीसँग भएको थियो ।[२२] त्रि.वि.को शिक्षाशास्त्र संङ्कायअन्तर्गत अंग्रेजी शिक्षा विभागमा प्राध्यापनरत अन्जनाले भारतको हैदरावाद विश्वविद्यालयबाटै **पेडागोजिक ग्रामर अफ् इङ्लिस एन्ड नेपाली भर्व फ्रेजेज** शीर्षकमा विद्यावारिधि उपाधि हासिल गरेकी छिन् ।[२३] गोविन्द र अन्जनाका दुई छोरीहरू सेवा र ऋचा जन्मिएका छन् । सेवा वि.सं. २०४२ सालमा जन्मिएकी हुन् भने ऋचाको जन्म वि.सं.२०४४ सालमा भएको हो ।[२४]

गोविन्दराज भट्टराईको जन्म निम्नमध्यमस्तरीय परिवारमा भएको थियो ।[२५] पहाडमा उब्जाउ जमिन कम भएकोले जीवनयापन सहज बनाउन भट्टराईका पिताले २०२३ सालमा झापा जिल्लाको दमकमा आफ्नो परिवारलाई बसाइँ सारेका थिए ।[२६] उनका पिताले केही जमिन खरिद गरी कृषि व्यवसाय साथसाथै पण्डित्याइँ गरी आफ्नो परिवारको गुजरा चलाएका थिए ।[२७] प्रवेशिका उत्तीर्ण गरेर अध्यापन पेसा र पढाइलाई सँगसँगै अगाडि बढाएका भट्टराईको वर्तमानको आर्थिक अवस्था सन्तोषजनक नै रहेको छ ।[२८] श्रीमान् र श्रीमती दुवै त्रि.वि. अन्तर्गत अंग्रेजी विभागमा प्राध्यापन पेसामा रहेकाले उनीहरूको आर्थिक अवस्था मजबुत रहन गएको हो ।[२९] उनीहरूले वर्तमान समयमा दुई जनाको कमाइले कीर्तिपुर नगरपालिका स्थित वार्ड नं. २ मा २०५८ सालमा लगभग आठआना जग्गा खरिद गरी दुई तलाको पक्की घर निर्माण गरी बसोबास गरेका छन् ।[३०] हाल उनका कान्छा भाइ देवेन्द्रसहित पाँच जनाको परिवार छ ।[३१] देवेन्द्रको आयआर्जन पनि उनीहरूको आर्थिक क्रियाकलापमा समावेश भएको छ ।[३२] भट्टराई परिवारको काठमाडौंजस्तो साधनसम्पन्न स्थानमा सजिलोसँग जीवनयापन भइरहेको देखिन्छ ।[३३]

---

२१. वीरेन्द्र नेपाल, पूर्ववत्, पृष्ठ ९ ।
२२. पूर्ववत्, पृष्ठ ९ ।
२३. पूर्ववत्, पृष्ठ ९ ।
२४. पूर्ववत्, पृष्ठ ९ ।
२५. पूर्ववत्, पृष्ठ १० ।
२६. पूर्ववत्, पृष्ठ १० ।
२७. पूर्ववत्, पृष्ठ १० ।
२८. पूर्ववत्, पृष्ठ १० ।
२९. पूर्ववत, पृष्ठ १० ।
३०. पूर्ववत्, पृष्ठ १० ।
३१. पूर्ववत्, पृष्ठ १० ।
३२. पूर्ववत्, पृष्ठ १० ।
३३. पूर्ववत्, पृष्ठ ११ ।

## २.३.५ स्वभाव तथा रुचि

गोविन्दराज भट्टराई अन्तर्मुखी स्वभावका व्यक्ति हुन् । साहित्यको सृजनामार्फत् आफ्ना जीवनका अनुभूतिहरूलाई बाहिर ल्याउँछन् ।[३४] भट्टराई मृदुभाषी, मिलनसार, दयालु र परोपकारी भावना भएका व्यक्तित्व हुन् । आफ्ना घरमा आएका मानिसहरूलाई मसिनो स्वरमा सोधखोज गर्ने र आफूले सक्दो सहयोग हार्दिकतापूर्वक गर्ने उनको बानी रहेको छ ।[३५] बोल्दा केही गमेर तथा विचार पुऱ्याएर बोल्ने भट्टराई विवादबाट टाढै रहन चाहन्छन् । बोल्दा खेरी केही हाँसेर बोल्ने भट्टराई साँच्चिकै शिष्टता, भद्रता र विनयशीलताका प्रतिमूर्ति मानिन्छन् ।[३६]

गोविन्दराज भट्टराईका रुचिका मुख्य क्षेत्रहरूमा साहित्य, प्राध्यापन र प्रशासन सेवा पर्दछन् । साहित्यिक कृतिहरूको रचना गर्नु तथा देश विदेशका समसामयिक विषयको मूल्याङ्कन गरी विश्लेषण गर्न रुचि राख्ने भट्टराईले गुणात्मक साहित्यरचनालाई जोड दिएको पाइन्छ ।[३७] समसामायिक विषयलाई साहित्यसँग गाँस्दै निबन्ध रचना गर्न मन पराउने भट्टराई साहित्यले समाज परिवर्तन गर्नुपर्छ भन्ने मान्यता राख्दछन् । विशेष गरेर पाश्चात्य साहित्यमा देखिएका नयाँनयाँ वादहरूलाई नेपाली साहित्यमा प्रवेश गराउन तथा विश्लेषण गर्न उनी बढी अग्रसर देखिन्छन् ।

युवा अवस्थामा निकै पिरो, अमिलो अचार खान मन पराउने भट्टराई वर्तमानमा भने साधारण खाना खान मन पराउने गरेको ज्ञात हुन्छ ।[३८] शारीरिक स्वास्थ्यमा ध्यान दिने भट्टराई विशेष प्रकारका लुगाभन्दा सामान्य सजिलो खाले लुगाहरू लगाउन मन पराएको थाहा पाइन्छ ।[३९] देशविदेशको भ्रमणको क्रममा देशको तर्फबाट प्राज्ञिक-बौद्धिक उपस्थिति जनाउनु उनको रुचि रहेको देखिन्छ ।[४०]

## २.३.६ भ्रमण

गोविन्दराज भट्टराई विदेश तथा स्वदेशका विभिन्न भूभागको भ्रमण गरिसकेका देखिन्छन् । देशको प्राज्ञिक तथा प्रबुद्ध व्यक्तिका रूपमा चिनिइसके पछि यिनले प्राज्ञिक उद्देश्य लिई विभिन्न कार्यशाला, गोष्ठी, सेमिनार तथा भाषिक, सांकृतिक अध्ययनअनुसन्धानका लागि देशका विभिन्न महत्वपूर्ण स्थानहरूमा भ्रमण गरेको देखिन्छ ।[४१] गोविन्दराज भट्टराई देशबाहिर सर्वप्रथम अध्यापनको सिलसिलामा २०२६ सालमा भुटान पुगेका थिए ।त्यहाँ उनले दुई वर्ष अध्यापन कार्य गरेका थिए ।[४२]

---

३४. वीरेन्द्र नेपाल, पूर्ववत्, पृष्ठ ११ ।
३५. पूर्ववत्, पृष्ठ ११ ।
३६. पूर्ववत्, पृष्ठ १२ ।
३७. पूर्ववत्,पृष्ठ १२ ।
३८. पूर्ववत्,पृष्ठ १२ ।
३९. पूर्ववत्,पृष्ठ १२ ।
४०. पूर्ववत्,पृष्ठ १२ ।
४१.पूर्ववत्,पृष्ठ १४ ।
४२.पूर्ववत्,पृष्ठ १५ ।

अध्ययनकै क्रममा २०२८ सालमा भारतको बनारस र २०५२ सालमा भारतकै हैदरावाद गएका थिए ।[४३] त्यस्तै नेल्टाको तत्त्वावधानमा २०६० सालमा पाकिस्थान र २०६२ सालमा अमेरिकाको भ्रमण गरेको देखिन्छ ।[४४] त्रि.वि.को कार्यक्रम अर्न्तगत २०६३ सालमा भट्टराई ग्रीस र युरोपका केही भागको भ्रमण गरेका थिए ।[४५]

## २.३.७ सम्मान तथा पुरस्कार

गोविन्दराज भट्टराई सम्मान, पुरस्कार र पदकबाट पनि सम्मानित भएका छन् । उनले जेसिस युवा पुरस्कार (२०४४), महाकवि आख्यान पुरस्कार (२०६३) र अन्तर्राष्ट्रिय नेपाली साहित्य पुरस्कार (२०६४) प्राप्त गरेका छन् ।

## २.३.८ जीवनदर्शन

गोविन्दराज भट्टराई सादा जीवन उच्च विचार लिएर जीवनयापन गर्नुपर्दछ भन्ने दर्शनबाट प्रभावित छन् । उनले मानिसले आफ्नो भाग्य आफैँ बनाउनुपर्छ भन्ने मान्यता राख्छन् । मानवले आशा नगरी कुनै क्षेत्रमा सङ्घर्ष गर्‍यो भने अवश्य आफ्नो लक्ष्यमा पुग्दछ, अप्ठ्याराहरूको सामना गर्दै गएमा एकदिन सफल भइन्छ भन्ने धारणा राख्ने भट्टराईमा गीताको निष्काम कर्मयोगको योगको प्रभाव पाइन्छ । सधैँ साहित्यको चिन्तन गरेमा  साहित्यको अध्ययन र विश्लेषण गर्न सकिन्छ भन्ने उनको धारणा रहेको पाइन्छ ।[४६] स्वतन्त्रता र राष्ट्रप्रेम भट्टराईको राजनीतिक अभीष्ट हो । साहित्यमा राष्ट्रियताको अभिव्यक्ति भएको हुनुपर्छ भन्ने भट्टराईका प्रत्येक अभिव्यक्ति र चिन्तनमा राष्ट्रवाद मुखरित भएको देखिन्छ ।[४७] संस्कृतिलाई जीवनको परिवर्तनशील तत्त्व मान्ने भट्टराईले आजको समयलाई अनेक संस्कृति घुलमिल भएको समय मान्दै उनले भनेका छन्, “एउटै तत्त्व, एउटै संस्कृति, एउटै संस्कारभन्दा अनेक तत्त्व, अनेक संस्कृति, अनेक चिन्तन र संस्कारहरूलाई हामीले आत्मसात् गरेर अगाडि बढ्नु पर्दछ ।”[४८]

समग्रमा उनको विचार जीवनसम्बन्धी सबै किसिमका दृष्टिकोण अटाउन सक्ने खालको देखिन्छ, साथै सकारात्मक मान्यताले प्रेरित देखिन्छ । उनी हरेक मान्छेलाई उसको मौलिक गुण र विशेषताका आधारमा भिन्न रूपमा चिन्नुपर्दछ भन्ने मान्यता राख्दछन् ।[४९]

४३. वीरेन्द्र नेपाल, पूर्ववत्,पृष्ठ १५ ।
४४. पूर्ववत्,पृष्ठ १५ ।
४५. पूर्ववत्,पृष्ठ १५ ।
४६. पूर्ववत्,पृष्ठ १५ ।
४७. पूर्ववत्,पृष्ठ १५ ।
४८. पूर्ववत्,पृष्ठ १६ ।
४९. पूर्ववत्,पृष्ठ १७ ।

## २.४ गोविन्दराज भट्टराईको व्यक्तित्व

मानिसका जीवनमा स्वभाविक रूपमा आइपर्ने आरोह-अवरोह, दुःख-सुख, क्रिया-प्रतिक्रियाबाट उसको व्यक्तित्व निर्धारण भएको हुन्छ । व्यक्तित्व निर्माणमा घर परिवार, समाज, संस्कृति, रहनसहन, शिक्षा-दीक्षा आदि कुराहरूले महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । व्यक्तित्वलाई आन्तरिक र बाह्य गरी दुई भागमा बाढ्न सकिन्छ । आन्तरिक व्यक्तित्वअन्तर्गत मानिसमा अन्तर्निहित गुण र उसले जीवनमा गरेका महत्त्वपूर्ण कार्य पर्दछन् भने बाह्य व्यक्तित्वअन्तर्गत मानिसको रूप, रङ्ग र शारीरिक बनावटसँग सम्बन्धित हुन्छ ।

गोविन्दराज भट्टराई नेपाली भाषा र साहित्यको क्षेत्रमा गौरवशाली व्यक्तित्वका रूपमा स्थापित छन् । उनको व्यक्तित्वका विविध पक्षलाई तल चर्चा गरिन्छ ।

### २.४.१ बाह्य व्यक्तित्व

बाह्य व्यक्तित्व विशेष गरेर कुनै पनि व्यक्तिको बाहिरी आवरणमा निर्भर गर्दछ । उसको रूप, रङ्ग, बनौट एवम् शारीरिक व्यक्तित्वसँग सम्बन्धित हुन्छ । गोविन्दराज भट्टराईको गहुँगोरो  वर्ण, हिसी परेको अनुहार, न मोटो न दुब्लो ठिक्कको मझौला कद भएको शरीर, गोलाकार नाक, ठूलो निधार, केही ठूला कान, तालुमा केस नभएको गम्भीर मुखाकृति, मसिनो बोली, खाइलाग्दो चिटिक्क परेको निकै आकर्षक र प्रभावकारी व्यक्तित्व देखिन्छ । कुनै पनि व्यक्तिलाई सहज रूपमा आकर्षण गर्न सक्ने गुण उनको शारीरिक बनोटमा पाइन्छ ।[५०] वर्तमान समयमा भट्टराईका कपालका रौँहरू फुलेका देखिन्छन् । खानपिनमा विशेष ध्यान दिने भट्टराईमा सामान्य ज्वरो, रुघा, खोकी आदिजस्ता रोगहरू केही दिन लागे तापनि कुनै गम्भीर रोग भने नलागेको पाइन्छ ।[५१]

### २.४.२ आन्तरिक व्यक्तित्व

कुनै पनि व्यक्तिमा अन्तर्निहित क्षमतालाई आन्तरिक व्यक्तित्व भनिन्छ । जसमा उसको गुण स्वभाव र उसले जीवनमा गरेका समग्र महत्त्वपूर्ण कामहरू पर्दछन् । मूलतः गोविन्दराज भट्टराईलाई साहित्यिक व्यक्तित्वका रूपमा चिनिन्छ । साहित्यबाहेक पनि भट्टराई विविध क्षेत्रमा काम गरेर आफ्नो छविलाई उच्च राख्न सफल भएका छन् । विविध क्षेत्रमा पुऱ्याएको योगदानका कारण उनको व्यक्तित्व बहुआयामिक बन्न पुगेको छ । गोविन्दराज भट्टराईको व्यक्तित्वलाई विभिन्न  पाटाहरूमा विभाजन गरेर हेर्न सकिन्छ ।

५०. वीरेन्द्र नेपाल, पूर्ववत्, पृष्ठ ३३ ।
५१. पूर्ववत्, पृष्ठ ३३ ।

## २.४.२.१ उपन्यासकार व्यक्तित्व

गोविन्दराज भट्टराईले २०३१ सालमा **मुगलान** उपन्यास छपाएर आफूलाई उपन्यासकारको दर्जामा राख्न सफल भएका छन् । उनले **मणिपुरको चिट्ठी** (२०३४) र **सुकरातका पाइला** (२०६३) गरी जम्मा तीनवटा उपन्यास रचना गरेका छन् । उनका उपन्यासमा विशेष गरी सामाजिक यथार्थवाद, स्वच्छन्दतावाद र उत्तरआधुनिक चिन्तन पाइन्छ ।

**मुगलान**मा उपन्यासकार भट्टराईले प्रवासी नेपालीहरूको पीडालाई यथार्थ रूपमा चित्रण गरेका छन् । **मुगलान**मा प्रवासमा नेपालीहरुले भोगेको दुःख र कष्टलाई कारुणिक रुपमा चित्रण गरिएको छ । नयाँनयाँ सपना र इच्छा आकाङ्क्षा बोकेर विदेशिएका नेपालीहरू एक पेट राम्रोसँग खान नपाएर मर्नुपर्ने यथार्थलाई उपन्यासले देखाएको छ । उपन्यासले रोजीरोटीको खोजीमा भारत, भुटान, बर्माजस्ता देशमा पुगेका नेपालीको वास्तविक स्थितिलाई उजागर गरिदिएको छ ।

**मणिपुरको चिट्ठी** प्रगतिशील उपन्यास हो । यस उपन्यासमा नेपाली नारीले पुरुषबाट हेपिनु पर्दाको पीडालाई देखाउन खोजिएको छ । छुवाछुत, अन्धविश्वास र रूढिवादी परम्परालाई मान्दै आएको नेपाली समाजमा पुरुषले नारीमाथि गर्ने अत्याचार, समाजमा तल्लो जातका मानिसलाई गरिने व्यवहार आदि जस्ता कुराहरूलाई उपन्यासले देखाउन खोजेको छ ।

नेपालको दशवर्षे जनयुद्धको पृष्ठभूमिमा तयार पारिएको **सुकरातका पाइला** उपन्यासमा विनिर्माणवादी शैली तथा उत्तरआधुनिकवादी चिन्तन पाइन्छ । उपन्यासमा नेपालको राजनैतिक अस्थिरता तथा माओवादी जनयुद्धले देशको अवस्था जर्जर बनेको यथार्थतालाई देखाइएको छ । वैदेशिक रोजगारमा लाग्नु पर्ने बाध्यता, म्यानपावर कम्पनीको ठगी, युवाहरूको दुर्दशा, त्रि.वि.को विद्यार्थी राजनीतिमा देखिएको विसङ्गति, युद्धका कारण नेपाली समाजले भोग्नु परेका कहालीलाग्दा दृश्यजस्ता कुराहरूलाई उपन्यासको विषयवस्तु बनाइएको छ ।

## २.४.२.२ निबन्धकार व्यक्तित्व

गोविन्दराज भट्टराई २०३२ सालदेखि निबन्ध लेखन कार्यमा लागेको पाइन्छ । भट्टराई वर्तमान समसामयिक परिवेशका सशक्त निबन्धकार हुन् । अन्य विधाभन्दा निबन्ध बिधामा उनको बढी झुकाव पाइन्छ । उनको पत्रिकामा प्रकाशित पहिलो निबन्ध **हाय गरिबी** (उषा,७/२/२०३२) हो ।[५२] भट्टराईले दुईवटा निबन्ध सङ्ग्रह **एक्लै, एक्लै, एक्लै** (२०६०) र **विश्वविद्यालयमा अग्निपूजा**(२०६१) प्रकाशित गरेका छन् । भट्टराई कान्तिपुर दैनिकका स्तम्भकार हुन् । विशेष गरेर कान्तिपुर र अन्य विविध पत्रिकाहरूमा उनका प्रशस्त प्रबन्धात्मक लेखहरू प्रकाशित भएका छन् ।

---

५२. वीरेन्द्र नेपाल पूर्ववत्, पृ. ३५ ।

भट्टराईले आफूलाई समसामयिक नेपाली निबन्धका प्रखर प्रयोक्ताका रूपमा स्थापित गराएको पनि देखिन्छ । भित्र वैचारिक गाम्भीर्यको सागर लहराउने र बाहिर हास्यव्यङ्ग्यको लेपले सतही जमिनजस्ता देखिने उनका निबन्ध प्रयोगपरकता र नवीनताले गर्दा वर्तमान नेपाली निबन्धका उदाहरण बनेका छन् ।[५३] प्रायजसो गोविन्दराज भट्टराईले भ्रमणका समयमा गरेका अनुभव अनुभूति, त्यहाँको सामाजिक, सांस्कृतिक, भौगोलिक, आर्थिक राजनीतिक आदि विषयहरूको चर्चा तथा त्यसमा देखिएका विकृति र विसङ्गतिको चर्चा गरेको पाइन्छ ।

## २.४.२.३ कथाकार व्यक्तित्व

गोविन्दराज भट्टराईले सर्वप्रथम २०३१ सालमा **नदीका दुई किनार** शीर्षकको कविता गोरखापत्रमा प्रकाशित गरी लेखन कार्य सुरु भएको देखिन्छ । भट्टराईको **तीनधार** संयुक्त  कथासंग्रह (२०३५सह लेखन) प्रकाशित भएको देखिन्छ । बहुआयामिक प्रतिभाशाली भट्टराईले नेपाली आख्यानको क्षेत्रमा यथार्थवादी सौन्दर्यचेतना प्रस्तुत गर्ने काम गरेका छन् ।

## २.४.२.४ कवि व्यक्तित्व

गोविन्दराज भट्टराईले आफ्नो साहित्यिक यात्रा कविताबाट नै प्रारम्भ गरेका थिए । उनका पाँचवटा मात्र प्रकाशित कविता **मेरो एन.जि.ओ र मेरो देश** (सञ्चार,२०३५) **तिमीलाई पर्खिरहेँ** (श्रीपेच०१/०१/२०३६) **आधुनिक शिष्यको गुरुलाई अर्ति** (रकेट ७/४/२०४४) **आऊ प्रिये तिमी हामी मुर्चल बनौं**, (रकेट ९/५/२०४६) र **एक प्रेमपत्र धरानलाई** (रकेट ९/६/२०४९) रहेका छन् ।[५४]

## २.४.२.५ समालोचक व्यक्तित्व

गोविन्दराज भट्टराई नेपाली समालोचना साहित्यका एक सशक्त व्यक्तित्व हुन् । उनका केही समालोचनात्मक कृतिहरू प्रकाशित भएका हुन् । **काव्यिक आन्दोलनको परिचय** (वि.सं.२०४९) आख्यानको **उत्तरआधुनिक पर्यावलोकन,** (वि.सं.२०६१) **पश्चिमी बलैंसीका बाछिटा** (वि.सं.२०६१) **उत्तरआधुनिक ऐना** (वि.सं.२०६२) र **उत्तरआधुनिक विमर्श** (२०६४) जस्ता महत्त्वपूर्ण समालोचनात्मक कृतिहरू रहेका छन् । यी बाहेक उनका थुप्रै समालोचनात्मक लेखहरू विभिन्न पत्रपत्रिकाहरूमा छरिएर रहेका छन् । भट्टराई नेपाली समालोचनालाई आधुनिकता, नवीनता , उत्तरआधुनिकता र प्रयोगवादका कोणबाट अध्ययन गर्ने समालोचक हुन् । पाश्चात्य आधुनिक र उत्तरआधुनिक समालोचनालाई अपरम्परित र नवीन बनाउने कार्यमा समर्पित भएर लागेका हुन् । भट्टराई 'अब हाम्रो र विश्वको लेखनमा शब्दको मात्रै भेद बाँकी रहन्छ, लेखन टेक्निक र जीवनदर्शनमा फरक छैन'[५५] भन्दछन् । भट्टराईले  नेपाली  समालोचना  साहित्यलाई नयाँ गति दिने

---

५३. कुमार कोइराला, *गरिमा साक्षात्कार,* (गोविन्दराज भट्टराईसँग) **गरिमा** (वर्ष २४, अङ्क ९, पूर्णाङ्क २८५) पृष्ठ १०८ ।

५४. वीरेन्द्र नेपाल, पूर्ववत्, पृष्ठ ४१ ।

५५. कुमार कोइराला, **गरिमा**,पूर्ववत् पृष्ठ १२० ।

काम गरेका छन् । उनका अधिकांश समालोचनात्मक रचनाहरू निजात्मक अनुभूतिको प्रभावले निबन्धात्मक रचनाजस्ता लाग्दछन् ।

### २.४.२.६ अनुवादक व्यक्तित्व

गोविन्दराज भट्टराई प्रायोगिक भाषाविज्ञानअन्तर्गत अनुवाद विज्ञानमा विद्यावारिधि गर्ने पहिलो नेपाली हुन् । उनले नेपाली कविताको अंग्रेजी अनुवादमा विद्यावारिधि गरेका थिए । उनले नेपालीबाट अंग्रेजीमा र अंग्रेजीबाट नेपालीमा अनुवाद गरेर दुबैतिरका साहित्यिक रचनालाई पाठकसमक्ष पुऱ्याएका छन् । उनको अनुवाद लेखनले नेपाली साहित्यलाई विश्वसाहित्यको नजिक पुऱ्याउएको छ । आजसम्म उनका अनुवादसम्बन्धी कृतिहरू **विदेशी बगैँचाका चारथुङ्गा फूल** (२०५१-०५६), **विदेशी बगैँचाका पाँच थुङ्गा फूल** (२०५१-०५६), **विदेशी बगैँचाका छ थुङ्गा फूल**( २०५१-०५६),**एन् इन्ट्रोडक्सन टु ट्रान्सलेसन स्टडिज**(२०५७), **सेलेक्टेड नेपाली एसेज**(२०६०), **सेलेक्टेड स्टोरिज फ्रम नेपाल** (२०६१) **नेप्लिज् लिटरेचर** (२०६२), **बियोन्ड द फ्रन्टियर्स : विमिन्ज स्टोरिज फ्रम नेपाल** (२०६३) प्रकाशित भएका छन् । **'आस'** *गरिमा* (२२/११/२६३:२०६१) र **माथिका खुट्टा तान्ने प्रवृत्ति**, देवकोटा स्मारक, (२०६१) जस्ता पत्रपत्रिकामा प्रकाशित अनुवादसम्वन्धी लेखहरू प्रशस्त छन् ।

### २.४.२.७ सम्पादक व्यक्तित्व

गोविन्दराज भट्टराईले केही पत्रपत्रिका तथा पुस्तकहरू सम्पादन गरेका छन् । सम्पादनका क्रममा सर्वप्रथम दमकमा अध्यापन गराउँदा राधिका मा.वि. उर्लाबारीबाट विद्यालयको वार्षिक मुखपत्रको रूपमा प्रकाशित **कोसेली (२०३२)** नामक पत्रिकाको दुई अङ्क सम्पादन गरेका थिए **।** त्यसपछि उनले दमकको हिमालय मा.वि.मा अध्यापन गराउँदा **हिमाल** (२०३४/३५) नामक पत्रिकाका एकदुई अङ्क र २०३६ सालमा पञ्चायत पुस्तकालय दमकको साहित्यिक प्रकाशन **नागबेली** नामक पत्रिकाको प्रथम अङ्क सम्पादन गरेको देखिन्छ , प्राध्यापक सङ्घ एकाइ धनकुटा क्याम्पसको **चिन्तनधारा** पत्रिकाको अङ्क १ , २ र ३ सम्पादक मण्डलीमा रहेर काम गरेका थिए । **जर्नल अफ नेल्टा**को ५ देखि १० अङ्कसम्मको प्रधान सम्पादक, भाषा विज्ञान समाज नेपालको नेप्लिज लिङ्गुइस्टिक वार्षिक प्रकाशनको अङ्क १७ देखि ३५ सम्मको सम्पादन मण्डलमा रहेर भट्टराईले कार्य गरेको देखिन्छ । हाल लेखक सङ्घद्वारा प्रकाशित **लेखक** पत्रिकाको सम्पादक सदस्य रहेका छन् ।

गोविन्दराज भट्टराईले खगेन्द्रप्रसाद लुइटेलसँगको सहसम्पादनमा **डा. बल्लभमणि दाहालका भाषिक चिन्तन** (२०६१) र **डा.बल्लभमणि दाहालका रचनाहरू** (२०६३) नामक दुई कृतिहरू प्रकाशन गराएका छन् । त्यस्तै **युद्ध र द्वन्द्वका कथा** (२०६३) को सम्पादन विष्णुविभु घिमिरेको सहसम्पादनमा गरेका हुन् । भट्टराइले **नेप्लिज लिटरेचर** (सम्पादक) **वियोन्ड द फ्रन्टियर्सः विमिन्ज स्टोरिज फ्रम नेपाल** (अतिथि सम्पादक), **स्टोरिज अफ् कन्फ्लिक्ट एन्ड वार** (सम्पादक) **आरम्भ अघिका शब्दहरु** (सम्पादक) जस्ता कृतिहरूको सम्पादन गरेका छन् । भट्टराईको सम्पादक व्यक्तित्व प्राज्ञिक, शैक्षिक र वाङ्मयक्षेत्रमा केन्द्रित भएको देखिन्छ ।

### २.४.२.८ शिक्षक - प्राध्यापक व्यक्तित्व

गोविन्दराज भट्टराईको समय शिक्षण तथा प्राध्यापन क्षेत्रमै व्यतीत भएको देखिन्छ । उनले यसक्षेत्रमा तीन दशक बिताइसकेका छन् । शिक्षाप्राप्तिका दृष्टिले प्रवेशिका उत्तीर्ण गरेपछि २०२६ सालमा भुटानको देन्चुखा प्राइवेट स्कुलमा पढाउन थालेका थिए । २०२९ सालमा सरस्वती नि.मा.वि. बेलडाँगीमा पढाए । त्यसपछि २०३१ सालको अन्तिमदेखि राधिका मा.वि. उर्लाबारीमा पढाएको देखिन्छ । त्यसपछि दमकस्थित हिमालय मा.वि.मा सरुवा भई केही समय अध्यापन गराएका थिए । त्यसपछि काठमाडौं एम.एड गर्न आएका भट्टराईले केही समय धर्मस्थली मा.वि. काठामाडौंमा अध्यापन गराएको पाइन्छ । लामो समयसम्म एकै शिक्षण संस्थामा नपढाए पनि यी शिक्षण संस्थामा गरेको अध्यापनले यस क्षेत्रको पृष्ठभूमि तयार  पारेको देखिन्छ ।

अंग्रेजी विषयमा स्नातकोत्तर उत्तीर्ण गरिसकेपछि भट्टराईले २०३८ साल पौषमा त्रि.वि.को शिक्षाशास्त्र अंग्रेजी विभागको सहायक प्राध्यापक पदमा नियुक्ति पाएका थिए । त्यसपछि दमक क्याम्पसमा पढाउन थालेका थिए । दमक क्याम्पसमा एक वर्ष पढाएपछि २०४७ सम्म धनकुटा क्याम्पसमा प्राध्यापन गरेका थिए । सो पदबाट २०४२ सालमा उपप्राध्यापक र २०४९ सालमा सह-प्राध्यापक हुँदै २०५९ सालमा प्राध्यापक पदमा बढुवा भएका थिए । हाल त्रिभुवन विश्वविद्यालय कीर्तिपुरमा शिक्षाशास्त्र सङ्कायअन्तर्गत अंग्रेजी विभागमा कार्यरत भट्टराईले आफू त्रि.वि.मा प्रवेश गरेपछि अंग्रेजी विषयको पठनपाठनमा गुणस्तर र विद्यार्थीहरूमा यस विषयप्रति लोकप्रियता ल्याउने काम गरेका थिए । यिनको अंग्रेजी विषयमा रहेको लगाव, निष्ठा, दक्षता र क्षमताले गर्दा आज अंग्रेजी विभागअन्तर्गतका शिक्षक तथा विद्यार्थी धेरै लाभान्वित भएका छन् । गोविन्दराज भट्टराईको प्राज्ञिक व्यक्तित्व विश्व साहित्यमा देखिएका नयाँ वाद र प्रणालीप्रतिको रुचि तथा ज्ञान तत्विषयक लेखनसम्वन्धी प्रकाशन विद्वत्ताले राष्ट्रिय व्यक्तित्वको रूपमा स्थापना भएको देखिन्छ । गोविन्दराज भट्टराई २०६० सालदेखि शिक्षाशास्त्र सङ्कायअन्तर्गत सहायक डिनको पदमा रही कार्य गर्दै आइरहेका छन् ।

यसरी हेर्दा गोविन्दराज भट्टराईको समग्र जीवनीका मूलभूत पक्षहरू महत्त्वपूर्ण कार्यहरू र तिनबाट बनेको उनको उच्च व्यक्तित्व तथा तिनै जीवनका  विविध पक्षहरू र व्यक्तित्वको प्रभाव उनको कृतिलेखनमा परेको देखिन्छ । शिक्षा र शिक्षण-प्राध्यापन पेसाको परिमाण स्वरूप उनले नेपाली भाषासहित्यको क्षेत्रमा ठूलो योगदान दिएको देखिन्छ । उपन्यासकार, निबन्धकार, कवि, समालोचक, अनुवादक, सम्पादकजस्ता विविध प्रतिभा भएका गोविन्दराज भट्टराई विशेषतः अंग्रेजी विषयका प्राज्ञ तथा उत्तरआधुनिक साहित्यका व्याख्यता मानिन्छन् । अत्यन्त परिश्रमी, गहन अध्येता, साहित्यिक स्रष्टा, अनुसन्धाता भट्टराईको जीवनी सबै प्राज्ञिक क्षेत्रमा आबद्ध व्यक्तिहरूका लागि अनुकरणीय रहेको छ ।

# परिच्छेद : तीन
# उपन्यासको सैद्धान्तिक परिचय

## ३.१ उपन्यासको परिभाषा

'उपन्यास' शब्द अस् धातुमा उप र नि उपसर्ग तथा घञ् (अ) प्रत्यय लागेर बनेको देखिन्छ । अस् धातुबाट राख्नु भन्ने अर्थ बोध हुन्छ भने 'उपन्यास' शब्दबाट नजिकमा राख्नु भन्ने अर्थ हुन्छ । यो श्रव्य काव्यअन्तर्गत गद्यसाहित्यको आख्यानविधाभित्र पर्दछ ।

उपन्यासलाई अङ्ग्रेजीमा नोभल (Novel) भनिन्छ । यो इटालेली भाषाको नौलो अर्थबोधक शब्द नोभेला (Novella) बाट बनेको हो । यस विधाको जन्म पनि इटालीमै भएको हो । उपन्यास विधा वर्तमान समयमा विश्वभरि नै लोकप्रिय रहेको विधा हो । यो विधा सर्वाधिक लोकप्रिय हुनुको कारण उपन्यासको रोचकता, बृहत् जीवनको परिचय र सत्याभास हो ।[१] आजको साहित्यिक परिसरमा लोकप्रिय तथा जीवनलाई सर्वोकृष्ट रूपमा आत्मसात् गर्नसक्ने विधाका रूपमा उपन्यास चर्चित रहेको छ ।[२] उपन्यासले मानव जीवनको यथार्थ पक्षलाई उजागर गर्दछ । यस विधाले नयाँनयाँ रहस्योद्घाटन गर्दै कुनै वस्तुको सार पत्तालगाउन सक्छ । कृष्णचन्द्रसिंह प्रधानका अनुसार वैज्ञानिक तथ्यभन्दा परको सत्यलाई उपन्यासले टिप्छ र त्यतै प्रेरित गर्छ ।[३]

उपन्यास साहित्यको क्षितिजमा उदीयमान नवीन र महत्त्वपूर्ण विधा हो । ऋषिराज बरालका अनुसार आख्यानात्मकता उपन्यासको आधारभूत विशेषता हो र यसको केन्द्रमा सदैव मान्छे र उसको प्रकृतिसितको सङ्घर्षको कथाले केन्द्रीय स्थान पाएको छ । यो हिजोको सन्दर्भमा मात्र नभएर आजको सन्दर्भमा पनि उत्तिकै सत्य कुरा हो । त्यसले उपन्यास मानव जीवनको महाकाव्य हो ।[४] मानव र मानवसमाजसँग सम्बन्धित विविध सत्यलाई कलात्मक रूपमा अभिव्यक्त गर्ने आवश्यक लम्बाइ भएको गद्यआख्यानलाई उपन्यास भनिन्छ ।[५] महाकाव्यले प्राचीन जीवनको विशालतालाई समेटेझैँ वर्तमान उपन्यासले नयाँ समाज र यर्थाथको उद्घाटन गर्ने काम गरेको छ । उपन्यासलाई आ-आफ्नो ढङ्गले परिभाषित गर्ने लामो परम्परा छ तर पनि वर्तमान समयमा यस क्षेत्रमा देखिएका नयाँनयाँ प्रयोगले ती परिभाषालाई तोडेको पाइन्छ । उपन्यास वर्तमान समयमा अन्त्यन्तै सशक्त विधाको रूपमा प्रस्तुत भएको छ । समाजको यथार्थ तस्बिर खिच्ने काम पनि यसै विधाले गरेको छ । समग्र जीवन अटाउने हुनाले जीवन र जगत्लाई नियाल्न र विश्लेषण गर्न उपन्यासको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । राजनीतिक, आर्थिक, सांस्कृतिक आदि क्षेत्रमा देखिएका समस्यालाई गहिरोसँग चिरफार गर्ने काम यस विधाले गर्छ ।

---

१. कृष्णचन्द्रसिंह प्रधान, **नेपाली उपन्यास र उपन्यासकार,** (ललितपुरः साझा प्रकाशन, चौथो संस्करण २०६१) पृष्ठ १ ।

२. कृष्णहरि बराल, नेत्र एटम, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास,** (ललितपुरः साझा प्रकाशन, २०५६) पृष्ठ १ ।

३. कृष्णचन्द्रसिंह प्रधान, पूर्ववत् पृष्ठ २।

४. ऋषिराज बराल, **उपन्यासको सौन्दर्यशास्त्र,** (ललितपुर: साझा प्रकाशन, दोस्रो संस्करण २०६३) पृष्ठ १,२ ।

५. कृष्णहरि बराल, नेत्र एटम, पूर्ववत्, पृष्ठ ९ ।

## ३.२ उपन्यासका तत्त्वहरू

उपन्यास निर्माण हुनका लागि विविध तत्त्वहरूको आवश्यकता पर्दछ । कथानक, चरित्र, पर्यावरण, जीवनदर्शन, दृष्टिबिन्दु, भाषा, प्रतीक र बिम्बजस्ता कुराहरूलाई उपन्यासका तत्त्वका रूपमा लिइन्छ । यिनै तत्त्वहरूको अन्तर्मिश्रणबाट उपन्यासले स्पष्ट स्वरूप निर्माण गर्दछ ।

### ३.२.१ कथानक

कथानक भनेको उपन्यासका पात्रहरूमाथि घट्ने घटनाहरूको शृङ्खला हो । उपन्यासकारले कथानकबाट विचारको प्रवाह गर्ने काम गर्दछ । हरेक उपन्यासभित्र एउटा निश्चित कथावस्तु अनिवार्य हुन्छ ।

कथानकमा चरित्र विचार, बुद्धि र कल्पनाजस्ता कुराहरू समाविष्ट हुन्छन् । कथानकले नै उपन्यासको मूल ढाँचा निर्माण गर्ने प्राथमिक तत्त्वको काम गर्दछ । [६] उपन्यासकारले कथानक तयार गर्ने क्रममा हरेक घटना वा कार्यलाई संगठित गर्दछ र कथानकलाई जीवन दिने काम गर्दछ । कथ्यवस्तुको निर्माण जीवनले आत्मसात् गरिरहेका वस्तु र घटनाहरूलाई जोरजाम गर्ने प्रक्रियाबाट हुन्छ ।

उपन्यासमा आख्यान पक्ष अनिवार्य छ । आख्यान उपन्यासको मुटुजस्तै हो । आख्यानबिना उपन्यासको कल्पना गर्न सकिँदैन । वर्तमान समयमा उपन्यासमा देखिएको नवनव प्रयोगले आख्यान क्षीण भएको पाइन्छ तर कुनै न कुनै रूपबाट आख्यानको प्रयोग गरिएको हुन्छ । कथानक घटनाको कार्यकारण सम्बन्धमा आबद्ध भएको शृङ्खला भएकोले यसमा द्वन्द्व र त्यसबाट उत्पन्न हुने क्रियाको सर्वाधिक महत्त्व रहन्छ ।[७] द्वन्द्वबाट नै कथानक क्रियाशील रहेको हुन्छ । द्वन्द्व र क्रियाले नै कथालाई गतिशील र नयाँ मोड दिने गर्दछ । यस्तै कथाभित्र देखिने द्वन्द्व, क्रिया तथा आरोह-अवरोहले उपन्यासलाई सही दिशा दिने काम गर्दछ ।

### ३.२.२ चरित्र

उपन्यासमा जसको जीवनमाथि घटना घट्छ अथवा घटना घट्ने पात्र नै चरित्र हो । यो उपन्यासको महत्वपूर्ण तत्त्व हो । कथावस्तुसँग सम्बद्ध भएर आउने विविध कथानकलाई चरित्रहरूले गति दिने काम गर्दछन् । पात्रहरू भन्नाले पुरुष वा स्त्री मानिने पुरानो मान्यता भए पनि वर्तमान समयमा मानव पात्रका साथै मानवेतर तथा अतिमानवेतर पात्रलाई उपस्थित गराएर उपन्यास लेख्ने गरेको पनि पाइन्छ । उपन्यासलाई सजीव बनाएर कथानकलाई गति दिने काम पात्रले गर्दछ । 'उपन्यासको आयतनभित्र सिङ्गो मानव सभ्यता चरित्रचित्रणकै आधारमा परिभाषित भएको हुन्छ । विगत र आगतलाई वर्तमानसम्म तानेर ल्याउने तत्त्व चरित्र हो । उपन्यासमा उपयुक्त पात्रको चरित्र पूरै युग र परिवेशको संवाहक भएर उपस्थित भएको हुन्छ ।'[८]

---

६. कृष्णहरि बराल , नेत्र एटम, पूर्ववत् , पृष्ठ २३ ।

७. पूर्ववत् , पृष्ठ २६ ।

८. राजेन्द्र सुवेदी, **नेपाली उपन्यास : परम्परा र प्रवृत्ति**,(ललितपुर : साझा प्रकाशन, दोस्रो संस्करण) पृष्ठ २३ ।

उपन्यासमा रहेका चरित्रहरूलाई गतिशील र गतिहीन, यथार्थ र आदर्श, अन्तर्मुखी र बहिर्मुखी , गोला र चेप्टा ,सार्वभौम र स्थानीय, पारम्परिक र मौलिक आदि विभिन्न प्रकारले वर्गीकरण गरिएको पाइन्छ । पात्रहरूलाई लिङ्ग, उमेर , जात, क्षेत्र आदिका आधारमा पनि वर्गीकरण गर्न सकिन्छ ।

### ३.२.३ पर्यावरण

पर्यावरण भन्नाले उपन्यासमा प्रयोग भएको वातावरणलाई जनाउँछ । यसको निर्माण देशकालमा घट्ने घटना, दृश्य र पात्रहरूको कार्यबाट हुन्छ । वातावरणको सम्बन्ध पात्रको भावनाको क्रियाकलापसँग रहन्छ । परिवेश स्थानीय पहिचान र भेषभुषामा निहित हुन्छ । उपन्यासको घटना वा पात्रको कार्यले पाठकलाई कल्पनाको असीम उडानमा डुबाइदिन्छ जसले गर्दा उसका मनमा विषाद , अशक्ति, क्षोभ, हर्षजस्ता गुण-अवगुणहरूका मूल फुट्छन् अर्थात् स्थायी भावको उद्दीपन हुन्छ र तिनको समष्टिमा वातावरणको निर्धारण हुन्छ ।[९] आधुनिक उपन्यासमा पाात्रको मनस्थितिमा पैदा हुने भावलाई चेतनप्रवाह शैलीमा प्रयोग गरी नयाँ तरिकाबाट सृजना भएको पनि पाइन्छ ।

### ३.२.४ जीवनदर्शन

उपन्यासले पाठकमार्फत केही न केही सन्देश प्रवाहित गर्ने उद्देश्य राखेको हुन्छ । उपन्यासले भन्न खोजेको वा देखाउन खोजेको कुरा नै उपन्यासको सारवस्तु हो । सारवस्तुले उपन्यासको अर्थलाई प्रस्ट पार्ने काम पनि गर्दछ । 'सारवस्तुले लेखकको जीवनदर्शनको भार बहन गर्ने भएकोले यसमा पात्रहरू पौडिने र खेल्ने स्वतन्त्रता प्राप्त गर्दछन् भने लेखकले तिनकै माध्यमबाट आफ्ना धारणालाई समुचित विन्यास र सम्प्रेषण गरेको हुन्छ ।[१०]

उपन्यासअन्तर्गत लेखकले आफ्ना धारणा वा विचार राख्दा उक्त विचार औपदेशिक मात्र भएर सौन्दर्यपक्ष गौण भएमा उपन्यास असन्तुलित हुन पुग्दछ । कलात्मक मूल्य विन्यास गर्ने दृष्टिले उपन्यासलाई अशास्त्रीय शास्त्र, अनुपदेशिक उपदेश एवम् अवैचारिक विचारको संबाहकका रुपमा प्रतिपादन गर्नु वाञ्छनीय देखिन्छ ।[११] उपन्यासको समष्टि निष्कर्ष नै सारतत्त्व हो, त्यसकारण हरेक उपन्यासमा सारतत्त्व सबल हुनुपर्छ अन्यथा उपन्यासको रचना निरर्थक हुन्छ ।

### ३.२.५ दृष्टिबिन्दु

उपन्यासमा घटनाक्रमको कथावाचक वा व्याख्याता कसरी उभिएको छ भनेर हेर्नु नै दृष्टिबिन्दु हो । दृष्टिबिन्दुबाट कथयिताले कसरी घटना एवम् चरित्रहरूको वर्णन तथा उपस्थापन गर्छ भन्ने

---

९. कृष्णहरि बराल , नेत्र एटम, पूर्ववत् पृष्ठ ३७ ।

१०. पूर्ववत्, पृष्ठ ४१ ।

११. राजेन्द्र सुवेदी, पूर्ववत्, पृष्ठ २६ ।

कुराको निर्धारण हुनुका साथै कसले र कसरी कथा भनिएको छ भनेर बुझाउँछ ।[१२] यस सन्दर्भमा कतै लेखक स्वयम् उपस्थित हुन्छ भने कतै नामिक वा सार्वनामिक पात्रको रूपबाट आफ्नो उपस्थिति जनाउने गर्दछ । यस आधारमा दृष्टिबिन्दुलाई बाह्य वा तृतीय पुरुष र आन्तरिक वा प्रथम पुरुष गरी दुई भागमा बाँड्न सकिन्छ ।

### ३.२.६ भाषा

उपन्यासमा भाषाको सर्वोपरि स्थान रहन्छ । भाषाको माध्यमबाट नै उपन्यासमा कथावस्तुको विस्तार र विचारको संप्रेषण हुन्छ । उपन्यासमा विशेषतः गद्य भाषाको प्रयोग गरिन्छ । उपन्यासमा भाषाले चामत्कारिकता प्रस्तुत गर्ने काम गर्दछ । उपन्यासमा भाषाको प्रयोग मूलतः दुई किसिमबाट हुन्छ । पहिलो किसिमको भाषा उपन्यासकार आफैंले प्रयोग गरेको हुन्छ । यस्तो भाषा अपेक्षाकृत नियमबद्ध र लेखकीय स्तर अनुरूप हुन्छ । दोस्रो किसिमको भाषा उपन्यासका पात्रहरूको संवादमा प्रयोग गरिन्छ ।[१३]

### ३.२.७ प्रतीक र बिम्ब

कुनै पनि वस्तु वा घटनाको माध्यमबाट रूढ अर्थलाई नभएर भिन्न वा टाढाको अर्थ जनाउँदछ भने त्यसलाई प्रतीक भनिन्छ । कुनै पनि कुरालाई सटीक रूपमा व्यक्त गर्न यसको प्रयोग गरिन्छ । प्रतीकले एकातिर अमूर्त र अव्यक्त भावलाई भिन्न ढाँचाले मूर्तता र अभिव्यक्ति दिने काम गर्दछ भने अर्कातिर धेरै शब्द खर्च गरेर भन्नु पर्ने कुरालाई थोरै शब्दमा मीठोसँग भन्दछ ।[१४] उपन्यासमा प्रतीकको प्रयोगले कृति ओजिलो हुनाका साथै पाठकहरू अर्थको विराट्तामा पौडिन सक्छन् तर प्रतीकको सान्दर्भिक प्रयोग नभएमा उपन्यास अप्रभावकारी हुनुका साथै कठिन हुनसक्छ ।

कुनै पनि वस्तुले मानिसको मस्तिष्कमा पार्ने प्रभाव वा छायालाई बिम्ब भनिन्छ । उपन्यासमा भाषाको माध्यममद्वारा पाठकमा छाया बसाउने कार्य हुन्छ । शब्दका माध्यमबाट श्रोता वा पाठकका मस्तिष्कमा कुनै स्थिति, स्थान, घटना वा पात्रको यथार्थ सादृश्य छाया पारिदिने पद्धतिलाई बिम्बविधान भनिन्छ ।[१५]

## ३.३ नेपाली औपन्यासिक परम्परा

नेपाली उपन्यास परम्पराको अध्ययन गर्ने क्रममा यसको पूर्व प्रारुप भेट्न **महाभारत विराट् पर्व** (वि.स.१८२७) सम्म पुग्न सकिन्छ । वास्तवमा भन्नुपर्दा उपन्यास सिद्धान्त पश्चिमी साहित्यको देन

१२. कृष्णहरि बराल, नेत्र एटम, पूर्ववत्, पृष्ठ ३९ ।
१३. पूर्ववत्, पृष्ठ ४३ ।
१४. पूर्ववत्, पृष्ठ ४३ ।
१५. कृष्णहरि बराल, नेत्र एटम, पूर्ववत्, पृष्ठ ४५ ।

हो । अठारौं शताब्दीमा पाश्चात्य जगत्मा यस विधाको जन्म भएको हो । नेपाली साहित्यमा महाभारत विराटपर्वलाई पहिलो आख्यानात्मक कृति मानिन्छ । वि.सं. १८२७ देखि अहिलेसम्म विभिन्न मोड र घुम्ती पार गर्दै अघि बढेको नेपाली उपन्यासको यो लामो परम्परा अध्ययन गर्न विभिन्नकालमा विभाजन गर्नुपर्ने हुन्छ तर साहित्यको इतिहास विभाजन गर्ने तथा विभाजित चरणको नामकरण गर्ने सन्दर्भमा विद्वानहरूवीच मतभेद देखिन्छ । विभिन्न विद्वानहरूले विभिन्न किसिमले उपन्यास साहित्यको इतिहास विभाजन गर्ने र नामकरण गर्ने गरेको पाइए पनि अध्ययनको सुगमता र कृतिले बोकेको मर्म तथा प्रवृत्तिहरूलाई आधारमान्दा प्राथमिककाल, माध्यमिककाल र आधुनिककाल भनी गरिएको विभाजन तुलनात्मक रूपमा बढी उपयुक्त देखिन्छ । कृष्णहरि बराल र नेत्र एटमद्वारा लिखित **उपन्यास सिद्धान्त र नेपाली उपन्यास** नामक कृतिमा गरिएको विभाजन बढी सान्दर्भिक देखिन्छ । उक्त विभाजनअन्तर्गतका तीन काल निम्नानुसार दिइएको छ :[१६]

प्राथमिक काल (वि.सं.१८२७-१९४५)
माध्यमिक काल(वि.सं.१९४६-१९९०)
आधुनिक काल (वि.सं. १९९१ देखि हालसम्म)

## ३.३.१ प्राथमिक काल (वि.सं.१८२७-१९४५) :

नेपाल राज्यको एकीकरण भए लगत्तै शक्तिबल्लभ अर्ज्यालको विराटपर्व अनूदित भयो यस विराट्पर्वमा महाभारतको वृहत् संसारभित्रबाट आख्यानको स्रोत ग्रहण गरेर कवित्व प्रदान गरेको कुरा देख्न पाइन्छ । वि.सं.१८२७ मा विराट्पर्वबाट आरम्भ भएको आख्यान सृजनाको परम्परा वि.सं.१८३३ मा भानुदत्तको **हितोपदेश मित्रलाभ**को अनुवादबाट अघि बढेको छ ।[१७] यसै क्रममा शक्तिबल्लभ अर्ज्यालका १८४९ मा **जयरत्नाकर** र १८५५ मा **हास्यकदम्ब** नाटक देखा पर्छन् । अर्ज्यालका मौलिक कृतिका रूपमा रहेका यी दुई कृति नाटकका रूपमा देखिए पनि आख्यानवृत्तमा बढी केन्द्रित देखिन्छन् । यसै क्रममा बेनामे **पिनासको विनाश** (वि.स.१८७२) **दशकुमार चरित** (वि.स.१८७५) **स्वस्थानी व्रतकथा** (वि.स.१८७८) प्रकाशित भए भने भवानीदत्तले अनुवाद गरेको **मुद्राराक्षस** (वि.स.१८८२ पूर्व), सुन्दरानन्द बाँडाको **त्रिरत्न सौन्दर्यगाथा** (वि.स. १८९०) र **अध्यात्मरामायण** वि.स.१८९६) जस्ता कृतिहरू पनि देखा परे ।[१८] यस अबधिमा लेखिएका कृतिहरूलाई उपन्यासको दर्जामा राख्न नमिले पनि उपन्यासको पृष्ठभूमिको रुपमा पक्कै पनि महत्त्वपूर्ण भूमिका खेलेका छन् ।

---

**१६. कृष्णहरि बराल, नेत्र एटम, पूर्ववत् पृष्ठ ७७ ।**
**१७. राजेन्द्र सुवेदी, पूर्ववत्, पृष्ठ ३६ ।**
**१८. कृष्णहरि बराल, नेत्र एटम, पूर्ववत्, पृष्ठ ७७ ।**

### ३.३.२ माध्यमिक काल (वि.सं.१९४६-१९९०)

नेपाली गद्याख्यान परम्परामा शिवदत्त शर्माको **वीरसिक्का** (वि.स.१९४६) ले माध्यमिक कालको आमन्त्रण गरेको पाइन्छ । यसले नेपाली आख्यानपरम्परामा अद्‌भुत कथाको प्रस्तुति, जादुगरी चरित्रको विन्यास र रोमान्सेली प्रवृत्तिका उपन्यास लेखनको आरम्भ गरेर भक्तिमूलक, धार्मिक, पौराणिक विषयवस्तुमा सीमित नेपाली आख्यानलाई स्रोतको बृहत्तर रूप दिइएको छ । साथै यसमा शृङ्गारिक, साहसिक आख्यानको आरम्भ, अलौकिक, अद्‌भुत, संसारको सृष्टि दैविक शक्तिको प्रयोगद्वारा चाहेको कार्यमा सफलता तथा विलासीवर्गको प्रतीकात्मक चित्रण पाइन्छ । प्राथमिक कालदेखि चलिआएको अनुवाद परम्परामा यहीँबाट अनेक धारा र प्रवृत्तिसमेत देखा पर्छन् र मौलिक उपन्यास रचनातर्फको सचेत प्रयाससमेत देखिन्छ ।

माध्यमिक कालीन गद्यलाई विकसित तुल्याउन पत्रपत्रिकाको भूमिका पनि निकै उल्लेख्य पाइन्छ । नेपालबाट वि.सं. १९५८ देखि प्रकाशन भएको **गोरखापत्र** तथा विदेशबाट प्रकाशित **उपन्यास तरङ्गिणी** (वि.सं.१९५९), **सुन्दरी** (वि.सं. १९६३) **गोर्खाली** (वि.स.१९७२)जस्ता पत्रपत्रिकाहरूले धारावाहिक रुपमा उपन्यास प्रकाशित गरेर नेपाली आख्यान साहित्यलाई आधुनिकतातिर लैजाने काम गरेका छन् । यसैको परिणाम स्वरूप सदाशिव शर्माको **महेन्द्र प्रभा** (वि.सं. १९५९) ले **उपन्यास तरङ्गिणी** पत्रिकामा प्रकाशित हुने अवसर पाई पहिलो प्रकाशित मौलिक उपन्यास हुने सौभाग्य समेत प्राप्त गऱ्यो । यस पछि गिरीशबल्लभ जोशीको **वीरचरित्र** (वि.सं.१९६०) उपन्यास देखा पर्छ । यसले स्थानीय परिवेशको चित्रण गरी ऐयारी पात्रको माध्यमबाट तत्कालीन व्यवस्थाप्रति कटुव्यङ्ग्यसमेत गरेको छ । व्यवस्थित कथानक र नेपाली परिवेश प्रयोगको दृष्टिले पनि यसको ऐतिहासिक मूल्य छ ।[१९] नेपाली उपन्यासको प्राथमिककालमै स्थापित धार्मिक, पौराणिक आख्यान लेखन परम्पराले माध्यमिक कालमा समेत निरन्तरता पाएको देखिन्छ । यसरी सस्कृतका धार्मिक पौराणिक ग्रन्थको अनुवाद गरेर लेखिएका रचनाहरूमा चिरिञ्जीवी पौडेलको **प्रेमसागर** (वि.सं.१९४७) हरिहर शर्माको **दुर्गासप्तसती** (वि.सं. १९४८) कपिलदेव शर्माको **नलोपाख्यान** (वि.सं. १९५८) चक्रपाणि चालिसेको **गोरखा सङ्क्षिप्त रामायण** (वि.सं.१९७२) तीर्थप्रसाद आर्चायको **वेदान्त सार** (१९६०) आदि हुन् ।[२०]

यसै समयमा देखिएका **गोरखापत्र**मा प्रकाशित बेनामे **प्राचीन प्रपञ्च** (१९६२), द्वारिकानाथ उपाध्यायको **यमपञ्चक प्रपञ्च** (१९६३) वैजनाथ सेढाईको **चक्र परिचक्र**मा (१९७३) विज्ञान विलासको **महारानी प्रियंबदा** (१९७३) पहलमानसिंह स्वाँरको **पद्‌मकुमारी** (१९७४) वेदनाथ आचार्यको **दयाकी भावी** (१९७९) महानन्द सापकोटाको **त्रिवेणी** (१९८५) अम्बालिका देवीको **राजपूत रमणी** (१९८९) आदि हुन् । यी उपन्यासहरूमा मूलतः नेपाली समाजको विकृतिको चित्रण पाइन्छ । उपर्युक्त उपन्यासमा सुधारको चित्रण गरिए पनि अतिमानवीय, रोमाञ्चक जस्ता प्रवृत्तिबाट मुक्त हुन सकेका छैनन् । उपर्युक्त कृतिहरूले आधुनिक नेपाली उपन्यास लेखन परम्परामा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् ।

---

१९. महानन्द जोशी, *आधुनिक नेपाली उपन्यास : धारा र प्रवृत्ति,* **गरिमा** (वर्ष २४,अङ्क ६, पूर्णाङ्क २८२, जेठ २०६३) पृष्ठ ५४ ।
२०. महानन्द जोशी, पूर्ववत्,पृष्ठ ५५ ।

## ३.३.३ आधुनिक काल (वि.सं. १९९१ देखि हालसम्म)

परम्परागत प्रवृत्तिका प्रतिक्रियामा आएको नवीन मूल्य र मान्यातालाई आधुनिक चिन्तन भनिन्छ । वैज्ञानिक धारणाको स्थापना, यथार्थको आधार भएका सामाजिक विषयवस्तुसँग सम्बन्धित औपन्यासिक रचनालाई आधुनिक उपन्यास भनिन्छ । परम्परादेखि चलिआएको अनुवादरूपान्तरण परम्परा विरुद्ध मैलिक चिन्तन तथा विधागत सचेतता भएका यथार्थवादी कृतिबाट आधुनिकताको आरम्भ भएको हो । आधुनिक मूल्य र मान्यता प्रयोग गरेर लेखिएको रुद्रराज पाण्डेको **रूपमती** (वि.सं. १९९१) बाट आधुनिक युगको थालनी भएको हो ।[२१] यस पछिका **भ्रमर** (वि.सं. १९९३) आदि उपन्यासले यस परम्परालाई अझ सशक्त बनाउने र विकसित तुल्याउने काम गरेका छन् । **रूपमती** परम्परागत तिलस्मी, अनैतिक अतिरञ्जनाबाट मुक्त देखिन्छ । तसर्थ **रूपमती** (वि.सं.१९९१) सालदेखि हालसम्मको समयावधिलाई नेपाली उपन्यासको आधुनिककाल मानिन्छ । यो लामो यात्रासंगै नेपाली उपन्यासको आकाशमा थुप्रै नयाँ उपन्यासकार र औपन्यासिक कृतिहरू उदाएका छन् ।

आधुनिक नेपाली उपन्यासको सुरुवातमा १९९१ सालको समयसीमालाई सबैले स्वीकारे पनि त्यसपछिको चरण विभाजनमा विद्वान्हरूबीच मतैक्यता हुन सकेको छैन । केही विद्वान्हरू गोठालेको **पल्लोघरको झ्याल** (२०१६) बाट साँध लगाएर नयाँ परम्पराको थालनी भनी **दोस्रो चरणको** सुरुवात मान्दछन् भने केही विद्वानहरू इन्द्रबहादुर राईको **आज रमिता छ** (२०२१) लाई आधार मानेर चरण छुट्याउन चाहन्छन् । इन्द्रवहादुर राईको उपन्यास **आज रमिता छ**ले रूपविन्यास वा संरचनाका दृष्टिले परम्परालाई तोडेर नयाँ मान्यताको स्थापना गरेको छ । यसै क्रममा पारिजातको **शिरीषको फूल** (२०२२) ले नवप्रयोगमा अझ व्यापकता थप्दै शून्यवादी दर्शनसँगै नवीनताको आग्रह गरेको छ ।

यसरी उपर्युक्त सर्न्दभमा **रूपमती** वि.सं. (१९९१) को प्रकाशनदेखि **आज रमिता छ** (२०२१) भन्दा पूर्व वि.सं. २०२० सालसम्मको अवधिलाई **प्रथम चरण** र वि.सं. २०२१ **आज रमिता छ** को प्रकाशनदेखि हालसम्मको अवधिलाई **दोस्रो चरण** भन्दा उपयुक्त देखिन्छ । नेपाली उपन्यासको आधुनिककाल सुरु भएदेखि हालसम्म नेपाली उपन्यास लेखनमा नवनव प्रयोगका साथै विभिन्न धार तथा प्रकृतिहरू देखिएका छन्, जसलाई सङ्क्षिप्त रूपमा यहाँ चर्चा गरिन्छ ।

### ३.३.३.१ आदर्शोन्मुख यथार्थवादी धारा

**रूपमती** (१९९१) को प्रकाशनबाट यस धाराको शुभारम्भ हुन्छ । यस उपन्यासका सर्जक सरदार रुद्रराज पाण्डे हुन् । आदर्शवादी जीवनदृष्टि अतियथार्थवादी कलाप्रयोग आदर्शोन्मुख यथार्थवादमा पाइन्छ । मानव समाज र यथार्थ परिवेशमा आधारित भई आदर्शमा पुगेर टुङ्गिनु

२१. महानन्द जोशी, पूर्ववत्,पृष्ठ ५५ ।

आदर्शोन्मुख यथार्थवादको विशेषता हो । आदर्शको प्रतिपादनका लागि यथार्थपरक अङ्कन गर्दै अनुकरणीय चरित्रको आदर्शोन्मुख सृजना गर्नु यथार्थवादको विशेषता हो । समाज सुधारको आग्रह गर्नु, वास्तविकतामा आधारित लेखनलाई जोड दिनु, सरल तथा बोलीचालीको भाषा प्रयोगमा जोडजस्ता प्रवृत्तिहरू यस धारामा पाइन्छन् । यस धारमा रहेर लेखिएका अन्य उपन्यासहरूमा रुद्रराज पाण्डेकै **उषा** र **वचन,** टुकराज पद्मराज मिश्रका **रजबन्धकी** र **रामकृष्ण कुँवर राणा,** शोभाचन्द्र उपाध्यायको **पाटलीपुत्र** आदि हुन् ।

### ३.३.३.२ स्वच्छन्दतावादी धारा

उपन्यासकार रूपनारायण सिंहद्वारा **भ्रमर** (वि.सं.१९९३) उपन्यासमार्फत यस धाराको श्रीगणेश गर्ने काम भएको हो । यस स्वच्छन्दतावादलाई शास्त्रीयतावादको विपरीत धारका रूपमा पनि हेरिन्छ । यसमा प्रेम, साहस, मानवता, प्राकृतिक सैन्दर्य र वीरताको विषयमा स्वच्छन्द शैलीमा वर्णन गरिएको छ । स्वच्छन्दतावादी उपन्यासले परम्परागत मूल्य र मान्यताबाट मुक्त हुने आग्रह राख्दछन् । अभिव्यक्तिमा नवीनता, प्रेम, प्रणयको प्रस्तुतिमा जोड , प्राकृतिक सौन्दर्यको चित्रणमा जोड तथा आत्मपरक अङ्कनमा जोडजस्ता प्रवृत्ति यस धारमा पाइन्छन् । यिनै प्रवृत्तिअन्तर्गत रहेर लेखिएका अन्य उपन्यासहरूमा कृष्णसिंह मोक्तानको **अशेष यात्रा,** शिवकुमार राईको **डाँकबङ्गला**, मोहनबहादुर मल्लका **उजेली छाया** र **समयको हुरी** अच्छा राई 'रसिक' को **लगन**, हिरण्य भोजपुरेको **छिटेन**, होमराज आर्चायको **निर्दोष कैदी** आदि रहेका छन् ।

### ३.३.३.३ सामाजिक यर्थाथवादी धारा

नेपाली उपन्यास परम्परामा लैनसिंह बाङ्देलको **मुलक बाहिर** (२००४) उपन्यासबाट यस धारको आगमन भएको हो । कुनै वस्तु वा विषयलाई कल्पनाको प्रयोग नगरी वस्तु जस्तो छ त्यस्तै प्रस्तुति गर्ने पद्धतिलाई यथार्थवाद भनिन्छ । लेखकको अनुभव, अनुभूति एवम् कल्पनाको न्यून समावेश र जीवनका सत्य एवम् वास्तविकतापूर्ण प्रस्तुति यथार्थवादमा हुन्छ । इन्द्रियबाट प्राप्त ज्ञानलाई महत्त्व दिनु, मान्छेलाई मान्छेकै रूपमा प्रस्तुत गर्नु, निम्नवर्गीय चरित्र तथा स्वीकृत यथार्थ एवम् कुटसत्यलाई जस्ताको तस्तै प्रस्तुत गर्नु यसको मूल मान्यता हो । यसले आत्मपरकता, मनोगतता, आध्यात्मिकता, रहस्यवाद, अतिरञ्जना र स्वैरकल्पनाबाट मुक्त हुँदै समयको माग बुझेर निम्नवर्गीय जीवनका व्यथा र अभावको अङ्कन गर्दछ । समाज जस्तो छ त्यस्तै प्रस्तुत गर्नु, सामाजिक घटनाको यथार्थवादी चित्रण गर्नु, स्थानीय कथ्य भाषा, पोसाक र दृश्यको अभिव्यक्ति गर्नु, महत्त्वहीन ठानिएका ठाउँ, घटना र पात्रहरूको अतिसूक्ष्म व्याख्याविश्लेषण गर्नुजस्ता प्रवृत्तिहरू यस वादमा पाइन्छन् ।

उपर्युक्त प्रवृत्तिलाई आत्मसात गरी साहित्यमा प्रसस्त उपन्यासहरू लेखिएका छन् जसमध्ये बाङ्देलकै **माइतघर** र **लङ्गडाको साथी** लीलबहादुर क्षेत्रीका **बसाइँ**, **अतृप्त** र **ब्रह्मपुत्रको छेउछाउ**, लीलाध्वज थापाको **मन** दौलनविक्रम विष्टको **मञ्जरी** शङ्कर कोइरालाको **खैरिनीघाट**, तुलसीराम

कुँवरको **रने** र **उज्यालोतिर** केशवराज पिँडालीको **बाँच्ने एउटा जिन्दगानी**, भवानी भिक्षुको **आगत**, डोर बहादुर विष्टको **सोताला** धनुचन्द्र गोतामेका **घामका पाइलाहरू** र **यहाँदेखि त्याहाँसम्म** , गोविन्दराज भट्टराईका **मुगलान** र **मणिपुरको चिठ्ठी** आदि हुन् । यी बाहेक अन्य प्रसस्त उपन्यासहरु यस धारामा लेखिएका छन् । नेपालीमा सामाजिक यथार्थवादी धारामा सबैभन्दा बढी उपन्यासहरू लेखिएका छन् ।

### ३.३.३.४ अतियथार्थवादी धारा

लैनसिंह बाङ्देलको **लङ्गडाको साथी** (२००८) उपन्यासबाट यस धारको आरम्भ भएको हो । यो साहित्यका सन्दर्भमा यथार्थको अतिक्रमण गर्ने र आन्तरिक पक्ष तथा नाङ्गो रूपलाई बढी महत्त्व दिने सिद्धान्त हो । यसले बुद्धिवाद र सङ्कुचित तार्किक प्रणालीमाथि कडा आक्रमण गर्दै फ्रयडको अचेतन र स्वप्न सिद्धान्तलाई आफ्नो सैद्धान्तिक आधार बनाएको पाइन्छ । यसमा परम्परागत मूल्य र मान्यताबाट मानवलाई मुक्त गराउने उद्देश्य रहेको हुन्छ । चेतन प्रवाहशैली र आशु लेखनमा यसले विशेष जोड दिन्छ । सचेत लेखनले मान्छेलाई चिनाउँदैनन् झन्  लुकाउँछन्, त्यसैले तन्द्रा अवस्थाको मानसिक अवस्थाले नै मान्छेको वास्तविक परिचय दिन्छ  भन्ने मान्यता यसले अँगालेको पाइन्छ । समालोचक कष्णहरि बराल र नेत्र एटमद्वारा लिखित उपन्यास सिद्धान्त र नेपाली उपन्यास भन्ने कृतिका अनुसार यान्त्रिक र आधुनिक सभ्यताप्रति  घृणा गर्नु, मानवताप्रति आस्था राख्नु, ईश्वरको अस्तित्व छैन भन्ने कुरामा विश्वास गर्नु, परिष्कारबिनाको तात्क्षणिक लेखनमा जोड  दिनुजस्ता प्रवृत्तिहरू यस धारामा पाइन्छन् । यस धारामा लेखिएका अन्य उपन्यासहरूमा गोविन्दबहादुर मल्ल 'गोठाले'का **पल्लो घरको झ्याल** र **अपर्णा**, अर्जुन निरौलाको **घाम डुबेपछि**, हिरण्य भोजपुरेको **गोरी** आदि रहेका छन् ।

### ३.३.३.५ आलोचनात्मक यथार्थवादी धारा

समाजमा रहेका कुसंस्कार, कुरीति, शोषण, अन्याय, अत्याचार तथा विसङ्गतिहरूलाई औंल्याएर  तिनको विरोध गर्दै सुधारको आकाङ्क्षा राख्ने पद्धतिलाई आलोचनात्मक यथार्थवाद भनिन्छ । सामाजिक उत्थानको अपेक्षा राख्ने  यस प्रकारका उपन्यासलाई  प्रगतिशील उपन्यास पनि भनिन्छ । नेपाली उपन्यासको क्षेत्रमा हृदयचन्द्रसिंह प्रधानको **स्वास्नीमान्छे** (२०११) बाट आलोचनात्मक यथार्थवादी परम्पराको आरम्भ हुन्छ । नारी र पुरुषबीचको असमान अवस्था, नारी किनबेच गर्ने र नारीलाई भोग्याको रूपमा हेर्ने सामाजिक दृष्टिकोणमाथि यस वादले विरोध गर्दछ । यस वादले स्वतन्त्रताको चाहना राख्दै यसका तगाराहरू भत्काउन जनतालाई प्रेरित गर्दछ । आलोचनात्मक यथार्थवादमा साहित्यलाई कलाका आधारमा नभै उपयोगिताका आधारमा मूल्याङ्कन गरिन्छ । यी प्रवृत्तिहरूमा रहेर लेखिएका अन्य प्रमुख उपन्यासहरूमा हृदयचन्द्रसिंह प्रधानकै **एक चिहान**, दैलतविक्रम विष्टका **मञ्जरी**, **एक पालुवा अनेकौं याम**, **थाकेको आकाश**, **भोक र भित्ताहरू**, तारानाथ शर्माको **मेरो कथा**, धुव्रचन्द्र गौतमको **कट्टेल सरको चोटपटक**, भरत जङ्गमको **कालो सूर्य**, गोविन्दराज भट्टराईको **मणिपुरको चिठ्ठी** आदि रहेका छन् ।

### ३.३.३.६ मनोविश्लेषणवादी धारा

सिग्मन्ड फ्रायडको मनोविश्लेषणवादी सिद्धान्तका आधारमा वैयक्तिक चरित्रको चित्रण गरी लेखिएको गोविन्दबहादुर मल्ल 'गोठाले' को **पल्लो घरको झ्याल** (२०१६) उपन्यासबाट यस धाराको उदय भएको हो । यस धाराका उपन्यासमा बाह्य  घटना वा क्रियालाई महत्त्व नदिएर व्यक्तिको मनको आन्तरिक विश्लेषणमा ध्यान दिइएको हुन्छ । अचेतन मनले चेतन मनमा पारेको प्रभाव, कुण्ठा र त्यसबाट सृजना हुने ग्रन्थिहरूको विश्लेषण गरिएको हुन्छ । खास गरी यौनजन्य असामान्य मनोदशा, विक्षिप्त तथा अतृप्तिको अध्ययन यसखाले उपन्यासमा पाइन्छ । सामाजिक वस्तु जगत्लाई अस्वीकार गरी मनोजगत्को चित्रण गर्नु, घटनालाई भन्दा चरित्र चित्रणलाई जोड दिनु र बिम्ब तथा प्रतीकको सफल प्रयोग गर्नु आदि यस धाराका थप विशेषताहरू हुन् । यी प्रवृत्तिसँग सम्बन्धित रहेर उपन्यास लेख्ने अन्य उपन्यासकारहरूमा विजय मल्लका **अनुराधा** र **कुमारी शोभा** विश्वेश्वरप्रसाद कोइरालाका **तीन घुम्ती**, **नरेन्द्र दाइ** र **सुम्निमा** तारणीप्रसाद कोइरालाको **सर्पदंश** नकुल सिलवालको **तेस्रो पाइला**, इन्दिरा प्रसाईंको **विश्वामित्र** आदि रहेका छन् ।

### ३.३.३.७  प्रकृतवादी धारा

डार्विनको विकासवाद तथा जीववैज्ञानिक र भौतिकशास्त्रीय मान्यताहरूमा आधारित उपन्यास लेखनलाई प्रकृतवादी उपन्यास भनिन्छ । मान्छे संसारमा अन्य प्राणीजस्तै प्रकृतिमै विकसित भएकोले उसमा पशुसुलभ आकर्षण, विकर्षणका सबै गुणहरू उत्तिकै विद्यमान रहन्छन् । यसै तथ्यलाई स्वीकारेर प्रकृतिवादी मान्छेलाई काम, क्रोध र वासनाजस्ता मनोभावनाहरूको समष्टि हो भन्ने ठान्दछन् र उसका अर्थहीन आचरण, कामासक्त चेष्टा, अहङ्कारबाट उत्पन्न वृत्तिहरूलाई विषेशरूपबाट हेर्ने र त्यसको यथार्थलाई प्रस्तुत गर्ने काम गर्छन् । गोविन्दबहादुर मल्ल 'गोठाले' को **पल्लो घरको झ्याल** (२०१६) मा यस वादको आंशिक प्रयोग पाइए तापनि नेपाली साहित्यमा शङ्कर कोइरालाको **खैरिनीघाट** (२०१८) बाट नै यसको विशेष प्रयोग भएको पाइन्छ । यस धारामा रहेर लेखिएका अन्य प्रमुख उपन्यासहरूमा पारिजातको **अन्तर्मुखी**, भवानी भिक्षुको **पाइप नम्बर २,** इन्द्रबहादुर राईको **आज रमिता छ,**  धुव्रचन्द्र गौतमको **उपसंहार अर्थात् चौँथो अन्त्य** आदि रहेका छन् ।

### ३.३.३.८ विसङ्गतिवादी धारा

जीवनजगत्का कुनै पनि वस्तु, विचार वा क्रियाकलाप सङ्गति नभएको देख्ने साहित्यिक दृष्टिकोण वा धारणामा विश्वास गर्नेहरूलाई विसङ्गतिवादी भनेर परिभाषित गरिएको छ । जीवन निरर्थक र निस्सार छ भन्ने बोध एवम् विसङ्गत र निस्सार हुँदाहुँदै पनि मान्छेले त्यसको सामना गर्नुपर्छ भन्ने अस्तित्ववादी दृष्टिकोणपनि विसङ्गतिवादी चिन्तन हो । विसङ्गति भनेको निस्सार तथा शून्यता हो । जब आदर्श, आस्था, नैतिकता र मूल्यका सम्पूर्ण आधारहरू नित्सेको **ईश्वरको मृत्यु** भएको  घोषणसँग ढले, त्यसपछि मान्छेको जीवन निस्सार, असङ्गत तथा शून्य छ भन्ने बोध

पश्चिमेलीहरूलाई भयो । जीवनलाई दिइने कुनै पनि मूल्यको कुनै अर्थ नभएकोले जीवनजगत् पनि व्याख्या गर्न लायक छैन भन्ने कुरा विसङ्गतिवादीहरू मान्दछन् । नेपाली साहित्यमा इन्द्रबहादुर राईको **आज रमिता छ** (२०२०) उपन्यासबाट यस धाराको आरम्भ भएको हो । यसै धाराअन्तर्गत रहेर लेखिएका अन्य प्रमुख उपन्यासहरूमा उपन्यासकार पारिजातका **शिरीषको फूल** र **महत्ताहीन**, धुव्रचन्द्र गौतमका **अन्यपछि , बालुवामाथि** र **डापी**, दौलतविक्रम विष्टको **चपाइएका अनुहार** रहेका छन् ।

### ३.३.३.९ अस्तित्ववादी धारा

मानवको जन्म, मृत्यु, कुण्ठा सन्त्रास आदिमा सही अर्थ खोज्ने साहित्यिक मान्यतामा आधारित उपन्यास लेखन नै अस्तित्ववादी उपन्यास हो । मान्छे स्वतन्त्र प्राणी हो तसर्थ उसले आफ्नो भविष्यको निर्धारण आफैँ गर्छ र त्यसको उत्तरदायित्व पनि स्वयम् नै बहन गर्नुपर्छ भन्ने चिन्तन अस्तित्ववादीको दृष्टिकोण हो । मानिस आफ्नो इच्छा बिरुद्ध जन्मन्छ र इच्छाबिना नै मर्दछ । यही चरम विसङ्गतिका बीच पनि मान्छेले आफ्नो अस्मिता आफैँ छाम्नुपर्छ, आफ्नो जीवनको अर्थ आफैँ खोज्नुपर्छ । नेपाली साहित्यमा पारिजातको **शिरीषको फूल** (२०२२) उपन्यासबाट यस धाराको उदय भएको हो । बाध्यतावश नै भए पनि सक्रिय जीवनको आवश्यकता माथि जोड दिनु यस वादको मुटु हो । अस्तित्ववादी प्रवृत्ति बोकेका अन्य उपन्यसहरूमा पारिजातकै **महत्ताहीन** र **अन्तर्मुखी** धुव्रचन्द्र गौतमका **अन्त्यपछि, बालुवामाथि** र **डापी**, विश्वेश्वरप्रसाद कोइरालाका **तीन घुम्ती**,**नरेन्द्र दाइ**, **सुम्निमा** र **मोदीआइन**, सरुभक्तका **पागल बस्ती र तरुनी खेती** आदि रहेका छन् । त्यसैगरी गोविन्दराज भट्टराईद्वारा लिखित **सुकरातका पाइला (वि.सं.२०६३)** उपन्यास पनि यो वादसँग सम्बन्धित छ । उक्त उपन्यासको पात्र अनन्त अस्तित्व रक्षाको लागि लामो समयसम्म सङ्घर्ष गर्छ । अन्त्यमा जीवनदेखि नै हारेर आत्महत्याको बाटो अङ्गाल्छ ।

### ३.३.३.१० प्रयोगवादी धारा

परम्परागत कथानक, चरित्र, वातावरणजस्ता उपन्यासका तत्त्वहरूलाई वहिष्कार गरी अमूर्त नवीन उपन्यास लेखन परम्परामा आधारित उपन्यास प्रयोगवादी उपन्यास हो । नेपाली उपन्यास परम्परामा अनेक प्रयोग भएका छन् । परम्पराभन्दा भिन्न शैली, नवीन कथ्यसंरचना आदिको प्रयोग गर्ने परम्परा नै प्रयोगवाद हो । यस वादले परम्परित धारमा हिँड्न छोडेर नयाँ गोरेटो निर्माण गरी नयाँ कथ्य र शिल्प अँगालेर साहित्यसृजना गर्न जोड दिन्छ । नेपाली उपन्यासको क्षेत्रमा धुवचन्द्र गौतमको **अन्त्यपछि** (२०२४) बाट प्रयोगवादी उपन्यास लेखन आरम्भ हुन्छ । यस धारामा रहेर लेखिएका अन्य उपन्यासहरूमा धुवचन्द्र गौतमकै **बालुवामाथि**, **डापी**, **अलिखित**, **उपसंहार अर्थात् चौथो अन्त्य** मञ्जुलको **छेकुडोल्मा**, जगदीश घिमिरेको **सावित्री** कवितारामको **बकपत्र**, दसजना लेखकको संयुक्त लेखन **आकाश विभाजित छ**, तेह्रजना लेखकहरूको **अवतार विघटन** तीन लेखकहरूको **देहमुक्त**, दुई लेखकहरूको **ज्यागा** आदि रहेका छन् ।

## ३.३.३.११ प्रगतिवादी धारा

प्रगतिवाद कार्ल मार्क्सको ऐतिहासिक द्वन्द्वात्मक भौतिकवादमा आधारित दृष्टिकोण हो । यसले वस्तु वा पदार्थलाई मूल वा चरम सत्यका रूपमा स्वीकारेर बुद्धि, विचार वा चेतनालाई त्यसैको प्रतिबिम्ब मान्दछ । संसार परिवर्तनशील छ भन्दै हरेक वस्तुमा विरोधी तत्त्वको सङ्घर्ष पनि विद्यमान हुन्छ भन्ने कुरामा विश्वास राख्ने यो वाद भौतिक परिस्थितिले नै व्यक्तिको व्यक्तिगत चेतना निर्माण गर्दछ भन्ने धारणा राख्दछ । साहित्य वर्गीय हुन्छ र त्यो सबै सर्वहाराको मुक्तिकामी हुनुपर्छ । शोषक वर्गको विरोध र शोषित वर्गको पक्षमा बोल्नुपर्छ । शोषितहरूलाई सङ्गठित गर्दै बुर्जुवाहरूका विरुद्ध उभ्याउनुपर्छ भन्ने विचार यस वादमा पाइन्छ । यसवादका सर्जकहरू मार्क्सवादको द्वन्द्वात्मक भौतिकवादमा आधारित लेखनलाई प्राथमिकता दिन्छन् । नेपाली साहित्यमा डी.पी. अधिकारीको **आशमाया** (२०२५) बाट यस धाराको उपन्यासलेखन सरू भएको हो । यस धाराका अन्य औपन्यासिक कृतिहरूमा डी.पी. अधिकारीको **धर्ती अझै बोल्दै छ**, पारिजातका **बैंसको मान्छे**, **तोरीबारी बाटा र सपनाहरू**, **पर्खालभित्र र बाहिर**, **उसले रोजेको बाटो** रमेश विकलको **अबिरल बग्दछ इन्द्रावती**, सञ्जय थापाको **देउमाइको किनारमा** ऋषिराज बरालको **कमरेड हुतराजको राजधानी प्रस्थान** आदि रहेका छन् ।

## ३.३.३.१२ मिथकीय धारा

मानवसभ्यताको आदिम संस्कारहरूको नवीन ढङ्गले पुन:सिर्जन गरेर लेखिएका उपन्यासहरूलाई मिथकीय उपन्यास भनिन्छ । मिथककै मध्यमबाट मानवले साहित्यसृजनाको संस्कार आर्जन गरेको भन्ने बुझिन्छ । मिथकको सङ्कलित भण्डारलाई ‘पुराण’ र मिथकलाई ‘पुराकथा’ पनि भनिन्छ । मिथकहरू मूलत: जीवन र जगतको उत्पत्तिसँग सम्बन्धित हुन्छन् र यिनै मिथकहरूलाई पुन:सिर्जन गर्ने काम साहित्यकारहरूले गरेको पाइन्छ । नेपाली उपन्यासमा विश्वेश्वरप्रसाद कोइरालाको **सुम्निमा** (२०२७) बाट यस धाराको थालनी भएको हो । यसै धारामा आधारित अन्य उपन्यासहरूमा मदनमणि दीक्षितका **माधवी** र **त्रिदेवी**, ध्रुवचन्द्र गौतमका **डापी**, **अग्निदत्त+अग्निदत्त**, राजेश्वर देवकोटाको **द्वन्द्वको अवसान**, दौलतविक्रम विष्टको **ज्योतिज्योति महाज्योति,** विनोदप्रसाद धितालको **योजनगन्धा** आदि रहेका छन् ।

## ३.३.४ निष्कर्ष

उपन्यास शब्द संस्कृतको तत्सम शब्द हो । उपन्यास विधा पाश्चात्य साहित्यको देन भए पनि नेपाली साहित्यमा शक्तिबल्लभ अर्ज्यालको **महाभारत विराट पर्व** अनूदित कृतिबाट आख्यानको प्रारम्भ भएको भटिन्छ । प्राथमिककाल उपन्यास लेखनको पृष्ठभूमि बन्न पुग्यो । माध्यमिक कालले उपन्यास लेखनलाई एउटा मार्ग दिने काम गऱ्यो भने आधुनिककालले नवीन मूल्य र मान्यतालाई स्थापित गर्ने काम गऱ्यो । हाल नेपाली उपन्यासका फाँटमा नयाँनयाँ प्रयोग भएका छन् । यो विधा आफ्नै मौलिक स्वरूप तथा संरचनाका साथ यथार्थको धरातलमा उभिन सक्षम भएको छ ।

आधुनिक कालको प्रारम्भसँगै नेपाली उपन्यासको मूल्य र मान्यतामा परिवर्तन आएको देखिन्छ । आधुनिक कालमा लेखिएका उपन्यासहरूले मध्यकालीन कृत्रिमता, रोमाञ्चक र अतिमानवीयजस्ता प्रवृत्तिलाई छोड्दै यथार्थको धरातल पक्रिन सफल भएका छन् । यस अवधिमा नेपाली उपन्यासमा विविध धारा र प्रवृत्ति देखा परेका छन् । आदर्शोन्मुख यथार्थवादी धारा, स्वच्छन्दवादी धारा, सामाजिक यथार्थवादी धारा, अतियथार्थवादी धारा, आलोचनात्मक यथार्थवादी धारा, मनोविश्लेषणवादी धारा, प्रकृतवादी धारा, विसङ्गतिवादी धारा, अस्तित्ववादी धारा, प्रयोगवादी धारा, प्रगतिवादी धारा, मिथकिय धाराजस्ता विविध धाराको प्रयोग भएको छ । उपान्यास अन्य साहित्यिक विधाभन्दा बढी गहन र रोचक, जीवनलाई सशक्त ढङ्गले नियाल्ने विधा भएकोले नेपाली गद्याख्यानमा यसको महत्त्व दिनप्रतिदिन बढिरहेको छ ।

# परिच्छेद : चार
# गोविन्दराज भट्टराईको उपन्यासकारिता

## ४.१ उपन्यासकार गोविन्दराज भट्टराईको औपन्यासिक यात्रा

उपन्यासकार गोविन्दराज भट्टराईको पहिलो उपन्यास **मुगलान** (२०३१) हो । प्रकाशनका दृष्टिले भट्टराईका हालसम्म तीनओटा उपन्यासहरू प्रकाशित भएका छन् । उनको औपन्यासिक यात्राको समयावधि तीनदशकभन्दा लामो देखिन्छ । युवाजोसमा **मुगलान** सँगै जुर्मराएका भट्टराई **मणिपुरको चिठ्ठी** (२०३४) प्रकाशन भएपछि सुस्ताएका देखिन्छन् । उनको साहित्यिक यात्रा विभिन्न विधामा झाङ्गिएको छ । नेपाली साहित्यका आख्यान, निबन्ध, समालोचना, अनुवाद साहित्य आदि विविध विधामा सफलतापूर्वक कलम चलाएका भट्टराई बहुमुखी प्रतिभाका धनी बन्न पुगेका छन् । भट्टराईले २०३१ साल साउन १५ गतेको गोरखापत्रमा **नदीका दुई किनारा** शीर्षकको कथा छपाएर नेपाली साहित्यमा प्रवेश गरेका थिए ।

साहित्यकार भट्टराईले २०३१ देखि २०४८ सम्म उपन्यास, कथा, निवन्ध र समालोचनाको क्षेत्रमा कलम चलाएको देखिन्छ । वि.सं. २०४९ देखि भट्टराई विशेषतः समालोचनाको क्षेत्रमा बढी सक्रिय र प्रखर भएर लागेको देखिन्छ । उनको समग्र साहित्यको मूल्याङ्कन गर्दा वि.सं.२०३१ देखि २०४८ सम्म पहिलो चरण र **काव्यिक आन्दोलनको परिचय** २०४९ देखि हालसम्मको अवधिलाई दोस्रो चरण भन्न सकिन्छ ।[1] पहिलो चरणमा स्वच्छन्द ढङ्गले उठेको भट्टराईको कलम दोस्रो चरणमा बढी परिष्कृत र परिपक्व देखिन्छ । पहिलो चरणमा **मुगलान** (२०३१) र **मणिपुरको चिठ्ठी** (२०३४) उपन्यासहरू, **तीनधारा** (२०३५सह.) कथा सङ्ग्रह, **नेपाली ध्वनिशास्त्र** (२०३९सहलेखन) प्रकाशित भएका छन् । यो चरणमा उनका समालोचनात्मक लेखहरू थुप्रै पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् । पहिलो चरण भट्टराईको लागि आभ्यासिक चरणजस्तै बन्न पुगेको छ । दोस्रो चरणमा प्रकाशित भएका उनका प्रमुख कृतिहरू **काव्यिक आन्दोलनको परिचय** (२०४९), **एक्लै, एक्लै, एक्लै** (२०६०) **विश्वविद्यालयमा अग्निपूजा** (२०६१), **पश्चिमी बलैंसीका बाछिटा** (२०६१), **आख्यानको उत्तरआधुनिक पर्यावलोकन** (२०६१), **उत्तरआधुनिक ऐना** (२०६२), **सुकरातका पाइला** (२०६३) र **उत्तरआधुनिक विमर्श** (२०६४) हुन् । नेपाली साहित्यका ज्ञाता भट्टराईले दोस्रो चरणमा विशेषतः उत्तरआधुनिक विश्लेषण र खोजलाई बढी समय दिएको पाइन्छ । विश्वसाहित्यमा फस्टाएको उत्तरआधुनिकतावादको व्याख्याताको रूपमा भट्टराई अग्रपङ्क्तिमा रहेका छन् ।

बहुमुखी प्रतिभाशाली भट्टराईको साहित्यिक आयाममा विविधता छ । उनी आख्यानको क्षेत्रमा पनि अब्बल दर्जाका आख्यानकारका रूपमा स्थापित भइसकेका छन् ।

---

१.वीरेन्द्र नेपाल, **गोविन्दराज भट्टराईको जीवनी, व्यक्तित्व र कृतित्व** ( अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, २०६४) पृष्ठ ५३ ।

उपन्यासकारका रूपमा भट्टराईलाई हेर्दा तेस्रो उपन्यास **सुकरातका पाइला** (२०६३) सम्म आउँदा उनको कलम निकै खारिएको पाइन्छ । हालसम्म प्रकाशित तीनओटा उपन्यासलाई आधार बनाएर हेर्दा विभिन्न आधारमा गोविन्दराज भट्टराईको औपन्यासिक यात्राको चरण विभाजन यसरी गर्न सकिन्छ :

(क) भट्टराईका पूर्वचरणका दुई उपन्यास **मुगलान र मणिपुरको चिठ्ठी** तथा पछिल्लो उपन्यास **सुकरातका पाइला** बीच शैली र संरचनागत फरक देखिन्छ ।

(ख) उनको नयाँ उपन्यास **सुकरातका पाइला** मा युद्धको वर्णन गर्नुका साथै बौद्धिक विमर्श प्रस्तुत गरिएको छ ।

(ग) नयाँ उपन्यास **सुकरातका पाइलामा वि**निर्माण , विधाभञ्जन, द्विचर विरोधजस्ता नवीन मान्यताहरूको प्रयोग गरिएको छ ।

(घ) गोविन्दराज भट्टराईले **मुगलान** उपन्यासमा नेपालीले प्रवासमा भोग्नु परेका दुःखान्त घटनाको यथार्थ चित्रण गरेका छन् भने सुकरातका पाइलामा २०५० का दशकमा नेपाली आँगनमा चलेको गृहयुद्धको फेहरिस्त प्रस्तुत गरेका छन् ।

(ङ) उनका पूर्व दुई उपन्यासमा विषयवस्तुलाई सरल र सहज ढङ्गले प्रस्तुत गरिएको छ भने **सुकरातका पाइलामा** विषयवस्तुलाई दार्शनिक ढङ्गले व्याख्या गरिएको छ ।

उपर्युक्त आधारलाई विश्लेषण गर्दा उनको औपन्यासिक यात्रालाई यसरी दुई चरणमा विभाजन गर्न सकिन्छ :-

**अ. पहिलो चरण ( वि.सं.२०३१-२०६२)**

**आ. दोस्रो चरण ( वि.सं.२०६३-हालसम्म)**

### ४.१.१ पहिलो चरण

गोविन्दराज भट्टराईको औपन्यासिक यात्राको आरम्भ **मुगलान** (वि.सं.२०३१) देखि भएको हो । उनले एक्काईसौं वर्षको उमेरमै भावनाको उर्लंदो बेगमा आएर यो कृतिको रचना गरेका हुन् । **मुगलान** उपन्यास प्रकाशन भएको तीन वर्षपछि फेरि भट्टराईले **मणिपुरको चिठ्ठी** ( वि.सं.२०३४) प्रकाशन गरे । कृष्णहरि बराल र नेत्र एटमद्वारा लिखित **उपन्यास सिद्धान्त र नेपाली उपन्यास** भन्ने पुस्तकअनुसार उपन्यासकार भट्टराईलाई सामाजिक यथार्थवादी उपन्यासकारका रूपमा चिनाइएको छ ।

गोविन्दराज भट्टराईद्वारा लिखित उक्त दुई उपन्यासहरूले परम्परालाई नै पछ्याएका छन् । उनको पहिलो कृति **मुगलान**ले बेजोड कथानक बोकेर आएको छ । कथानकको हिसाबले उनी यस उपन्यासमार्फत स्थापित उपन्यासकारको रूपमा चिनिन पुग्दछन् । यो एउटा लघु उपन्यास हो । यसमा उपन्यासकारले नेपाली पहाडी वस्तीका अशिक्षित, सोझा र बेरोजगार युवाहरू मुगलानलाई

स्वप्निल संसार ठान्दै ठूलो महत्वाकाङ्क्षा बोकेर जाने र विदेशी दलालको फन्दामा परेर बर्बादी हुने गरेको कारुणिक कथालाई समेटेका छन् । उपन्यासमा प्रवेश गरेपछि त्यसभित्रको घटनाक्रमले अनैाठोसँग तान्छ र पाठक कारुणिकतामा डुबुल्की मार्न बाध्य हुन्छन् । कुनै पनि पाठक उपन्यास भित्र छिरेपछि त्यसलाई छिचोलेर मात्र बाहिर निस्कन्छन् । विदेशी भूमिमा नेपालीहरूको यायावरीय जीवनको चित्रण गर्ने यो एउटा उत्कृष्ट उपन्यास हो । **मुगलान** भट्टराईद्वारा सृजित निश्छलमनको मौलिक उपन्यास हो । यस उपन्यासमा रोजीरोटीको लागि भुटानमा गएर बसेका नेपालीहरूको यथार्थ चित्रण गरिएको छ । उपन्यासमा भट्टराईले आफू भुटान जाँदा देखेका भोगेका र सुनेका घटनालाई इमान्दार ढङ्गले प्रस्तुत गरेका छन् । औपन्यासिक सिद्धान्तको कसीमा **मुगलान** उपन्यास फितलो देखिए तापनि उपन्यासले लिनुपर्ने गति र देखाउनुपर्ने घटनालाई सबल ढङ्गले साङ्गोपाङ्ग पारिएको छ । भावात्मक प्रस्तुतिका हिसाबले उपन्यास उत्कृष्ट रहेको छ ।

उपन्यासकार भट्टराईको दोस्रो उपन्यास **मणिपुरको चिट्ठी** (२०३४) हो । प्रस्तुति र संरचनाका हिसावले दुबै उपन्यास एउटै धरातलमा उभिएका छन् । समग्रमा यो उपन्यासले सामाजिक यर्थाथवादलाई पछ्याएको भए तापनि यसमा आलोचनात्मक यथार्थवाद पाइन्छ । उपन्यास **मणिपुरको चिट्ठी**ले औपन्यासिक मूल्य र मान्यतालाई पालना गरेको भए तापनि अपेक्षाकृत सफल हुन सकेन । लघु आयामको यो उपन्यासमा जम्मा ६९ पृष्ठ रहेका छन् । यो उपन्यास म पात्रको आत्मसंस्मरणात्मक पद्धतिमा पूर्वस्मृतिको शैलीमा लेखिएको छ । उपन्यासमा उपन्यासकी नायिका शोभाले आफ्नो श्रीमान् लीलानाथको अत्याचारको विरुद्ध सङ्घर्ष गर्दै जेठो कामीसँग अन्तर्जातीय विवाह गरी समाजलाई चुनौती दिएकी छे । नारी स्वतन्त्रताको आवाज उठाउँदै जातीय भेदभावको विरुद्धमा उपन्यासकार उभिएका छन् । यो उपन्यासको विषयवस्तु सबल हुँदाहुँदै शैली र भाव पक्ष कमजोर रहेको कुरा स्विकार्दै आफू यस कृतिबाट सन्तुष्ट नरहेको कुरा स्वयम् उपन्यासकारले बताएका छन् ।[२]

### ४.१.२ दोस्रो चरण

गोविन्दराज भट्टराईको तेस्रो उपन्यास **सुकरातको पाइला** (वि.सं.२०६३) हो । भट्टराईले दोस्रो औपन्यासिक कृतिको प्रकाशन गरेपछि झन्डै २९ वर्षको अन्तरालमा प्रकाशित गरिएको **सुकरातका पाइला** उपन्यास **मुगलान** (वि.सं.२०३१) र **मणिपुरको चिट्ठी** (वि.सं.२०३४) भन्दा भिन्न र सशक्त छ । 'भट्टराईको नवीन उपन्यास पूर्व प्रकाशित दुई उपन्यासहरूभन्दा भिन्न समय र परिवेशमा प्रकाशित भएको छ । भट्टराईको प्रस्तुत उपन्यासमा पनि भाषा, प्रस्तुति, चरित्र, परिवेश आदि विविध दृष्टिबाट अनेक सार्थक प्रयोगहरू र अनेक महत्त्वपूर्ण नौल्याइँहरूले मनग्ये ठाउँ पाएका छन् ।'[२] भट्टराईको पछिल्लो उपन्यास **सुकरातका पाइला** मा प्राज्ञिक व्यक्तित्वको प्रतिच्छाया र नवीन शैली पाइन्छ । 'उपन्यासभित्र उत्तरआधुनिकवादको अभिलक्षण प्रस्तुतिमा जति मात्रामा भेटिन्छ त्योभन्दा कता हो कता बढी अर्न्तवस्तुमा अटाएको बोध हुन्छ ।'[३] भट्टराईको उपन्यास **सुकरातको पाइला** मा नेपालमा घटेको दशवर्षे जनयुद्धको सशक्त चित्रण गरिएको छ ।

---

२. मोहनराज शर्मा, *नौलो औपन्यासिक पाइलो : सुकरातका पाइला*, ***गरिमा***,(वर्ष २५,अंक ४,पूर्णाङ्क २९२,) पृष्ठ ४७ ।

३. ज्ञानू पाण्डे, **सुकरातका पाइला**, भूमिकाबाट ।

यसरी गोविन्दराज भट्टराईको औपन्यासिक यात्रामा पछिल्लो उपन्यास **सुकरातका पाइला**मा विषयवस्तु, शैली र प्रस्तुति नवीन भएको हुनाले यस उपन्यासबाट दोस्रो चरणको थालनी भएको छ । उनको औपन्यासिक यात्रामा २०६३ देखि दोस्रो चरणको सुरुवात हुन्छ भन्ने कुरालाई उपर्युक्त सन्दर्भमा पुष्टि गर्न सकिन्छ ।

## ४.२ उपन्यासकार भट्टराईका औपन्यासिक प्रवृत्तिहरू

उपन्यासकार गोविन्दराज भट्टराईका हालसम्म प्रकाशित तीन औपन्यासिक कृतिहरू **मुगलान (२०३१) मणिपुरको चिट्ठी (२०३४) र सुकरातका पाइला (२०६३)** रहेका छन् । यिनै तीनओटा उपन्यासहरूलाई आधार मानेर हेर्दा उपन्यासकार भट्टराईका विविध प्रवृत्तिहरू देखा परेका छन् । **मुगलान** उपन्यासमा सामाजिक यथार्थवादलाई अङ्गालेका भट्टराईले तेस्रो उपन्यास **सुकरातका पाइला**सम्म आइपुग्दा उत्तरआधुनिक सिद्धान्तको प्रयोग गरेका छन् । उपन्यासकार भट्टराईले पछिल्लो उपन्यास **सुकरातका पाइला**मा नेपालमा माओवादीद्वारा चलाइएको सशस्त्र जनयुद्धको चित्रण गरिएको छ । जुन नवीन प्रयोग हो । भट्टराईको उपन्यासहरूमा देखिएका प्रवृत्तिहरूमा तल चर्चा गरिएको छ ।

### ४.२.१ सामाजिक यथार्थवादी उपन्यासकारका रूपमा भट्टराई

गोविन्दराज भट्टराई सामाजिक यथार्थवादी उपन्यासकार हुन् । यिनका उपन्यासमा समाजमा पाइने घटना पात्र र विषय प्रयोग पाइन्छ । यिनले समाजको यथार्थ चित्रलाई आफ्ना उपन्यासमा उतारेका छन् । भट्टराईले आफ्ना उपन्यासमा कल्पनाको रङ्ग नदिई समाज जस्तो छ त्यस्तै रूपमा उतारेका छन् । भट्टराईले समकालीन घटना र परिस्थितिको चित्रणमा जोड दिएका छन् । यिनका उपन्यासमा समाज र मान्छेको सम्बन्धलाई केलाएर हेर्नुका साथै गरिबका पीडा र उदासीको यथार्थ चित्रण गरिएको छ । उनको **मुगलान** उपन्यासमा सुतार कान्छाले भुटानमा गएर भोग्नु परेको दुःखान्त कथालाई मार्मिक ढङ्गले यथार्थ रूपमा प्रस्तुत गरिएको छ ।

### ४.२.२ कारुणिक उपन्यासकारका रूपमा भट्टराई

गोविन्दराज भट्टराई कारुणिक उपन्यासकार हुन् । उनका उपन्यासमा करुणा र भयको सञ्चार पाइन्छ । उनको **मुगलान** उपन्यासमा करुणा र भयको आधिक्यता पाइन्छ, जसको कारण उपन्यास दुःखान्त बन्न पुगेको छ । भट्टराईको **मुगलान** उपन्यासमा सुतार कान्छो, ठूले, कार्की जस्ता पात्रहरुको कारुणिक अन्त्य भएको छ भने **मणिपुरको चिट्ठी**मा शोभा श्रीमान्बाट हेलित भएपछि जेठो कामीसँग विवाह गर्छे । उसको पनि मृत्यु भएपछि उसको जीवन अन्योलग्रस्त बनेको छ । त्यसै गरी **सुकरातका पाइला** उपन्यासमा अनन्त, पूर्णिमा, भक्तमान, चित्राखरजस्ता पात्रको कारुणिक अन्त्य भएको छ । उनको उपन्यासमा कारुणिकताका साथै निराशावाद पनि त्यत्तिकै पाइन्छ । उनको **सुकरातको पाइला** उपन्यासमा घोर निराशावाद रहेको छ । उनका तीनओटै उपन्यासहरू करुणाले

भरिएका छन् । उनका उपन्यासका पात्रहरू अगाडि बढ्न चाहँदाचाहँदै र सङ्घर्ष गर्दागर्दै पनि विपत्मा फसेर आफैँ समाप्त भएका छन् ।

### ४.२.३ आलोचनात्मक यथार्थवादी उपन्यासकारका रूपमा भट्टराई

उपन्यासकार गोविन्दराज भट्टराई समस्यावादी उपन्यासकार हुन् । यिनले सामाजिक समस्यालाई खोज्ने र तिनको समस्या पहिल्याउने प्रयास गरेका छन् । भट्टराई आफ्ना उपन्यासमा सामाजिक विकृति र विसङ्गतिको चित्रण गरेका छन् । समाजलाई पतनमा लैजाने तत्त्वहरूको सूक्ष्म विश्लेषण गरी प्रकाशमा ल्याउने प्रयत्न गरेका छन् । उनका उपन्यासमा कुरीति अन्धविश्वास तथा सडेगलेका विचारको निन्दा र आलोचना गरिएको छ । उनको **मुगलान** र **मणिपुरको चिट्ठी**जस्ता उपन्यासहरूमा शोषण, दमन र भेदभावयुक्त प्रवृत्तिको विरोध गरिएको छ ।

### ४.२.४ अस्तित्ववादी उपन्यासकारका रूपमा भट्टराई

उपन्यासकार गोविन्दराज भट्टराई अस्तित्ववादी उपन्यासकार हुन् । विशेष गरी उनको पछिल्लो उपन्यास **सुकरातका पाइला**मा यो चिन्तन पाइन्छ । मान्छे आफ्नो निर्णय आफैँ गर्छ र आत्मसत्ता स्थापनाका लागि उत्तरदायित्व पनि आफैँ लिन्छ भन्ने दृष्टिकोण उनको उपन्यासमा प्रस्तुत गरिएको छ । उपन्यासकार भट्टराईको **सुकरातका पाइला** उपन्यासमा सुकरातले अनन्तलाई 'मानिसको निणर्यकर्ता ऊ स्वयम् हो, अरू कोही होइन' भनेको छ । जीवन निस्सार, शून्य र निस्प्रयोजनीय भए पनि यहाँ केही गरेर बाँच्नुपर्छ भन्ने धारणा अस्तित्ववादीहरूको रहेको हुन्छ । उनका उपन्यासका पात्रहरूमा जीवनका जिजीविषा उत्साह र क्रियाशीलतामा कमी हुनाका साथै विसङ्गतिको भयावह सन्त्रास देखिन्छ । संवेदनहीन र निरर्थकताभित्र रुमलिएका पात्रहरूको प्रस्तुति भेटिन्छ । भट्टराईको पछिल्लो उपन्यास **सुकरातका पाइला** विचारको प्रबलताले गर्दा बौद्धिक उपन्यास बन्न पुगेको छ ।

### ४.२.५ प्रयोगवादी उपन्यासकारका रूपमा भट्टराई

उपन्यासकार गोविन्दराज भट्टराईमा नयाँ प्रयोग गर्ने रुचि भेटिन्छ । उनका **मणिपुरको चिट्ठी** र **सुकरातका पाइला** उपन्यासमा प्रयोगवादी प्रवृत्ति भेटिन्छ । **मणिपुरको चिट्ठी** मा रूढिवादी परम्पराको विरुद्ध अन्तर्जातीय विवाह देखाइएको छ । साथै पुरुषको अत्याचार विरुद्ध पनि आवाज उठाइएको छ । भट्टराईले नवीन चिन्तनका साथ पछिल्लो उपन्यास **सुकरातका पाइला** लेखेका छन् । यस उपन्यासमा प्रयोगवादी चिन्तन घनीभूत रूपमा रहेको छ । यसमा भट्टराईले नेपालमा माओवादीले चलाएको दशवर्षे जनयुद्धलाई विषयवस्तु बनाएका छन् । युद्धलाई यसरी सार्थक ढङ्गले प्रयोग गर्नु नै प्रयोगवादको लक्षण हो ।

### ४.२.६ उत्तरआधुनिक दर्शनको प्रयोगकर्ताका रूपमा भट्टराई

गोविन्दराज भट्टराई उत्तरआधुनिक साहित्य सृजनाका व्याख्याता मानिन्छन् । उनको पछिल्लो उपन्यास **सुकरातका पाइला** मा यही मान्यता र दर्शनको प्रयोग भएको छ । नेपालमा घटेको दशवर्षे युद्धको पृष्ठभूमिमा यो उपन्यास तयार पारिएको छ । यस उपन्यासमा अखबारका कटिङ्हरूको उद्धरण , गजलको प्रयोग र आत्महत्यासम्बन्धी विमर्शलाई समावेश गरिएको छ । त्यसै गरी यस उपन्यासमा नीलिमा र सुकरातको विवाहलाई पनि उत्तरआधुनिक शैलीबाट देखाउन खोजिएको छ । उनीहरू जीवनको उत्तरार्धमा विवाहबन्धनमा बाधिन्छन् तर नीलिमा पुरुषसत्ताको केन्द्रलाई भत्काउँदै स्वतन्त्र र आधुनिक शैलीको श्रीमतीको रूपमा जीवनयापन गर्छे । यसरी अन्तरविषयक, विधाभञ्जन, अनिश्चितता, तात्कालिकता, अराजकता, प्रतिआख्यानात्मकजस्ता विशेषता उनका कृतिमा पाइने भएकाले उनलाई उत्तरआधुनिक साहित्यका प्रयोगकर्ता भन्न सकिन्छ ।

### ४.२.७ युद्धसाहित्यका प्रयोगकर्ताका रूपमा भट्टराई

उपन्यासकार गोविन्दराज भट्टराईले नेपाली भूमिमा चलेको माओवादीको दशवर्षे जनयुद्धलाई विषयवस्तु बनाएर **सुकरातका पाइला** नामक कृतिको रचना गरेका छन् । यस उपन्यासमा २०५२ देखि जनआन्दोलन २०६२/०६३ सम्म घटेका विभिन्न घटनाहरू प्रस्तुत गरिएका छन् । उपन्यासभित्र प्रस्तुत गरिएका केही घटनाहरूका स्वरूप यी रहेका छन् :-

> “करिब ६०० मानव देह रातभरिमा समाप्त भए । अरु पशुप्राणी, धनजन, भौतिक सम्पदाको कुरै गरी साध्य थिएन । कति भयावह, कति क्रूर, कति बर्बर ! युद्धमा उत्रेपछि बर्बरताभन्दा दोस्रो गुण केही बाँकी हुँदैन । रातभरि चारैतिरबाट घेरा हालेर बिजुली, टेलिफोन काटिदिए, भाग्ने ठाउँ बन्द गरेर गोलाबारी गर्न थाले । दुवै तिरको फायरिङ डरलाग्दो भयो । मानिसको चीत्कार , रोदनक्रन्दनले पर्वतहरू थतर्किए ।”[४]

त्यसै गरी गाउँगाउँमा परेको युद्धको मारलाई यसरी देखाइएको छ :-

> “गाउँमा सिपाहीका स्वास्नीहरू काटिए, आर्मीका आमाहरू घर निकाला भए, मिलिसियामा लाग्न हिँडेका युवतीहरू बसेकै ठाउँमा मारिए, विद्यालय हिँडेका नानीहरू अपहृत भए ।”[५]

यसरी **सुकरातका पाइला** नामक उपन्यासभित्र युद्धको बर्णन र कारुणिक दृष्यहरूलाई समेटिएको छ । **सुकरातको पाइला** उपन्यासमा ज्ञानू पाण्डेद्वारा लेखिएको भूमिकाको शीर्षक नै युद्धसाहित्यको एक उत्कृष्ट नमुना **सुकरातका पाइला** रहेकोले भट्टराईद्वारा लेखिएको **सुकरातका पाइला** उपन्यास युद्धसाहित्यमा आधारित छ भन्न सकिन्छ । उपन्यास **सुकरातका पाइला**लाई हेरेर उपन्यासकार भट्टराईलाई युद्धसाहित्यका सफल प्रयोगकर्ता मान्न सकिन्छ ।

---

४. गोविन्दराज भट्टराई, **सुकरातका पाइला**, पूर्ववत् , पृष्ठ ५९ ।

५. गोविन्दराज भट्टराई, पूर्ववत् , पृष्ठ ६६ ।

## ४.३ नेपाली उपन्यास साहित्यमा गोविन्दराज भट्टराईको योगदान र स्थान

उपन्यासकार भट्टराई नेपाल र नेपालीका पीडा अनुभूति गर्दै सामाजिक यथार्थवादी उपन्यास लेख्ने स्रष्टा हुन् । बहुआयामिक व्यक्तित्वका धनी गोविन्दराज भट्टराई वर्तमान नेपाली समालोचना साहित्यका पनि उत्कृष्ट धरोहर मानिन्छन् । उत्तरआधुनिक समालोचनाका व्याख्यता भट्टराईका हालसम्म प्रकाशित भएका तीन कृतिहरूमध्ये पछिल्लो कृतिले फरक धारको नेतृत्व गरेको छ । भट्टराईले सुरुमा दुई उपन्यास **मुगलान** (वि.सं. २०३१) र **मणिपुरको चिठ्ठी** (वि.सं. २०३४) मार्फत सामाजिक यथार्थवाद तथा आलोचनात्मक यथार्थवादलाई मलजल गर्ने प्रयत्न गरेका छन् भने पछिल्लो उपन्यास **सुकरातका पाइला** (वि.सं.२०६३) मार्फत उत्तरआधुनिकतावादलाई घनीभूत बनाउने काम गरेका छन् ।

गोविन्दराज भट्टराईको **मुगलान** प्रवासी नेपालीको दुःखलाई चिरफार गरिएको सशक्त उपन्यास हो । विशेषतः यस उपन्यासमा रोजीरोटीको लागि विदेशिने नेपाली युवाले विदेशमा गएर पाएको दुःखद परिस्थितिको चित्रण गरिएको छ । रोजीरोटीका लागि भुटानसम्म पुगेका नेपाली र त्यहाँ बसोवास गर्ने प्रवासी नेपालीहरूको सामाजिक हैसियतको बारेमा करुण चित्रण गरिएको छ । मुगलान उपन्यासमार्फत उपन्यासकार भट्टराई भावको करुण सागर उराल्न सक्ने सशक्त उपन्यासकारका रूपमा चिनिन्छन् । भट्टराईको दोस्रो उपन्यास **मणिपुरको चिठ्ठीमा** नारी विद्रोहको स्वर पाइन्छ । तत्कालीन समयमा लोग्नेले अर्की विवाह गरेपछि विद्रोह गरी आफू पनि अर्कोसँग विवाह गर्नु ठूलै चुनौतीको कुरा थियो । यस उपन्यासकी पात्र शोभाले श्रीमान्ले सौता ल्याएको झोकमा जेठो कामीसँग अन्तरजातीय विवाह गरी समाजलाई चुनौती दिएकी छे । तीसको दशकमा प्रकाशित उक्त उपन्यासले श्रीमान्सँगको विद्रोह र अन्तरजातीय विवाहलाई देखाउनु अर्थपूर्ण मान्नु पर्छ । यस उपन्यासलाई हेर्दा गोविन्दराज भट्टराईलाई प्रगतिवादी उपन्यासकारको कित्तामा राख्न सकिन्छ ।

उपन्यासकार भट्टराईको तेस्रो उपन्यास **सुकरातका पाइला हो** । यो उपन्यासले गोविन्दराज भट्टराईको उपन्यासकारितामा नयाँ उचाइ थपेको छ । पचासको दशकमा नेपाली भूमिमा माओवादीले गरेको जनविद्रोह उपन्यासको मुख्य विषयवस्तु बनेको छ । यस उपन्यासमा तत्कालीन समाजमा नेपाल र नेपालीले भोगेका दुःख, कष्ट तथा द्वन्द्वको प्रभावलाई यथार्थरूपमा चित्रण गरिएको छ । भट्टराईका सुरुका दुई उपन्यासलाई हेर्दा उनी सामाजिक यथार्थवादी उपन्यासकार हुन् । तर उनको पछिल्लो उपन्यास **सुकरातका पाइला**मा नवीन विषय युद्धको प्रयोग भएको छ । नेपाली उपन्यास लेखन इतिहासमा आफ्नै भूमिमा चलेको युद्धलाई विषय बनाएर उपन्यास लेख्नु नवीन कार्य हो । यस्तो खालको विषयको प्रथम प्रयोग नारायण वाग्लेद्वारा लेखिएको **पल्पसा क्याफे** (**वि**.सं.२०६१) मा भएको थियो । उपन्यासकार भट्टराईको कृति **उत्तरआधुनिक विमर्श** (वि.सं. २०६४) मा स्वयम् भट्टराईले आफ्नो उपन्यास **सुकरातका पाइला**लाई युद्धसाहित्य लेखनको दृष्टिले **पल्पसा क्याफे** पछिको दोस्रो उपन्यास भनेका छन् । यसरी नवीन विषयलाई पक्रेर उपन्यासको सृजना गरेको हुनाले युद्ध साहित्य लेखनको दृष्टिले भट्टराईको स्थान उच्च देखिन्छ । युद्धको साङ्गोपाङ्ग वर्णन गरेर विश्लेषण गरिएको उनको कृति **सुकरातका पाइला** उत्तरआधुनिक दर्शनको

प्रयोगका दृष्टिले पनि सशक्त उपन्यास हो । **सुकरातका पाइला** उपन्यासमा ज्ञानू पाण्डेको भूमिका **युद्ध साहित्यको उत्कृष्ट नमुना सुकरातका पाइला** शीर्षकको लेखबाट पनि उत्कृष्ट युद्ध उपन्यास भएको कुरा पुष्टि हुन्छ । यसरी हेर्दा गोविन्दराज भट्टराई उत्तरआधुनिक छाताभित्रै पर्ने युद्धसाहित्य लेखनका अग्रणी उपन्यासकार ठहरिन पुग्छन् ।

## ४.४ निष्कर्ष

गोविन्दराज भट्टराईलाई एक परिपक्क उपन्यासकारको दर्जामा राख्न सकिन्छ । उनका तीनओटा उपन्यासहरू **मुगलान (२०३१) मणिपुरको चिट्ठी (२०३४) र सुकरातका पाइला (२०६३)** ले नेपाली उपन्यास साहित्यको क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएका छन् । भट्टराईको उपन्यास लेखनलाई विषयवस्तु र प्रस्तुति शैलीका आधारमा **पहिलो चरण** (२०३१-२०६२) र दोस्रो चरण (२०६३-हालसम्म) गरी दुई चरणमा विभाजन गरिएको छ । भट्टराईको **मुगलान** उपन्यासले सामाजिक यथार्थवादी प्रवृत्तिलाई पछ्याएको छ । यो उपन्यास कारुणिकताको उत्कृष्ट नमुनाको रूपमा आएको छ । भट्टराईको तेस्रो उपन्यास **सुकरातका पाइला**ले उत्तरआधुनिकतावादी शैलीलाई अँगालेको छ । यस उपन्यासभित्र युद्धसाहित्यको प्रयोग गरिएको छ । **सुकरातका पाइला** उपन्यासमा विसङ्गतिवादी-अस्तित्ववादी प्रवृत्ति पनि पाइन्छ । यसरी सङ्ख्यात्मक रूपमा थोरै भए पनि गुणात्मक रूपमा सशक्त र प्रत्येक उपन्यास आँफैमा पूर्ण छन् । नेपाली उपन्यास सहित्यमा भट्टराईको स्थान उच्च छ ।

# परिच्छेद : पाँच
# विविध कोणबाट सुकरातका पाइला उपन्यासको अध्ययन

## ५.१ पृष्ठभूमि

नेपाली उपन्यासको क्षेत्रमा गोविन्दराज भट्टराईले वि.सं.२०३१ सालदेखि कलम चलाउन थालेका हुन् । वि.सं.२०६३ सालमा प्रकाशित प्रस्तुत उपन्यास भट्टराईको तेस्रो उपन्यास हो । भट्टराईका वि.सं.२०३१ सालमा **मुगलान** र वि.सं.२०३४ सालमा **मणिपुरको चिट्ठी** गरी दुई ओटा उपन्यास यसअघि नै प्रकाशित भइसकेका छन् । भट्टराईको नवीन उपन्यास **सुकरातका पाइला** युद्ध साहित्यमा आधारित उपन्यास हो । यस उपन्यासमा नेपालमा माओवादीद्वारा सञ्चालित जनयुद्धदेखि २०६२/६३ को जनआन्दोलनको चर्चा गरिएको छ । उपन्यास पढ्दा युद्धकालमा घटेका घटनाको स्मरण हुन्छ । उपन्यासभित्र डरलाग्दो युद्धकालीन घटनालाई जस्ताको तस्तै प्रस्तुत गर्ने काम भएको छ । नेपाली साहित्यमा युद्ध साहित्य लेखनको दृष्टिले यो दोस्रो उपन्यास हो । उपन्यासकार स्वयम्‌को आधरणअनुसार नारायण वाग्लेद्वारा लिखित **पल्पसा क्याफे** युद्धलेखनको प्रथम उपन्यास हो भने दोस्रो युद्ध उपन्यास **सुकरातका पाइला** हो ।[१] भट्टराईको **सुकरातका पाइला** उपन्यासमा नवीन शैली तथा विषय अँगालिएको छ ।

## ५.२ सुकरातका पाइला उपन्यासको संरचना

संरचना भन्नाले कुनै पनि कृतिको बनोट भन्ने बुझिन्छ । कृतिको सम्पूर्ण आकार-प्रकार, कृतिभित्र रहेका कथानक, चरित्र, परिवेश, भाषा, अन्तर्वस्तु आदिको समष्टिगत रूप नै संरचना हो । कृतिको संरचनालाई आन्तरिक र वाह्य गरी दुई भागमा विभाजन गर्न सकिन्छ ।

### ५.२.१ सुकरातका पाइला उपन्यासको बाह्य संरचना

कृतिको बाह्य संरचनाअन्तर्गत कृतिको आकार-प्रकार बनोट परिच्छेद वा भाग, पृष्ठ सङ्ख्या आदि पर्दछन् । बाह्य संरचनाले कृतिको मूलमर्म र लेखकीय उद्‌देश्यसम्म पुग्न सहयोग पुऱ्याउँछ । **सुकरातका पाइला** मोर्डन बुक्सबाट २०६३ पौषमा प्रकाशित भएको औपन्यासिक कृति हो । यस उपन्यासको आवरण पृष्ठको माथितिरको आदि भागमा अँध्यारो नीलो रङ्गमा अस्पष्ट चित्रहरू रहेका छन् । उक्त चित्रमा एउटा दाह्री र कपाल पालेको बूढो मान्छेले केही पिएजस्तो र अन्य केही मानिसहरू रोएजस्तो देखिन्छ । आवरणको बीच भागमा कलेजी रङ्गको पृष्ठभूमिमा सेतो अक्षरले कृतिको नाम **सुकरातका पाइला** लेखिएको छ । त्यसभन्दा तलको भागमा गाढा पहेँलो रङ्ग पोतिएको छ । साथै उक्त भागको माथितिर उपन्यासकारको नाम र पृष्ठको अन्त्यतिर छड्के स्वरूपमा पाइतालाका चिह्नहरू रहेका छन् । कृतिको पछाडिपट्टिको आवरण पृष्ठमा गोविन्दराज भट्टराईको हाँसिरहेको तस्बिर दिइएको छ ।

---

१. गोविन्दराज भट्टराई, **उत्तरआधुनिक विमर्श**, (काठमाडौँ: मोडर्न बुक्स, २०६४) ।

प्रस्तुत उपन्यासको भूमिका ज्ञानू पाण्डेले **युद्ध साहित्यको एक उत्कृष्ट नमुना सुकरातका पाइला** शीर्षकमा लेखेकी छिन् । उक्त भूमिकाभन्दा अगाडि दुर्गाप्रसाद भण्डारीको **शुभकामना** शीर्षकका छोटो र खँदिलो लेख रहेको छ । त्यसै गरी ज्ञानू पाण्डेको भूमिकाभन्दा पछाडि **यो अभिलाषा बोकेर कुदिरहेछु** शीर्षकमा चार पृष्ठ लामो लेखकको उपन्यासप्रतिको दृष्टिकोण प्रस्तुत गरिएको छ । यस उपन्यासमा जम्मा १९५ पृष्ठ रहेका छन् । **सुकरातका पाइला** मध्यम खालको औपन्यासिक कृति हो । प्रसङ्ग र सन्दर्भलाई जोड्नका लागि यस उपन्यासमा सत्ताईसवटा शीर्षकहरू राखिएका छन् । प्रत्येक शीर्षकमा सो शीर्षकसँग मेल खाने गरी चित्र कोरिएको छ । यस उपन्यासभित्र **प्रकृतिको न्यानो काखमा, दोभानमा कोरिएका रेखा, उज्यालोको खोजीमा, चौबाटामा उभिएर , कालो छायाँ र सम्भ्रम, द्वन्द्वको कालो बादल, भ्रमिकाको प्यारो आँगनमा, बर्बरताको सपना, अँधेरी रातमा अज्ञात दिशातिर, बन्दुकले गीत गाउँदा, सम्झनाको कालीदह, दुराग्रहको भुमरी, बिक्रीमा छन् नयाँ सपना, मृगमरीचिकाहरूको पछिपछि, मध्यरातमा आधीचन्द्रमा, रहस्य, पीडा र अवसाद, बर्बरताको उपासना, सधैं एउटा बिमार सिउरेर , अनेकौं चिसा सम्झौताहरू, युद्धपिपासा र मृत्युको बगैंचा, मृत्युलीला र त्रासदी, त्यो बन्दुक बिसाऊ, पूर्णिमा, सुकरातका पाइला, अब घाम डुब्ने बेला भयो, मिनिआपोलिसको पुलबाट, सोपेन्हावरको सम्झनामा** र **एउटा कृष्ण विवर र बाँकी सुनसान**जस्ता खण्ड अर्थात् शीर्षकहरू रहेका छन् । यी शीर्षकहरू पाँचदेखि एघार पृष्ठसम्म विस्तारित रहेका देखिन्छन् । प्रत्येक शीर्षकले त्यहाँभित्र रहेका विषयवस्तुलाई प्रष्ट पारेका छन् । कुनै शीर्षकहरू प्रतीकात्मक तथा ध्वन्यार्थक रूपमा पनि आएका छन् । **सुकरातका पाइला** उपन्यासको मूल्य रु.१५०।- रहेको छ । यसरी **सुकरातका पाइला** उपन्यासको बाह्य संरचना तयार भएको छ ।

### ५.२.२ सुकरातका पाइला उपन्यासको अन्तर्वस्तु

अन्तर्वस्तु भनेको उपन्यासमा रहेको निहित भाव वस्तुसन्दर्भ हो । **सुकरातका पाइला** उपन्यासमा भएका चरित्रचित्रण, कथानक, पर्यावरण, दृष्टिबिन्दु, सारवस्तु आदि आन्तरिक संरचना अन्तर्गत पर्दछन् । यस उपन्यासका आन्तरिक संरचनामा पर्ने घटना विवरण प्रत्येक खण्डलाई परिच्छेद मानी यहाँ प्रस्तुत गरिएको छ ।

#### ५.२.२.१ पहिलो परिच्छेद

प्रस्तुत **प्रकृतिको न्यानो काखमा** परिच्छेदमा ५ पृष्ठ र पन्ध्र अनुच्छेदहरू रहेका छन् । यस परिच्छेदमा प्राकृतिक सुन्दरताले भरिपूर्ण स्वच्छ वातावरण र मौलिक पहिचान भएको पहाडी गाउँ नफ्रोकको चर्चा गरिएको छ । नफ्रोकदेखि दुई घन्टाको दूरीमा फिस्लिङ बजार रहेको छ । त्यहाँ अँधेरीखोला बहुमुखी कलेज छ । उक्त कलेजबाट गाउँको इमान्दार र सोझो युवक अनन्तले बि.ए. पास गर्छ । सदरमुकामदेखि दुई दिन टाढाको गाउँमा हुर्किएको अनन्त सुदूर-भविष्यको खोजीमा रहेको छ । उक्त पहाडी बस्तीमा परिवर्तनका सङ्केतहरू देखिएका छन् । जनयुद्धको तयारी भइरहेको, नैला मान्छे रातभरि हिँड्ने , अक्करे भीरमा समानान्तर ब्यारेक भएको, स्कुलबाट विद्यार्थी

भाग्ने, कोही भर्नाका लागि छानिने, जङ्गल पस्नेजस्ता कुराहरूको चर्चापरिचर्चा गाउँमा चल्छ । यस अनुच्छेदमा अन्योलग्रस्त बन्दै गएको नेपाली युवाको भविष्य र गाउँगाउँमा रोपिएको विद्रोहको बिउको बारेमा चर्चा गरिएको छ । यस परिच्छेदमा अनन्तले घर छोड्नुभन्दा पहिले देखेको ज्यादै डरलाग्दो सपनाले भावी अनिष्टको सङ्केत गरेको छ ।

## ५.२.२.२ दोस्रो परिच्छेद

**दोभानमा कोरिएका रेखा** शीर्षकमा रहेको प्रस्तुत परिच्छेद पाँच पृष्ठ तथा पन्ध्र अनुच्छेदमा फैलिएका छ । यस परिच्छेदबाट कथानकले गति लिएको छ । अनन्तको बि.ए. पास भएपछि मन चञ्चल हुन थाल्छ । उसको जीवनमा गम्भीर मोड आएको छ । ऊ आफ्नो भविष्यलाई कतातिर लाने भनेर असामञ्जस्यमा परेको छ । उसका अगाडि धेरै बाटाहरु थिए तर कुन पक्रने भन्नेमा ऊ अन्योलग्रस्त थियो । उसको एक मन भन्थ्यो, अब एउटा जागिर खान पाए हुन्थ्यो, अर्को मन भन्थ्यो उच्च शिक्षा पढ्न जान पाए हुन्थ्यो, एक थरी साथीहरू जंगलतिर पसौँ भन्थे, बाबुआमाहरू उसको बिहे गराउने चिन्तामा थिए, उसलाई कतै विदेश पो जाने कि भन्ने सोच पनि आउँथ्यो । यसरी कुन बाटो रोज्ने, ठम्याउन गाऱ्हो परिरहेको थियो । क्याम्पस सकिएपछि पिकनिकमा गरेको रमाइलोको उसले स्मरण गर्दछ । विशेष गरी पूर्णिमासँगको बिछोडले अनन्तलाई सताउँछ । के गर्ने भन्ने अन्योल हुदाँहुदै अन्ततः अनन्त काठमाडौँ जाने निर्णय गर्दछ । उसको गाउँका धरै मानिसहरू काठमाडौंमा धेरै थरी काम गरेर जीविकोपार्जन गरिरहेका थिए । स्पष्ट भविष्यको लक्ष्य नदेखे पनि विविध सपना सजाएर कठिन भविष्यसँग जुध्न अनन्त काठमाडौं जान्छ । यसरी अनन्त काठमाडौँको महासागरमा हेलिन पुग्छ ।

## ५.२.२.३ तेस्रो परिच्छेद

**उज्यालोको खोजीमा** शीर्षक रहेको प्रस्तुत परिच्छेद ६ पृष्ठ र पन्ध्र अनुच्छेदमा फैलिएको छ । यस परिच्छेदमा अनन्त काठमाडौंको परिवेशमा छिरिसकेको छ । सुरुमा काठमाडौं झरेर नयाँ बसपार्कमा बसेको अनन्त भोलि पल्टबाट काठमाडौँका विभिन्न ठाउँहरू चहार्न थाल्छ । सोध्दै खोज्दै अनन्त कीर्तिपुरको विद्यार्थी मेलाबजारमा पुग्छ । त्यहाँ उसले आफ्नो क्याम्पसबाट पास गर्ने निशालाई भेट्छ । निशाले अनन्तको गोपीसँग परिचय गराइदिन्छे । क्याम्पसमा भर्ना म्याद सकिएर फारम भर्ने तयारी गरिएको हुन्छ । ऊ गोपीको सहयोगमा विभागीय प्रमुखसँग भेट गर्दछ तर धेरै ढिलो भएकाले भर्ना सम्भव हुँदैन ।

## ५.२.२.४ चौथो परिच्छेद

यस परिच्छेदमा सात पृष्ठ र तेईस अनुच्छेद रहेका छन् । **चौबाटोमा उभिएर** शीर्षक रहेको यस परिच्छेदमा अनन्त पढ्ने कि, विदेश जाने कि, जागिर खाने कि, घरै फर्केर विवाह गर्ने भन्ने अन्योलमा छ । कीर्तिपुरमै डेरा गरी बस्न थालेको अनन्त कामको खोजीमा दिनभर काठमाडौं झर्छ ।

उसले आफ्नो क्षेत्रको हरुवा सांसद विक्रमलाई भेट्छ । विक्रमले अनन्तलाई पढ्ने सल्लाह दिन्छ र त्रि.वि.को विद्यार्थी नेता रणसङ्ग्रामसँग भेटाइदिन्छ । रणसङ्ग्रामले विभागमा आगो लगाउने धम्की दिँदै जबरजस्ती अनन्तको भर्ना गराउन लगाउँछ तर परीक्षाको मुखमा मास्टर डिग्रीको भवसागर पार लाग्ने सम्भावना थिएन । यसरी अनन्त कठिन र अन्योलपूर्ण जिन्दगीसँग जुध्दै अगाडि बढ्छ ।

## ५.२.२.५ पाँचौ परिच्छेद

पाँचौ परिच्छेदको शीर्षक **कालो छायाँ र सम्भ्रम** रहेको छ । यसमा सात पृष्ठ र बीस अनुच्छेद रहेका छन् । नेपालमा द्वन्द्व चलिरहेको कुरालाई यहाँ देखाइएको छ । काठमाडौँभन्दा बाहिरबाट मानिसलाई रेटिएका, रुखमा झुन्डाइएका, बन्दुकले उडाइदिएका, गाउँ निकाला गरिएका, आवतजावत बन्द गरिएका, लुटपाट, चन्दाका, भय सृजनाका, आगलागीका, आतङ्कका, समाचारहरू आइरहन्छन् । नेताहरूले उक्साएपछि अनन्त पनि काठमाडौँको सडक आन्दोलनमा होमिन्छ । अनन्तको भेट सुकरातसँग हुन्छ । वास्तविक नाम ‘अगम’ भएको सुकरात अनन्तकै जिल्लाबाट आएको प्रोफेसर हो । सुकरात अविवाहित छ । उसले सुकरात दर्शनमात्रै छाँट्ने काम गर्छ । यसै परिच्छेदमा काठमाडौँको संवेदनाशून्य स्थितिसम्बन्धी लेख रहेको छ । यो लेख पढेर निराश भएको अनन्तलाई सुकरातले सार्त्रको भनाइ ‘मानिस आफैँ नै आफ्नो भाग्यको निर्माता हो’ भन्ने कुराको उल्लेख गर्दै जीवनको लागि केही गर्न सल्लाह दिन्छ ।

## ५.२.२.६ छैटौँ परिच्छेद

**द्वन्द्वको कालो बादल** शीर्षक रहेको यस परिच्छेदमा आठ पृष्ठ र बीस अनुच्छेद रहेका छन् । यस परिच्छेदमा प्रतिगमनको बिरोध गर्दै देशमा चुलिएको आन्दोलनको चर्चा छ । विद्यार्थीहरुलाई राजनीतिक दलहरूले प्रयोग गरिरहेका छन् । विद्यार्थीहरू झोलामा मट्टितेल र पेट्रोलका सिसी लिएर हिँड्छन् । सडकमा आगो बलेको छ । एक हुल खेद्ने र अर्को हुल भाग्ने गर्दछन् । अनन्त त्यही भीडको एक पात्र भएको छ । बजार अस्तव्यस्त छ । दिनभरि कमाएर खाने फुटपाथ व्यापारी र मजदुरको बिजोग भएको छ । त्यसै बखत एम.ए.को परीक्षाफल प्रकाशित हुन्छ । अनन्त लगायत धेरै विद्यार्थी फेल हुन्छन् । अनुत्तीर्ण हुने विद्यार्थी आन्दोलनमा उत्रिन्छन्, तोडफोड गर्छन्, प्राध्यापकहरूलाई गाली बेइज्जत गर्छन् ।

## ५.२.२.७ सातौँ परिच्छेद

**भ्रमिकाको प्यारो आँगन** शीर्षक रहेको यो परिच्छेद छ पृष्ठ र अठार अनुच्छेदमा फैलिएको छ । परीक्षामा असफल भएर दुःखित अनन्तले सुकरातलाई भेट्छ । सुकरातले दर्शनले यर्थाथलाई छोप्ने प्रयास गर्दै ‘कुनै पनि सत्य अन्तिम सत्य हुँदैन’ भन्ने ज्याक डेरिडाको सिद्धान्त पेस गर्छ । सुकरातले अनन्तलाई ‘फेल’ र ‘पास’ भन्ने शब्दको भ्रममा नपर्न भन्दै सत्य परिवर्तनशील छ, हामी जेलाई सत्य भन्छौ, त्यो भ्रम हो भन्दै नयाँ सोच निकालेर विकल्प खोज्न सल्लाह दिन्छ । यस परिच्छेदमा

सुकरातले आफ्नो प्राज्ञिक क्षमता प्रदर्शन गर्दै दार्शनिकता छाँटेको छ । उपन्यासकारले यस परिच्छेदमा नवीन दर्शन प्रस्तुत गरेका छन् ।

## ५.२.२.८ आठौँ परिच्छेद

**बर्बरताको सपना** शीर्षक रहेको यस परिच्छेदमा पाँच पृष्ठ र सोह्र अनुच्छेद रहेका छन् । यसमा विश्वविद्यालयको दुर्दशालाई देखाउन खोजिएको छ । विश्वविद्यालयभित्र अराजकता मच्चिएको छ । कुर्सी जलाउने , पुत्ला जलाउने, गुरुहरूलाई उभ्याएर सार्वजनिक सुनुवाइ गर्ने, गाली अपमान गर्नेजस्ता क्रियाकलापहरू हुन थाल्छन् । सुकरातले त्रि.वि.को प्राज्ञिक मर्यादालाई बिग्रन दिनहुन्न भनेर भाषण गर्छ । यसै परिच्छेदमा उसको मनभित्र एउटा भ्रान्तिको जन्म हुन्छ । उसलाई कसैले मुख थुने जस्तो, कसैले घिसारेजस्तो र कसैले गोदेजस्तो लाग्छ । यो उसको सपना हुनसक्छ । यसै परिच्छेदमा गोपी र निशाको उपकथालाई पनि जोडिएको छ । गोपी विवाहित पुरुष भए तापनि निशाप्रति आशक्ति देखाउँछ र उसलाई समर्पण गर्दै गजल लेख्छ ।

## ५.२.२.९ नवौँ परिच्छेद

**अँधेरी रातमा अज्ञात दिशातिर** शीर्षकको प्रस्तुत परिच्छेदमा आठ पृष्ठ र पच्चीस अनुच्छेद रहेका छन् । अनन्तलाई प्रेमिका पूर्णिमाको पत्र प्राप्त हुन्छ । ऊ चौँथो पटक पनि अङ्ग्रेजीमा फेल हुन्छे । द्वन्द्वको बीचमा परीक्षा हुन्छ । बैशाख २ गते जिल्ला हान्ने हल्लाले  सबै भागाभाग गर्दछन् भने तीन गते उसको परीक्षाको मिति हुन्छ । पूर्णिमाको पत्रमार्फत गाउँको बेहाल थाहा पाएपछि दशैंमा घर जाने अनन्तको सपना पनि टुट्छ । यस पटक उसको गाँउमा दशैं नमनाउने निधो गरेका थिए । उसको गाँउमा सांसद मारिएको, कसैका हात काटिएका, कोही गाउँ निकाला भएका, आमसभाको दिनमा हेलिकप्टरबाट गोली हानिएका जस्ता घटना घटेका हुन्छन् । त्यसै बेला दरबार हत्याकाण्ड हुन्छ र राजा वीरेन्द्रको वंशनाश  हुन्छ ।

## ५.२.२.१० दशौँ परिच्छेद

**बन्दुकले गीत गाउँदा** शीर्षकको यस परिच्छेदमा दश पृष्ठ र बत्तीस अनुच्छेद रहेका छन् । यस परिच्छेदले देशको भयावह स्थितिलाई देखाउँछ । गाउँहरू पुरुषशून्य भएका, गोरु जोत्ने, घर छाउने जस्ता पुरुषले गर्ने काम महिलाले गर्न थालेका जस्ता घटनाहरू सुनिन्छन् । पूर्वी पहाडको एउटा सदरमुकाममा भिडन्त हुँदा ६०० मानव देह समाप्त हुन्छन् । युद्धमा धेरै पाशविक र अमानवीय कार्यहरू हुन्छन् । अर्धमृत आमा गोली लागेर लडिरहेको अवस्थामा दुध चुसिरहेको बालकको अत्यन्तै कहालीलाग्दो घटनाको चर्चा पनि यस परिच्छेदमा रहेको छ । यसै परिच्छेदमा सुकरातले जीवन र जगत् बारे लामो दार्शनिकता प्रस्तुत गरेको छ ।

### ५.२.२.११ एघारौँ परिच्छेद

**सम्झनाको कालीदह** शीर्षक रहेको यस परिच्छेदमा सात पृष्ठ छन् भने लामा छोटा गरी ५१ अनुच्छेद रहेका छन् । यस परिच्छेदको प्रारम्भमा गोपी र निशाको कुराकानी चलिरहेको छ । अनन्तको घरबाट उसका भाइबहिनीले लेखेको पत्र आउँछ । त्यस पत्रमा तस्वीर समावेश गरिएको छ । उक्त तस्विर हेरेपछि अनन्त स्मृतिमा हराउँछ । उसले गाउँमा धान रोपेको दृश्य स्मरण गर्छ । चिठीमा द्वन्द्वको कारणले गाउँमा बिचल्ली भएको, विद्यालय वरिपरि बङ्कर खनिएका, दोहोरो फायरिङमा परी गुरुआमाको मृत्यु भएको, विद्यालय सधैँका लागि बन्द भएको, कसैका हात काटिएका, कसैको शरीरभित्र गोली नै अड्किएका, कोही बलात्कृत भएका, झडपमा परेका, वीभत्स हत्या भएका आदि डरलाग्दा घटनाहरूको विवरण चिठीमा समावेश गरिएको थियो । चिठी प्राप्त भएको भोलिपल्ट अनन्त सुकरातकहाँ जान्छ । उसले पूर्णिमाको बारेमा कुरा गर्दै उनलाई चौथो पटकसम्म बि.ए. प्रथम वर्षको अंग्रेजी लागेको र अहिले पाचौँ पटक दिएकी छिन्, त्यसमा हजुरले सहयोग गर्नु पर्‍यो र उनलाई पास गराउनु पर्‍यो भन्छ तर सुकरातले मबाट यस विषयमा कुनै काम हुन सक्दैन भनेपछि अनन्त त्यहाँबाट हिँड्छ ।

### ५.२.२.१२ बाह्रौँ परिच्छेद

**दुराग्रहको भुमरी** शीर्षक रहेको यस परिच्छेदमा छ पृष्ठ र एक्काईस अनुच्छेद रहेका छन् । भक्तमान र चित्राखर सोझा गाउँले काठमाडौँ आउँछन् र अनन्तलाई भेट्छन् । उनीहरु अनन्तकै गाउँका दाइहरू थिए । कमाण्डर मार्न सुराकी लगाएको आरोप ती निर्दोषमाथि लगाइयो । कमरेड विप्लवले सुराकीको आरोप लगाउँदै हप्तादिनभित्रमा भौतिक कारवाही गर्ने भनेर टाँस्यो । गाउँमा माओवादीद्वारा सजाय, जरिबाना, अङ्गभङ्गदेखि प्राण फुस्काउने सम्मका कामहरू गरिन्थे । भक्तमान र चित्राखर गाउँका गरिब किसान थिए । उनीहरूले काठमाडौँमा राम्रोसँग बाटो काटेर हिँड्न पनि जानेका थिएनन् । उनीहरूको भित्री चाहना खाडी मुलुकतिर गएर पैसा कमाउने र आफ्नो ज्यानको सुरक्षा गर्ने थियो ।

### ५.२.२.१३ तेह्रौँ परिच्छेद

यो परिच्छेद छ पृष्ठ र तेईस अनुच्छेदमा फैलिएको छ । यस परिच्छेदको शीर्षक **बिक्रीमा छन् नयाँ सपना** भन्ने रहेको छ । चित्राखर र भक्तमानको इच्छा पूरा गर्न अनन्त बानेश्वरको सर्विस ग्यारेन्टी म्यानपावरमा पुग्छन्, जहाँ अनन्तले चिनेको उसकै गाउँतिरको रेशम उपनाम डेभिडले काम गर्थ्यो । डेभिड विभिन्न देशको नाम सुनाउँछ र उनीहरू सस्तो देश रोज्छन् । उनीहरूले घरमा पत्र लेखेर जिन्सी सबै बेचेर, गाउँमा रोइकराई गरेर भएपनि पैसा जम्मा गरी पठाइदिन भनी चिठी लेख्छन् । केही समयपछि गाउँबाट पैसा प्राप्त भएपछि त्यही डेभिड ठगको हातमा सुम्पिन्छन् र विदेशको सपना देख्छन् ।

## ५.२.२.१४ चौधौँ परिच्छेद

**मृगमरीचिकाहरूको पछिपछि** शीर्षक रहेको यस परिच्छेदमा सात पृष्ठ र अठ्ठाईस अनुच्छेद रहेका छन् । राजनैतिक खेती फस्टाउन छोडेपछि विक्रमले म्यानपावर कम्पनी खोल्छ । अनन्त सबैतिर असफल भएपछि निराश बन्छ । उसले माओवादी बन्ने सोच बनाउँछ । विक्रमले अनन्तलाई विदेश जाने सल्लाह दिन्छ । अनन्तले सुकरातलाई भेटी आफू जीवनदेखि थाकिसकेको कुरा व्यक्त गर्दछ । उसले सुकरातलाई आफू अँध्यारो जङ्गलभित्र प्रवेश गर्न चाहेको, कृष्णविवरभित्र प्रवेश गर्न चाहेको जस्ता लहडी कुरा गर्दै आफू गाउँमा नै भएर काठमाडौँ नआएको भए यतिविधि नभत्किने कुरा व्यक्त गर्दछ । उसले भेस बदलेर काठमाडौँको फुटपाथमा विभिन्न व्यापार गरेको र कुल्लीसमेत बनेर काम गरेको कुरा सुकरातलाई बताउँछ । पलायनवादतिर गइरहेको अनन्तलाई आशावादी संसारमा फर्काउन सुकरातले आफ्नो सञ्चयकोष झिकेर विदेश पठाउने निधो गर्छ ।

## ५.२.२.१५ पन्ध्रौँ परिच्छेद

**मध्यरातमा आधी चन्द्रमा** शीर्षक रहेको यस परिच्छेदमा सात पृष्ठ र अठ्ठाईस अनुच्छेद रहेका छन् । सुकरातले आफ्नो सञ्चयकोषलाई तीस वर्षको कमाइ भन्दै अनन्तलाई मलेसिया जानको लागि खर्च दिन्छ । अनन्त विक्रमको 'ड्रिम सप्लाई' कम्पनीबाट मलेसिया जाने तयारी गर्दै विदेशको सपना देख्छ र सुकरातलाई आफ्नो लागि बाबुभन्दा पनि ठूलो भन्छ । त्यसै बखत सुकरातले त्यही सञ्चयकोषको पैसाले बिहे गर्ने सोच बनाएको थियो तर अब त्यो आशा समाप्त भएको कुरा व्यक्त गर्छ । उसले पचास काटेको थियो तर आजसम्म विवाह नगर्नुको रहस्य थाहा थिएन । ऊ अझै विवाह गर्ने वा नगर्ने सोचको दुविधामा थियो । उसले विवाहको पक्ष र विपक्षमा खण्डन गर्दै विभिन्न दार्शनिकहरूको विचार व्यक्त गर्दछ । ऊ आफू विवाह नगरेकोले अपूर्ण छु भन्छ । उसले नीलिमासँगको प्रेम प्रङ्सग व्यक्त गर्दै उनीप्रति आसक्ति रहेको कुरा बताउँछ । एकदिन रातमा सुकरातले डरलाग्दो सपना देख्छ । उक्त सपनामा सुकरातलाई प्लेटोले तीस वर्ष काट्दा पनि किन विवाह गरिनस् भन्दै जरिवाना माग्दछन् ।

## ५.२.२.१६ सोह्रौँ परिच्छेद

**रहस्य, पीडा र अवसाद** शीर्षक रहेको यस परिच्छेदमा दश पृष्ठ र उनन्चास अनुच्छेद रहेका छन् । पूर्णिमाको चिठी गाउँबाट आउँछ । चिठीमा उसले सातौँ पटक परीक्षा दिएको खबर पठाउँछे । सामाजिक कार्यकर्ता बनेर जिल्ला घुमेकी, सात सय विधवालाई रातो वस्त्र पहिऱ्याउने कार्यक्रम गाउँमा गरिएको, सबै एकै ठाउँमा जम्मा भएर डाँडापाखा थर्किने गरी डाँको छोडेर रोएका, केही समयपछि गाउँमा उसले काम गरेको, प्रोजेक्टलाई काम गर्नमा रोक लगाइएको, काठमाडौँ आउने सोच बनाउँदा बाटामा विभिन्न घटना घटेका खबर सुनकी , बाटामा बस रोकेर काजोल खातुनलाई जलाइएको, ट्रकभरि झुन्डाइएका राँगा र भैँसी डढेर खरानी भएका , त्रिशूलीमा गाडी पल्टँदा बेहोस भएर लडेकी यात्रु युवतीलाई बलात्कार गरिएको जस्ता, विभिन्न घटनाहरू पूर्णिमाले पत्रमा उल्लेख

गर्छे ।  उसले आफू काठमाडौं आउने सपना टुटेको कुरा उल्लेख गर्छे । केही समयपछि अनन्तको गाउँको साथी सोफियाले पूर्णिमा छापामार भएर जङ्गल पसेको खबर ल्याउँछे ।

## ५.२.२.१७ सत्रौँ परिच्छेद

**बर्बरताको उपासना** शीर्षक रहेको यस परिच्छेदमा सात पृष्ठ र बाईस अनुच्छेद रहेका छन् । यसमा वैदेशिक रोजगारी र त्यसका समस्याको चर्चा गरिएको छ । डेभिडले सोझा गाउँलेहरू चित्राखर र भक्तमानको कतार पठाउने बहानामा एकएक लाख रुपियाँ खाएर सात महिना बित्दा पनि पठाएको थिएन । डेभिडलाई भेटी झपारेर एक हप्ताभित्र पुऱ्याइदिनेकुरा गर्दै एक हप्ताको म्याद दिए । त्यसै बेला इराकमा आतङ्ककारीहरूले १२ नेपालीलाई बन्धक बनाएर घाँटी रेटी हत्या गरिदिए । त्यसको विरोधमा काठमाडौं दङ्गाले जल्न थाल्यो । सबै म्यानपावर कम्पनीहरू लगायत कान्तिपुर पब्लिकेसन लगायतका धेरै कार्यालयहरू ध्वस्त भए । सर्विस ग्यारेन्टी, ड्रिम सप्लाईजस्ता म्यानपावर पनि ध्वस्त हुनेमा परेपछि चित्राखर, भक्तमान र अनन्तका विदेश जाने सपना ध्वस्त भए । विपत्तिमा परेका चित्राखर र भक्तमानले अनन्तसँग आएर एउटै पासोमा मर्नुबाहेक अरू विकल्प नभएको कुरा व्यक्त गरे ।

## ५.२.२.१८ अठारौं परिच्छेद

**सधैं एउटा बिमार सिउरेर** शीर्षक रहेको यस परिच्छेदमा आठ पृष्ठ र २६ अनुच्छेद रहेका छन् । यस खण्डमा गोपी र निशाको प्रेम प्रसङ्ग अगाडि बढ्छ । अनन्तले पूर्णिमा र घरको खबर पाउन छाडेको धेरै भएको थियो । भविष्य अन्योल बनेपछि अनन्तले सारा निराशा पोख्दै पूर्णिमालाई चिठी लेख्छ । अर्कोतर्फ सुकरात नीलासँगको विवाहको बारेमा अनन्तसँग सल्लाह गर्छ । सुकरातले समसामायिक राजनीतिमा लामो दर्शन छाँट्छ । त्यस सन्दर्भमा उसलाई मन नपरेको राजनीतिकदलहरूको रबैयाको विरोध गर्छ । सुकरात नीलालाई भित्र्याउन नैतिक अप्ठ्यारोमा परेको महसुस गर्छ । उसले जीवनमा हजारौं धरापहरू रहेका भन्दै प्रत्येक छनोट धराप हो भन्दै विवाह नगरेर पनि धरापको सामना गर्नु पर्ने र विवाह गरे पनि धरापको सामना गर्नु पर्ने कुरा उल्लेख गर्छ ।

## ५.२.२.१९ उन्नाइसौँ परिच्छेद

**अनेकौं चिसा सम्झौताहरू** शीर्षकको यो परिच्छेद नौ पृष्ठ र एकचालीस अनुच्छेदमा फैलिएको छ । सुकरातले गोपी र अनन्तसँगको संवादमा खुलेर माओवादी शैलीको विरोध गरेको थियो । घर आएपछि उसले आफूले बोलेका कुराको स्मरण गर्छ । कोही माओवादी होलान्, कोही तानाशाहीका सुराकी होलान् यसरी नबोल्नुपर्ने भन्ने सोच्दासोच्दै ऊ झकाउँछ । ढोकामा कसैले टकटक गरेको आवाजले ऊ झसङ्ग हुन्छ र ढोका खोल्छ । एक हुल हतियारधारी भित्र पस्छन् र हाम्रो महान् क्रान्ति सफल पार्नको लागि सहयोग गरिदिनु पऱ्यो भन्छन्  । उनीहरू गुण्डा, माओवादी , सिपाही,

सेना, के हुन् उसलाई छुट्याउन गाह्रो पर्‍यो । उनीहरू चन्दाको माग गर्छन, आफ्नो पार्टीमा प्रवेश गर्न भन्छन्, बुर्जुवा शिक्षा नपढाउने चेतावनी दिँदै आफ्नो शिविरमा जनवादी शिक्षा लिन बोलाउछन् । यो घटना उसलाई सपनामा घट्यो या विपनामा थाहा हुँदैन । उसको चेकबुकको पाना नं. १२ थिएन । अर्को दिन नीलासँगको सम्बन्धको टुङ्गो लगाउन ऊ गोदावरी पुग्यो । उनीहरू यस बारेमा छलफल गरे । नीला उच्च अहम् भएकी नारी थिई । आफ्नो यौवन केटाहरूलाई दिन नचाहेर उसले जोगाएकी थिई । नीलाले एउटा लचकदार सम्बन्ध अर्थात् विवाह गर्ने कुरा गरी । उसले विवाहको अर्थ सन्तान उत्पादन नहुने कुरा गरी । नीला स्वतन्त्र रूपमा एउटा सँगै बस्ने साथीको रुपमा सुकरातको क्वाटरमा शनिबार सर्ने निधो गरी सुकरातले कुनै पाहुनालाई भित्र्याएजस्तै उसलाई बोलाउने विचार गर्‍यो ।

### ५.२.२.२० बीसौं परिच्छेद

यस परिच्छेदमा नौ पृष्ठ र चौंतीस अनुच्छेद रहेका छन् । **युद्ध पिपासा र मृत्युको बगैंचा** शीर्षक रहेको यस खण्डमा युद्धको वर्णन छ । सातौं पटक पनि फेल भएपछि पूर्णिमा अनन्तलाई पत्र पठाउँछे र उसको पत्र पाएको कुरा गर्छे । विवाहको लागि कुरा चलेको केटाको भिडन्तमा मृत्यु भएको कुरा पनि गर्छे । यसै पत्रमा पूर्णिमाले गाउँमा आफू कालो औँसीको रातभित्र निसासिएर हिँडेकी र फेरि सामाजिक जीवनमा नफर्कने भन्दै भूमिगत युद्धमा गएको कुरा व्यक्त गर्दछे । यस परिच्छेदमा कालिकोटमा भएको भिडन्तका एक प्रत्यक्षदर्शी पत्रकारले लेखेको **साथी पुर्न खनेका खाल्डा** शीर्षकको लेख समावेश गरिएको छ । यस लेखमा युद्धको अवस्थाको बारेमा विस्तृत वर्णन गरिएको छ ।

### ५.२.२.२१ एक्काइसौँ परिच्छेद

**मृत्युलीला र त्रासदी** शीर्षक रहेको यस परिच्छेदमा छ पृष्ठ र तेत्तीस अनुच्छेद रहेका छन् । पश्चिमाञ्चलले भोगेको द्वन्द्वको दुर्दशाको यहाँ चर्चा छ । द्वन्द्वपीडित, विस्थापित, गाउँ निकालिएका घाइते बारम्बार सहरतिर आउँथे । हत्याहिंसा, लुटपाट र बलात्कारका घटनाहरू चुलिँदै गएका थिए । भेरी अञ्चल अस्पतालमा दुबैतर्फका घाइतेको बिजोग अवस्था थियो । मानिसहरू हिंस्रक बन्दै थिए । त्यसै बेला एक दिन ‘एउटै पासोमा दुई जना’ भनी टि.भी.ले देखायो । अनन्तले चित्राखर र भक्तमानलाई सम्झ्यो । गहिरिएर हेर्‍यो तर चिन्न सकेन । अनन्तलाई ठूलो आशङ्का र पीरले छोप्यो । ती अज्ञात गाउँलेका लास चित्राखर र भक्तमानकै थिए ।

### ५.२.२.२२ बाइसौँ परिच्छेद

**त्यो, बन्दुक बिसाऊ पूर्णिमा !** शीर्षक रहेको यस परिच्छेदमा जम्मा नौ पृष्ठ र चालीस अनुच्छेद रहेका छन् । त्रि.वि. मा जात्रा चलिरहन्थ्यो । अनन्त दिनको एकचोटि लाठा खाँदै जोगिँदै रत्नपार्क जाने गर्थ्यो । त्यसै क्रममा **विकट पहाडमा सैन्य गतिविधि** शीर्षकमा मिलिसियाको तस्विर सहितको

लेख छापिन्छ । तस्बिर पूर्णिमाको थियो । यो देखेर अनन्त बर्बराउँछ । साँझमा गोपी र अनन्त सुकरातको बिहेमा जान्छन् । दुबैलाई पुष्प गुच्छा दिएर शुभकामना दिन्छन् । सुकरातको क्वाटरमा नीला सरेकी थिई । बिहेपछि सुकरातको स्वतन्त्रतामाथि कसैले थिचेको जस्तो लाग्छ । नीला खुम्चिन जानेकी थिइन । सुकरातको बोलीको प्रतिकार गर्थी । त्यसै क्रममा पश्चिम पहाडको सदरमुकाममा भीषण आक्रमणको खबर आयो । पत्रिकामा छापिएका मृतकका लासहरूमध्ये आशा उर्फ पूर्णिमाको पनि थियो । यो दृश्य अनन्तले सहन सकेन । ऊ बिरामी पर्‍यो । उसको मनमा एउटै वाक्य ठोकियो, जुन छुट्टिने बेलामा पूर्णिमाले बोलेकी थिई । अनन्त यस घटनाले तीन दिनसम्म केही नखाई सुत्छ ।

## ५.२.२.२३ तेईसौं परिच्छेद

**सुकरातका पाइला** शीर्षक रहेको यस परिच्छेदमा जम्मा एघार पृष्ठ र सन्ताउन्न अनुच्छेद रहेका छन् । पूर्णिमाको मृत्युले सुतेको अनन्त तीनदिन पछि धर्मराउँदै उठ्छ । सुकरातले अनन्तलाई आफ्नो पीडा व्यक्त गर्न कर गर्छ । अनन्तले अतीत खोतल्दै आफू विभिन्न सपना बोकेर काठामडौं आएको तर यहाँ आएपछि जति नै प्रयत्न गर्दा पनि सबैतिरबाट हार खाएको र पूर्णिमाको मृत्युको खबरले पूर्ण रूपमा समाप्त भएको कुरा व्यक्त गर्छ । सुकरातले अनन्तलाई सम्झाउँदै जीवन यस्तै हो, कहिले सुख कहिले दुःख, जे जस्तो भए पनि मानिसले आफ्नो जीवन आफैं बाचेर सिध्याउनुपर्छ, हामीले आशाले बाच्नुपर्छ भन्दै सम्झाउँछ । अनन्तले सबै कुरा आफ्ना लागि व्यर्थ रहेको उल्लेख गर्दै रोगरूपी जीवनको अन्तिम उपचार गर्छु भन्दै आत्महत्याको सङ्केत गर्छ । ग्रिक दार्शनिक सुकरातको विषपानको चर्चा गर्दै अनन्तले आफू पनि उनै सुकरातको बाटो समात्ने कुरा गर्छ । सुकरात ग्रिक दार्शनिक सुकरातले पलायनको बाटो समातेका थिएनन् भन्दै बहस गर्छ र यस सृष्टिको सुन्दर फूललाई आफ्नो हातले निमोठ्ने कल्पना गर्नु हुँदैन भन्छ ।

## ५.२.२.२४ चौबीसौं परिच्छेद

यस परिच्छेदको शीर्षक **अब घाम डुब्ने बेला भयो** हो । यसमा पाँच पृष्ठ र छत्तीस अनुच्छेद रहेका छन् । अनन्त बिरामी हुन्छ । गोपीले उसको रेखदेख गर्ने जिम्मा निशालाई लगाउँदै आफ्नो घर चितवनतिर जान्छ । छुट्ने बेलामा अनन्तले गोपीसँग संसारभरका आत्महत्या गरेर मर्ने मानिसहरूको विवरण बताउन आग्रह गर्छ । गोपीले सकारात्मक कुरा सोच भन्दै सम्झाउँछ । एकदिन घाम डुब्ने बेलामा सोफिया आई हालखबर सोध्छे र पूर्णिमाको दुःखद खबर सुनाउँछे तर त्यसलाई अनन्त सुखद भन्दै प्रियजनको यस्तो खवर झन् राम्रो भन्छ । सोफियाले आफू पनि कीर्तिपुरतिरै डेरा सर्ने भन्दा अनन्त आफू यो डेरामा हप्ताभरि पनि नबस्ने कुरा गर्छ । उसले आफू केही कोही नभएको ठाउँमा डेरा सर्ने भन्दै मृत्युको सङ्केत गर्छ । उसले सिरानीमुनिबाट **द कम्प्लिट म्यानुअल अफ स्युसाइड** भन्ने किताव सोफियालाई देखाउँदै उक्त किताब पढेर सकेपछि डेरा सर्ने कुरा गर्छ । किताबको आवरणमा एकजना मानिस डोरीलाएर झुन्डिएको दृश्य थियो भने भित्र आत्महत्या गार्ने उपायहरू बताइएको थियो । अनन्त धेरै दिनदेखि यस्तै किताबभित्र हराउँदै थियो ।

## ५.२.२.२५ पच्चीसौँ  परिच्छेद

**मिनिआपोलिसको पुलबाट** शीर्षक रहेको यस परिच्छेदमा जम्मा सात पृष्ठ र त्रिचालीस अनुच्छेद रहेका छन् । यहाँ अनन्तले धेरै अनौठा किताबहरू पढेको छ । विशेषतः उपन्यासकारले यसमा आत्महत्या सम्बन्धी विभिन्न  खोज र चिन्तन प्रस्तुत गरेका छन् । अलवेयर कामुको विचार यहाँ प्रस्तुत छ । सुकरातले सेवन गरेको हेमलकदेखि आधुनिक मेडिकल साइन्सको मर्सिकिलिङको चर्चा गरिएको छ । यस परिच्छेदमा सिल्भिया प्ल्याथले आत्महत्या गर्नुपूर्व लेखेको कविता समावेश गर्नुका साथै जोन बेरिम्यान पिताको आत्महत्या देखेपछि त्यसबाट सताइएका र त्रासदीबाट भाग्न नसकी मद्यपान सुरु गर्दागर्दै अन्त्यमा मिनिआपोलिसको पुलबाट हाम फालेर आत्महत्या गरेको कुरा यहाँ उल्लेख छ ।

## ५.२.२.२६ छब्बीसौँ परिच्छेद

**सोपेन्हावरको सम्झनामा** शीर्षक रहेको यस खण्डमा पाँच पृष्ठ र छब्बीस अनुच्छेद रहेका छन् । अनन्तले डायरीका धेरै पाना मृत्युचिन्तन र विचारले भरेको थियो । उसको डायरीमा सेन्ट अगस्टिनले भनेको 'सैतानले उचालेपछि मात्रै मनमा आत्महत्या को चाहन उत्पन्न हुन्छ ' भन्ने लेख थियो । अनन्तलाई पनि त्यस्तै सैतानले उचालेको छ । उसमा मृत्युतृष्णा पलाएको छ । यस परिच्छेदभरि अनन्तले संसारका आत्महत्या सम्बन्धी घटनाहरूको चर्चा, स्मरण गर्दै छट्पटिएको देखाइएको छ।

## ५.२.२.२७ सत्ताइसौँ परिच्छेद

**एउटा कृष्णविवर र बाँकी सुनसान** शीर्षक रहेको अन्तिम परिच्छेदमा जम्मा नौ पृष्ठ र पैंतीस अनुच्छेद रहेका छन् । एकदिन शनिवार बेलुका सुकरात र नीलाले अनन्तलाई खाना खान निम्तो गरेका थिए, दुबै जना उदासीन हुँदै पर्खिरहे तर ऊ आएन । ऊ खाना खान नआएपछि सुकरातलाई गम्भीर आशङ्का लाग्यो, उसले मनमा विभिन्न कुरा खेलाउन थाल्यो । सुकरातले अघिल्लो हप्ता अनन्तले डरलाग्दो कुरा गरेको सम्झ्यो । सुतेपछि सुकरातले अनन्तले विषपान गरेको सपना देख्यो र निद्रामै करायो । सुकरात एकछिन सुतेपछि फेरि दोस्रोपल्ट सपना देख्यो । त्यतिबेला उसले अनन्तको लास गोलीले छेडेर प्वालैप्वाल  परेको देख्यो । ऊ सपनामा झस्किएर करायो । नीला उठेर किन झस्कियौ भनी सोध्न थाली । सुकरात रातभरि अनन्तको कुरा मनमा खेलाइरह्यो । ऊ राती नै उठेर अनन्तको डेरामा पुग्यो अनन्तलाई बोलायो तर अनन्त बोलेन, ढोका लगाइएको थियो । उसले चरबाट चिह्याएर हेऱ्यो । उसले दृश्य ठम्याउन सकेन । कोठाको बीच सिलिङमा पङ्खाबाट तल केही तुर्लुङ्ग झुन्डिएजस्तो लाग्यो र ऊ झस्कियो तर कपडा झुड्याएको हो वा मान्छे, छुट्याउन सकेन । अनन्तले गतहप्ता भनेको कुरा सम्झेर ऊ डरायो । सुकरातले त्यो दृश्य भ्रान्ति हो या यथार्थ छुट्याउन सकेन । ऊ भऱ्याङ् ओर्लेर लामालामा फड्का मार्दै आफ्नो क्वाटरतिर गयो ।

यस किसिमका घटनाक्रमहरुको संयोजनबाट **सुकरातका पाइला** उपन्यासको कथानक निर्माण भएको छ । हत्या हिंसा, आतङ्क लुटपाट, काटमार, देशको गतिहीनतासँगै अन्योलग्रस्त बनेको युवा मानसिकताको सेरोफेरोमा कथानक बुनिएको छ । विशेषतः २० देखि ३० वर्ष बीचको गाउँले युवक अनन्तको असफल जीवन चित्रण गरिएको छ ।

## ५.३ सुकरातका पाइला उपन्यासमा कथानक

उपन्यासमा भएका घटनाहरूको योजनाबद्ध ढाँचालाई कथानक भनिन्छ । उपन्यासमा आउने घटनाहरू तथा कार्यकारण सम्बन्धहरू कथानकमा उनिएका हुन्छन् । उपन्यास संरचनाको लागि आवश्यक पर्ने अन्य घटनाहरू कथानकसँग आबद्ध हुने भएकोले उपन्यासमा कथानकको महत्त्वपूर्ण स्थान हुन्छ । यस उपन्यासको प्रारम्भदेखि अन्त्यसम्मको चाल हो । ऋषिराज बरालका अनुसार यो चाल पात्रहरुको कार्य ब्यापारसँग सम्बद्ध छ । तसर्थ कथानक आफैँमा अन्य साना उपकथानकको विस्तारित रूप पनि हो ।[२]

**सुकरातका पाइला** उपन्यासमा देशको जर्जर अवस्था र त्यसको असरका बारेमा वर्णन गरिएको छ । अनन्त द्वन्द्वकालीन अवस्थाको एउटा प्रतिनिधि पात्र हो । उसका माध्यमद्वारा द्वन्द्वकालीन अवस्थामा शिक्षित बेरोजगार नेपाली युवाले भोगेको यथार्थ भोगाइलाई देखाइएको छ । यहाँ अनन्तको गाउँदेखि काठमाडौँ आएर भोग्नुपरेका अनेक पीडालाई समेटिएको छ । यहाँ अनन्तको करिब आठवर्षको जीवनसङ्घर्षको चर्चा गरिएको छ । यो समय माओवादी जनयुद्ध सुरु भएको डेड दुई वर्षदेखि द्वन्द्व चरम अवस्थामा पुग्दासम्म अथवा द्वन्द्व अन्त्य हुने बेलासम्मको अवधिसँग मिल्दो छ । अनन्तका साथै पूर्णिमा, चित्राखर  र भक्तमान द्वन्द्वकालीन नेपालका अन्य प्रतिनिधि पात्रहरू हुन् । प्रस्तुत उपन्यासको कथानक विश्लेषण गर्ने क्रममा कथानक स्रोत, प्रकार र आङ्गिक विकास आदिको अध्ययनसमेत प्रस्तुत गरिएको छ ।

### ५.३.१ सुकरातका पाइला उपन्यासको कथानक स्रोत

उपन्यासकारले कहीँ न कहीँबाट कथानकको स्रोत लिएका हुन्छन् । विविध स्रोतबाट लिइएका सामग्रीबाट उपन्यासकारले आफ्नो कलात्मक जलप लगाएर कथानकको सृजना गर्दछन् । प्रस्तुत उपन्यासको कथानक स्रोत दशवर्षे माओवादी जनयुद्धको द्वन्द्वकालीन अवस्थाको यथार्थमूलक चित्रण हो । नेपालीले भोगेका निरङ्कुशता र आतङ्कका कहिल्यै बिर्सन नसकिने दुःखान्त कथालाई **सुकरातका पाइला** उपन्यासले लिपिबद्ध गरेको भन्ने कुमार कोइरालाको कथन छ ।[३]

बिकट गाउँको शिक्षित युवक उच्च शिक्षा साथै विविध सपना सजाएर काठमाडौँ पुग्छ तर काठमाडौँ उसले सोचेजस्तो छैन । धेरै सङ्घर्ष गर्छ, सबै प्रकारका कामहरू गर्छ तर परिस्थितिले

२. ऋषिराज बराल , **उपन्यासको सौन्दर्यशास्त्र,** (ललितपुरः साझा प्रकाशन, २०५६) पृ.३० ।

३. कुमार कोइराला, *सुकरातका पाइला : निरङ्कुशता र आतङ्कको दुःखान्त कथा,* **गरिमा** (वर्ष २५, अङ्क ३,पूर्णाङ्क २९१, फागुन २०६३) पृ.१३५-१३७ ।

असफल बनाउँछ । पढाइबाट राम्रो गर्न सक्दैन । द्वन्द्वको कारणले उसको गाउँ अस्तव्यस्त बन्छ । गाउँ हत्याहिंसा, आतङ्क, बलात्कार, जबरजस्तीजस्ता घटनाले अस्तव्यस्त हुन्छ । अनन्तकी प्रेमिका पूर्णिमा सामाजिक जीवन बिताउने कुनै उपाय नभएपछि माओवादी छापामारका रूपमा जङ्गल पस्छे र भीडन्तमा परी मर्छे । यो घटनापछि अनन्तको मानसिकता पूर्ण रुपमा खल्बलिन्छ । यस उपन्यासमा उपन्यासकारले देखेका र अनुभव गरेका घटनाहरू यर्थाथ रूपमा टिपेका छन् । यो उपन्यास यथार्थमूलक अनुभवको आधारमा सृजना गरिएको छ । यसकारण प्रस्तुत **सुकरातका पाइला** उपन्यासको कथानकस्रोतलाई यथार्थमूलक छ भन्न सकिन्छ ।

## ५.३.२ सुकरातका पाइला उपन्यासको कथानक ढाँचा

उपन्यासमा घटनाक्रम हुन्छ । त्यस घटनाक्रमको सुरुदेखि अन्त्यसम्मको संयोजन नै कथानक हो । ऋषिराज बरालका अनुसार उपन्यासमा स्थानगत गति वा परिवर्तन पाइन्छ । गतिसित कथानकको सम्बन्ध हुन्छ ।[४] प्रस्तुत उपन्यासको कथावस्तु रैखिक ढाँचामा निर्मित छ । यस उपन्यासमा कथानकका अङ्गहरू सीधा अगाडि बढेका छन् । उपन्यासमा अनन्त बि.ए. पास गरेर उच्च शिक्षा आर्जन गर्न तथा विविध उद्देश्य लिएर काठमाडौँ गएपछि प्रारम्भ भई करिब आठ वर्षसम्मको सङ्घर्ष देखाइएको छ । उपन्यासमा पूर्णिमाका चिठी समावेश गरेर द्वन्द्वको वर्णन गर्नुका साथै देशको घटनाक्रमलाई अगाडिपछाडि नगराई वर्तमानबाट भविष्यतिर लगिएका हुनाले यो उपन्यासको कथानक ढाँचा रैखिक हो ।

## ५.३.३ सुकरातका पाइला उपन्यासको आङ्गिक विकास

उपन्यास आख्यान विधा भएकोले यसको कथावस्तु आङ्गिक विकासका दृष्टिले पूर्ण हुनुपर्छ । कथानकको आङ्गिक विकास भन्नाले विशेषतः आदि, मध्य र अन्त्यको विन्यास हो । कथानकका सम्बन्धमा जर्मनेली समालोचक गुस्ताभ फ्लुवर्ट फ्रेटागले **टेकनिक अफ द ड्रामा** (१८६३) भन्ने पुस्तकमा सूचीस्तम्भात्मक (पिरामिडल) आकारमा आरम्भ, सङ्घर्ष विकास, चरम, सङघर्षह्रास र उपसंहारजस्ता पाँच अवस्थाहरु देखाएका छन् ।[५] कथानकको आङ्गिक विकासका दृष्टिले पनि प्रस्तुत **सुकरातका पाइला** उपन्यासको विश्लेषण गरिएको छ ।

(क). **आरम्भ**

अनन्त नेपालको दुर्गम गाउँको बि.ए. सम्म अध्ययन गरेको एउटा शिक्षित युवक हो । ऊ पढाइलाई अगाडि बढाउन र विविध सपना सजाएर काठमाडौँ पुग्छ ।

४. ऋषिराज बराल , पूर्ववत् पृ. २९ ।
५. कृष्णहरि बराल, नेत्र एटम, पूर्ववत्, पृष्ठ २७ ।

## (ख) सङ्घर्ष विकास

अनन्त काठमाडौँ पुग्दा धेरै ढिला भएकोले एम.ए. मा भर्ना गर्न पाउँदैन र त्यस्तै क्रममा उसको भेट आफ्नो जिल्लाको पूर्व सांसद विक्रमसँग हुन्छ । विक्रमले राजनीतिक प्रक्रियाबाट उसको भर्ना गराइदिन्छ । ऊ भर्ना भएको छोटो समयमै परीक्षाको मिति आउँछ । त्यसैबेला देशमा आन्दोलन चर्किएको हुनाले ऊ पढ्न छोडेर दिनभर आन्दोलनतिर लाग्छ । अनन्तले परीक्षा दिन्छ तर अनुत्तीर्ण हुन्छ । परीक्षामा अनुत्तीर्ण हुनु नै उपन्यासको पहिलो सङ्कटावस्था हो ।

अनन्त राजनीतिमा लागेर क्रान्तिमा सामेल हुन्छ । नेताहरूको आश्वासनपछाडि दौडिन्छ तर उसको जीवन झन् जर्जर बन्दै जान्छ । हातमुख जोर्न गाह्रो पर्छ । त्यसै अवस्थामा पूर्णिमाले गाउँबाट पत्र पठाउँछे । पूर्णिमाका पत्रहरूमा गाउँमा माओवादीको आतङ्क , हत्या, हिँसा, बलात्कार जस्ता विभिन्न समाचारहरू मात्र हुन्छन् । पत्रअनुसार गाउँ पुग्न धेरै खतरा पार गर्नुपर्छ । यसरी माओवादी आतङ्कले उसको गाउँ जाने सपना पनि टुट्छ ।

अध्ययनबाट सफलता प्राप्त गर्न नसकेको अनन्तले राजनीतिबाट पनि केही नहुने थाँह पाएपछि विदेश जाने निधो गर्छ । अनन्तलाई सुकरातले पैसा दिएर विदेश पठाउन राजी हुन्छ । ऊ विक्रमको म्यानपावर कम्पनीबाट विदेश जाने निधो गर्छ । अनन्तले सुकरातसँग उसको सञ्चयकोषको पैसा मागेर विक्रमलाई दिन्छ । त्यसै बेला इराकमा बाह्र नेपालीको पाशविक हत्या हुन्छ, जसको प्रतिकार स्वरूप नेपालका सबै म्यानपावर कम्पनीहरू खरानीमा परिणत हुन्छन् । अनन्तको विदेश जाने सपना पनि माटोमा मिल्छ ।

## (ग) चरम

अनन्तले विविध सङ्घर्ष गर्दागर्दै पनि सर्वत्र असफलता हात पर्छ । देशको अवस्था द्वन्द्वले अस्तव्यस्त भइरहेको हुन्छ । त्यसै बेला उसले एक दिन पत्रिकामा पूर्णिमाको मृत शरीरको तस्बिर देख्छ । यो घटनाले उसलाई ठूलो झड्का दिन्छ । ऊ बिरामी पर्छ । उसको अब यो संसारमा केही गर्ने आशा जाग्दैन । ऊ पलायन हुन चाहन्छ । घोर निराशाले उसलाई छोप्छ । यो कथानकको चरम अवस्था हो ।

**(घ)** सङ्घर्षह्रास

अनन्तले सुकरातसँग आत्महत्या गर्ने कुरा बताउँछ । सोफियासँग 'मृत्यु त्यसै राम्रो हुन्छ त्यसमाथि प्रियजनको त झन् राम्रो भन्दै आफू डरलाग्दो र शून्य कोठामा सर्ने कुरा गर्छ ।

गोपीलाई संसारमा प्रसिद्ध आत्महत्या गर्ने व्यक्तिहरूको नामावली सोध्छ । संसारमा अत्महत्या गर्ने प्रसिद्ध व्यक्तिहरूको विचार र भनाइलाई डायरीमा टिप्दै तिनीहरुको विश्लेषण गर्छ । अनन्तले आफूले पनि मृत्युवरण गरेर साहसिक कार्य गर्ने सोच बनाउँछ ।

**(ङ) उपसंहार**

एकदिन अनन्तले आत्महत्या गरेको आशङ्का हुन्छ । सुकरातले राती दुई पटकसम्म अनन्तको मृत्युसम्बन्धी डरलाग्दा सपना देख्छ । ऊ बिहान सबेरै उठेर अनन्तको कोठामा पुगेर अनन्तलाई बोलाउँछ तर अनन्त बोल्दैन । उसको कोठामा झ्याल ढोका बन्द हुन्छन् । सुकरातले चिह्याएर हेर्दा कोठाभित्र सिलिङ्मा केही वस्तु झुन्डिएको जस्तो देख्छ । उसलाई अनन्तले आत्महत्या गर्ने कुरा गरेको पनि हुन्छ । अनन्तले झुन्डिएर आत्महत्या गरेको आशङ्कामा डराउँदै घर फर्कन्छ । अनन्तको अन्त्यलाई मञ्चमा प्रस्तुत नगरी सुकरातद्वारा द्विविधात्मक सङ्केत दिँदै उपन्यासको अन्त्य हुन्छ तर परिस्थितिको जन्जिरले घेरिएर मृत्युको डिलमा पुगेको अनन्त फेरि फर्केर मानवीय जीवनमा आउन गाह्रो थियो । अर्कोतिर देशको जटिल परिस्थितिमा आशाका सबै किरण निभेको बेलामा उसले आत्महत्या गर्नु स्वाभाविक देखिन्छ ।

**सुकरातका पाइला** उपन्यासमा कथानक विकासमा प्रारम्भ, सङ्घर्षविकास, चरम, सङ्घर्षह्रास र उपसंहारजस्ता पाँचवटा अवस्थाहरू रहेका छन् । नर्फोक गाउँबाट काठमाडौँ आएको गाउँको गरिव किसानको छोरो अनन्त र उसको पढाइ साथै उसले गरेका सङ्घर्षबाट उपन्यासको उठान गरिएको छ । अनन्त एम.ए.को परीक्षामा असफल भएपछि सङ्घर्ष विकासको अवस्था सृजना भएको छ । अनन्त नेताको पछि लागेर आन्दोलनमा लाग्नु तर आफ्नो जीवन अस्तव्यस्त हुनु, माओवादी द्वन्द्वले गाउँ फर्कने अवस्था नहुनु उपन्यासको दोस्रो सङ्कटावस्था हो । यहीँबाट कथानकले आदिभागबाट मध्यभागमा प्रवेश गरेको छ । सर्वत्र असफल भएपछि अनन्त सुकरातको आर्थिक सहयोगमा विदेश जान खोज्नु तर इराक काण्डले नेपालका सबै म्यानपावर खरानी भएपछि उसको सपना त्यँही टुट्नु र निराश हुनु कथानकको तेस्रो सङ्कटावस्था अर्थात् सङ्घर्ष विकासको महत्वपूर्ण पक्ष हो । पूर्णिमाको मृत्युले अनन्त बिरामी पर्नु र घोर निराशाको भुमरीमा पर्नु कथानक विकासको चरम हो यसै घटनाबाट अनन्तले आत्महत्या गर्ने सोच बनाउँछ । यहीँबाट उसको अन्त्यको कथा सुरु हुन्छ । सोफियालाई डरलाग्दो र शून्य कोठामा डेरा सर्दै छु भन्नु, आत्महत्या सम्बन्धी लेख र विचार खोजेर पढ्नु यस उपन्यासमा सङ्घर्षह्रासका घटना हुन् । सुकरातले राती दुई पटकसम्म अनन्तको मृत्यु सम्बन्धी सपना देखेर तर्सनु र विहान सबैरै अनन्तको कोठामा पुगेपछि कोठा बन्द हुनु, जति बोलाउँदा पनि ऊ नबोल्नु र सुकरातले निदयाएर हेर्दा पङ्खामा केही झुन्डिएको देख्नु यस उपन्यासको कथानक विकासक्रममा देखिएका उपसंहारका अवस्था हुन् । यसरी **सुकरातका पाइला** उपन्यासको विकासदेखि अन्त्यावस्थामा पुगेको कथानकको विकास सहज, स्वभाविक र कौतुहलपूर्ण रूपमा प्रस्तुत भएको छ ।

## ५.४ सुकरातका पाइला उपन्यासमा पात्रविधान

**सुकरातका पाइला** उपन्यासमा विनिर्माणवादी शैली अपनाएर विभिन्न चरित्रहरूको निर्माण गरिएको छ । विशेषतः अनन्त र सुकरातको भूमिकामा उपन्यासको सेरोफेरो रचिएको छ । तुलनात्मक रूपमा पुरुष पात्रहरूको प्रमुख भूमिका रहेको यस उपन्यासमा नारी पात्र पूर्णिमा नायिकाको भूमिकामा प्रस्तुत छे तर उसको उपन्यासमा प्रत्यक्ष उपस्थिति भने कतै देखिँदैन । उपन्यासको आरम्भदेखि अन्त्यसम्म अनन्तको भूमिका प्रमुख देखिन्छ । अनन्त नै यस उपन्यासको नायक हो । उत्तरआधुनिक चिन्तन अपनाएर अनन्तको चरित्र निर्माण गरिएको छ । उपन्यासको कथावस्तु केही अघि बढेपछि सुकरातको भूमिका अगाडि बढ्छ । उपन्यासमा सह नायकको भूमिका खेलेको सुकरातको विनिर्माण पद्धतिअनुसार चरित्र निर्माण गरिएको छ । गोपी, विक्रम र नीलिमा यस उपन्यासका सहायक पात्रहरू हुन् भने रणसङ्ग्राम, निशा, चित्राखर ,भक्तमान, डेभिड, सोफिया, तृष्णा, विभागीय प्रमुख, प्रहरी, आन्दोलनकारी, म्यानपावरको हाकिम, कीर्तिपुरका विद्यार्थीहरू आदि उपन्यासका गौण पात्रहरू हुन् । यी पात्रहरूलाई लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवन चेतना, आसन्नता, र आबद्धताका आधारमा वर्गीकरण गरेर अध्ययन गरिन्छ ।

### ५.४.१ लिङ्गको आधारमा चरित्रको वर्गीकरण

लिङ्गले पात्रको प्राकृतिक जात छुट्ट्याउँछ । यसको आधारमा पुलिङ्गी र स्त्रीलिङ्गी पात्रहरूलाई दुई भागमा बाँडिएको छ । पात्रहरूको शरीरको वर्णन नाम स्वभाव तथा तिनमा प्रयुक्त क्रियाकलापको आधारमा लिङ्गलाई छुट्ट्याउन सकिन्छ । यस उपन्यासमा प्रयोग गरिएका पुरुष पात्रअन्तर्गत अनन्त, सुकरात, गोपी , विक्रम , डेभिड, रणसङ्ग्राम, चित्राखर, भक्तमान, विभागीय प्रमुख रहेका छन् भने स्त्रीपात्रअन्तर्गत पूर्णिमा, निशा , सोफिया, तृष्णा , नीलिमा रहेका छन् । त्यसै गरी कीर्तिपुरका विद्यार्थीहरू र आन्दोलनकारी महिला र पुरुषको संयुक्त समूह हो ।

### ५.४.२ कार्यका आधारमा चरित्रको वर्गीकरण

कार्यका आधारमा पात्रहरू प्रमुख, सहायक र गौण गरी तीन प्रकारका हुन्छन् । उपन्यासभित्रको उसको भूमिकाको आधारमा तिनीहरूलाई वर्गीकरण गरिन्छ । जसको भूमिकामा उपन्यासको कथानक अगाडि बढेको छ त्यो नै प्रमुख पात्र हो । 'सामान्यतः सबैभन्दा धेरै पटक नाम वा सर्वनाम पुनरावृति हुने र आदिदेखि अन्त्यसम्म आउने पात्रलाई प्रमुख पात्र भनिन्छ । त्यसभन्दा थोरै नाम सर्वनाम आउने सहायक र अन्य चाहिँ गौण पात्र हुन्छन् ।'[६]

**सुकरातका पाइला** उपन्यासमा अनन्त प्रमुख पात्र हो । उपन्यासभित्रको प्रभावकारी भूमिका र महत्त्वका दृष्टिले सुकरात र पूर्णिमा पनि प्रमुख पात्रकै रूपमा प्रस्तुत भएका छन् । त्यसै गरी गोपी विक्रम र नीलिमा सहायक पात्र हुन् भने चित्राखर भक्तमान, रणसङ्ग्राम, निशा, सोफिया, तृष्णा, डेभिड, विभागीय प्रमुख आदि गौण पात्रहरू हुन् । यिनीहरूको कार्यले उपन्यासमा त्यस्तो कुनै प्रभाव पार्दैन ।

६. कृष्णहरि बराल, नेत्र एटम, पूर्ववत्, पृष्ठ ३० ।

### ५.४.३ प्रवृत्तिका आधारमा चरित्र चित्रण

प्रवृत्तिका आधारमा पात्र अनुकूल र प्रतिकूल दुई वर्गमा बाँडिएको हुन्छ । उपन्यासका पात्रहरू सकारात्मक र नकारात्मक दुबै भूमिका निर्बाह गरेका हुन्छन् । सकरात्मक भूमिका निर्वाह गरी पाठकको सहानुभूति प्राप्त गर्ने अनुकुल पात्र हुन् भने नकारात्मक भूमिका निर्बाह गरी पाठकको घृणा बन्ने पात्रहरू प्रतिकुल पात्रहरू हुन् । **सुकरातका पाइला** उपन्यासमा अनन्त, सुकरात, पूर्णिमा, गोपी, विक्रम, चित्राखर, भक्तमान नीलिमा आदि अनुकुल पात्रहरू हुन भने रणसङ्ग्राम, डेभिड आदि प्रतिकुल पात्रहरू हुन् ।

### ५.४.४ स्वभावको आधारमा वर्गीकरण

स्वभावको दृष्टिकोणले पात्रहरू गतिशील र गतिहीन गरी दुई वर्गमा विभाजन गरिन्छ । परिस्थिति अनुसार बदलिने पात्र गतिशील पात्र हुन भने परिस्थितिअनुसार नबदलिने र उस्तै विचलनरहित जीवन विताउने गतिहीन वा स्थिर पात्रहरू हुन् । **सुकरातका पाइला** उपन्यासमा अनन्त पूर्णिमा, चित्राखर, भक्तमान, डेभिड, आदि गतिशील पात्रहरू हुन् भने सुकरात, गोपी, विक्रम, निशा, नीलिमा, विभागीय प्रमुख आदि गतिहीन वा स्थिर पात्रहरू हुन् ।

यहाँ उपन्यासको प्रमुख पात्र अनन्त आफूलाई समयअनुसार विभिन्न काममा ढाल्दै अगाडि बढेको छ । ऊ कहिले विद्यार्थी, कहिले फुटपाथ ब्यापारी , कहिले आन्दोलनकारी, कहिले कुल्ली हुँदै अगाडि बढेको छ । अनन्त जीवनदेखि असफल भएर आत्महत्या गर्ने सोच बनाउँछ । त्यसै गरी पूर्णिमा पनि समय र परिस्थितिको बहाबसँगै छापामार बन्न पुग्छे । भक्तमान र चित्राखरले पनि गतिशील पात्रको भूमिका नै खेलेको छन् । डेभिड आफूलाई समयानुकुल परिवर्तन गर्न सक्ने असत् पात्र हो । उपन्यासका अन्य पात्रहरूमा खासै कुनै गति भेटिदैन । उनीहरू एउटै मात्र आदर्शमा बाँचेका छन् ।

### ५.४.५ जीवन चेतनाका आधारमा चरित्रहरूको वर्गीकरण

जीवनचेतनाका आधारमा पात्र वर्गीय र व्यक्तिगत गरी दुई प्रकारका हुन्छन् । वर्गगत पात्रले जीवन निर्वाह गर्दा कुनै निश्चित सामाजिक वर्गअनुरूप काम गर्छ भने व्यक्तिगत पात्रले आफ्नै शैलीको जीवन बाँचेको हुन्छ ।

प्रस्तुत **सुकरातका पाइला** उपन्यासमा अनन्त वर्गीय पात्र हो । उसले एउटा शिक्षित बेरोजगार नेपाली युवाको प्रतिनिधित्व गरेको छ । देशमा चलेको जनआन्दोलनमा पनि सहभागी भएको छ । त्यसै गरी पूर्णिमा पनि रोग, भोक र गरिबीले पिल्सिएकी आम नेपाली गाउँले परिवेशको प्रतिनिधि पात्र हो । डेभिड, चित्राखर, भक्तमान, रणसङ्ग्राम आदि पनि वर्गीय पात्रहरू नै हुन् । उपन्यासमा सुकरात आफ्नो निजी स्वभाव वा वैयक्तिकताको प्रतिनिधित्व गरी नवीन शैलीको

जीवन जिउने वैयक्तिक पात्र हो । ऊ आफ्नो वैयक्तिक दर्शन र सिद्धान्तमा बाँचेको छ । त्यसै गरी उपन्यासका अन्य पात्रहरूमा गोपी, बिक्रम, निशा, सोफया, नीलिमा आदि वैयक्तिक पात्रहरू अन्तर्गत पर्दछन् ।

## ५.४.६ आबद्धताका आधारमा चरित्रहरूको वर्गीकरण

**उप**न्यासमा प्रयुक्त पात्रहरूलाई बद्ध र मुक्त गरी दुई वर्गमा विभाजन गर्न सकिन्छ । उपन्यासको कथानकसँग पात्रहरूको कस्तो सम्बन्ध छ भनेर हेर्नुलाई आबद्धता भनिन्छ । उपन्यासमा कथानकसँग सम्बद्ध भएर सार्थक भूमिका खेल्ने पात्र, जसलाई झिक्दा कथानक नै भत्कने पात्र बद्ध हो भने स्वतन्त्र भएर सार्थक भूमिका खेल्ने र जसलाई कथानकबाट झिक्दा पनि खासै कथानकमा असर नपर्ने पात्र मुक्त पात्र हुन् । **सुकरातका पाइला** मा अनन्त, सुकरात पूर्णिमा गोपी, विक्रम, रङ्सङ्ग्राम, नीलिमा आदि बद्ध पात्रहरू हुन् भने उपन्यासमा आएका अन्य पात्रहरू मुक्त पात्र हुन् ।

### ५.४.७ आसन्नताका आधारमा चरित्रको वर्गीकरण

**प्र**त्यक्ष र परोक्ष उपस्थितिका आधारमा  पात्रलाई नेपथ्य र मञ्चीय गरी दुई भागमा छुट्याइन्छ । उपन्यासमा उपस्थित भई कार्यव्यापार वा संवाद प्रस्तुत गर्ने पात्र मञ्चीय हुन्छ भने अन्य पात्रले नामोच्चारण गरेको र स्मृति, पत्र आदिको माध्यमबाट कार्यव्यापर गर्ने पात्रलाई नेपथ्य पात्र भनिन्छ । यस **सुकरातका पाइला** उपन्यासमा पूर्णिमाको भूमिका सबल रहेको छ  र ऊ उपन्यासकी नायिका हो तापनि उसको यहाँ प्रत्यक्ष उपस्थिति छैन मात्र स्मृति र उसले पठाएका पात्रहरुबाट उसको उपस्थिति देखाइएको छ । त्यसकारण पूर्णिमा यस उपन्यासकी नेपथ्य पात्र हो । अनन्त र सुकरातको उपन्यासमा प्रत्यक्ष र सशक्त भूमिका रहेको छ । यी लगायत उपन्यासका अन्य पात्रहरू मञ्चीय पात्रहरू हुन् ।

## ५.४.८ पात्रीय भूमिकाका आधारमा सुकरातका पाइला उपन्यासका प्रमुख पात्रहरूको विवेचना

प्रस्तुत **सुकरातका पाइला** उपन्यास पचासको दशकमा नेपालमा भएको गृहयुद्धको प्रतिबिम्ब स्वरूप आएको छ । विशेष गरी अनन्तको अन्योलग्रस्त जीवनको चित्रण गर्दै तत्कालीन नेपाली युवाको समस्यालाई उजागर गर्नुका साथै द्वन्द्वपीडित जनताको करुणा चित्रण गरिएको छ । अनन्त लगायत, पूर्णिमा, सुकरात, गोपी, विक्रम, नीलिमा आदिजस्ता पात्रहरूको थप चरित्रचित्रण गर्नु यहाँ सान्दर्भिक देखिन्छ ।

### ५.४.८.१ अनन्त

अनन्त यस उपन्यासको प्रमुख पात्र हो । उपन्यासको नायक पनि अनन्त नै हो । उपन्यासकार भट्टराईले उत्तरआधुनिकवादी पद्धति अपनाएर अनन्तको चरित्रचित्रण गरेका छन् ।

अनन्त नेपालको पूर्वी पहाडी गाउँको सोझो र इमान्दार गाउँले युवक हो । आफ्नो जिल्लामा रहेको क्याम्पसमा बि.ए. सम्मको अध्ययन गरेको अनन्त एम.ए. पढ्ने सपना बोकेर काठमाडौँ आउँछ । पढ्ने जागिर खाने र सुनौलौ भविष्यको रेखा कोर्ने उद्देश्य बोकेर राजधानी छिरेको अनन्तलाई त्यहाँको जीवन त्यति सजिलो हुँदैन । उसको गाउँ एक त विकासको दृष्टिले पछडिएको छ दोस्रो यहाँ कुनै अवसर र सम्भावना छैनन् । त्यसमाथि माओवादी र सरकारको दोहोरो युद्धको मारमा छ । अनन्त गाउँमा फर्कने स्थिति छैन र काठमाडौँ उसको जीवन निकै कष्टकर छ । ऊ निकै ढिलो गरेर त्रिभुवन विश्वविद्ययालयमा एम्.ए. पढ्न पुगेको थियो । त्यस अवस्थामा भर्ना रोकिइसक्दा पनि राजनीतिक दवाबका कारण उसको भर्ना त गराइयो तर पढाइ छुटेपछि भर्ना भएकोले ऊ परीक्षामा असफल भयो । पढाइमा प्रगति गर्न नसकेपछि उसको मन चुलबुलिन थाल्छ । काठमाडौँको महङ्गी, सहयोग गर्ने कोही छैनन् उसलाई पेट पाल्न मुस्किल हुनथाल्यो । पटकपटक एम.ए.को परीक्षामा फेल भएपछि ऊ विदेश जाने सपना देख्छ तर उसँग धन हुँदैन । ऊ एउटा अन्योलग्रस्त र बेथितिको जीवन बिताइरहेको उत्तरआधुनिक पात्र हो । अनन्तले सबैतिरबाट असफल भएको स्वीकारोक्ति यसरी गरेको छ - "एम.ए. मा धेरै पल्ट फेल भएपछि रत्नपार्कतिर फुटपाथमा म व्यापारी भएँ । म आकाशे पुलमाथि बोरा ओछ्याएर बसेँ । भोटाहिटिको पेटीमा बसेँ र त्यहाँ तपाईहरूले चिन्नुहोला भनी छत्रेटोपी र कालो चस्मा लगाएर मुखमा रुमाल बाँधे अनि मोजा, कट्टू टोपी र काइँयो बेच्दै हिडेँ । बसपार्कमा साँझतिर गुँदपाक बेचेँ , राती नाम्ला डोरी लिएर कुधेँ । भारी चढाएँ , ओरालेँ । ठमेलतिरको होटलमा अनेक काम गरेँ । त्यसबेला पनि म निराश थिइन । पूर्णिमाको चिठीपत्र हराएदेखि , मेरो प्रमाणपत्रले मलाई पाल्दैन भन्ने सन्देह बढेपछि, महिना धान्न असमर्थ भएपछि मैले विदेश जाने सपना मेटिदिएँ । मसँग एक पैसा छैन, म कसरी सत्तरी असी हजार निकाल्न सक्छु ? यो अवस्थामा पुगेँ भनेर म आफ्ना परिवारजनलाई बताउन चाहन्नँ । मेरो अहङ्कारले यी कुरा स्वीकार गर्न दिदैँन । मैले धेरै गर्छु भनेर प्रतिज्ञा गर्दै घर छोडेको थिएँ । आज मै असहाय भै चौबाटोमा उभिएको छु ।"[७] अनन्तको यस अभिव्यक्तिबाट ऊ एक असफल पात्र हो भन्ने कुरा प्रस्ट हुन्छ ।

अनन्तको वास्तविक परिचय छैन । ऊ अन्योलग्रस्त जीवन विताउन विवश छ । अनन्त एउटा असफल प्रेमी हो । ऊ पूर्णिमालाई मन पराउँछ । उसकै यादमा तड्पन्छ तर उसलाई काठमाडौँ ल्याउने आँट गर्दैन । उसका सबै सपना निराशामा परिवर्तन भएका छन् । सुकरातले आफ्नो सञ्चयकोषको पैसा निकालेर अनन्तलाई दिन्छ र विदेश पठाउन खोज्छ तर इराकमा बाह्र नेपालीको हत्या भएपछि काठमाडौँमा सम्पूर्ण म्यानपावर कम्पनीहरू ध्वस्त भए र अनन्तको विदेश जाने सपना पनि खरानीमा परिणत हुन्छ । अनन्त आफन्तको मृत्यु, देशभरि व्याप्त हत्या, हिंसा, आतङ्क आदि कारणले विक्षिप्त अवस्थामा पुगेको छ । उसले यसरी मृत्युलाई राम्रो भन्दै बहुलठ्ठी कुरा गर्छ, 'त्यो त राम्रो खबर हो । मृत्यु त्यसै राम्रो त्यसमाथि आफन्तको वा प्रियजनको ता झन् राम्रो मलाई धेरै राम्रो लागिरहेको छ । किनभने एउटा मृत्युले सयौंले भोगेका अदृश्य पीडाहरू, दुःखान्त लीलाहरू, सयौंका अपहरण, बिछोड्, निर्वासन, निष्कासन आदिले उत्पन्न गरेका चिन्ता

---

७. गोबिन्दराज भट्टराई, **सुकरातका पाइला**, पूर्ववत्,पृष्ठ. ९३ ।

देख्नु सुन्नुपर्दैन र अन्य प्रकारका मृत्युहरू देख्न पर्दैन । त्यो त एकदम राम्रो खबर हो । म त्यो सुनेदेखि खुसी छु ।[८] यसरी ठक्करै ठक्कर खाँदै जीवनमा कुनै निकास नदेखेको अनन्त आत्महत्या गर्ने मनस्थितिमा पुग्दछ । समालोचक मोहनराज शर्माले ऊ एउटा परिचय हराएको पात्र हो भनेर अनन्तको विश्लेषण गरेका छन्:

> "ऊ उत्तरआधुनिक विश्वका मानिस झै अनिर्णय र अनिश्चिततामा बाँचेको छ । फलस्वरुप यो पात्र अपरिचयले ग्रस्त छ । अपरिचय पनि उत्तरआधुनिक मानिसकै एउटा लक्षण हो । अनन्त के हो ? ऊ सोझो खालको एउटा गाउँले केटा हो कि ? सधैं अनुत्तीर्ण हुने एउटा विद्यार्थी हो कि ? अथवा निरन्तर रत्नपार्कतिर कुदिरहने एउटा आन्दोलनकारी हो ? ब्यापार गरेर जीविका चलाउने खोज्ने हुदाँ ऊ फुटपाथे ब्यापारी हो कि ? माओवादी बन्ने इच्छा राख्ने हुँदा ऊ माओवादी हो कि ? साथै ऊ कामको लागि विदेश पनि जान चाहन्छ । अनि ऊ प्रेमी पनि हो र आत्महत्यातिर उन्मुख चरित्र पनि हो । अन्ततः ऊ के हो त ? यीमध्ये ऊ के हो र उसको वास्तविक परिचय कुन हो भन्ने कुरा चाहिँ अनिर्णित छ । यसरी अनन्तको वास्तविक परिचय हराएको छ र ऊ उत्तरआधुनिक मानवीय अपरिचयको समस्या 'म को हुँ' भन्ने कुराले ग्रस्त छ । अपरिचयग्रस्त युवकको रूपमा अनन्तको चरित्रचित्रण ज्यादै सशक्त ढङ्गमा गरिएको छ ।'[९]

अनन्त निन्नवर्गीय युवाहरुको प्रतिनिधित्व गर्ने वर्गीय पात्र हो । ऊ उच्च शिक्षा हासिल गर्न नसकेको आर्थिक दुरवस्थाले पिल्सिएको पात्र हो । अनन्तले जीवनमा एकै पल्ट विभिन्न क्षेत्रबाट ठक्कर खाएपछि बाँच्नुभन्दा मर्नु नै उत्तम ठानी आफ्नो विचारधारालाई आशाबाट निराशामा परिणत गर्दछ । अनन्तले यति सुन्दर राष्ट्रमा चारैतिर मृत्यु र निराशा देख्छ , भय र सन्त्रास देख्छ , मानिस उपायहीन भएको देख्छ, यसले उसलाई पनि मर्ने प्रेरणा दिइरहेको छ , किनभने यहाँ उसले जीवनको कुनै अर्थ देख्न छोडेको छ, ऊ निराशाको कालोबादलभित्र अल्मलिएको छ । अनन्तको जीवनमा के गर्ने, कता लाग्ने केही थाहा नभएपछि ऊ जीवनबाट नै भाग्न चाहन्छ । अन्ततः अनन्त जीवनबाट पलायन हुन बाध्य हुन्छ र आत्महत्याको बाटो रोज्छ ।

## ५.४.८.२ सुकरात

**सु**करात प्रस्तुत उपन्यासको अर्को प्रमुख र महत्त्वपूर्ण पात्र हो । त्रि.वि.मा प्राध्यापन सेवामा समर्पित सुकरात ५० वर्ष हुँदासमेत विवाह गरेको छैन । उसको वास्तविक नाम **अगम** हो । यथार्थलाई दार्शनिक आँखाले हेर्छ । मोहनराज शर्माका् अनुसार प्रस्तुत उपन्यासमा सुकरात नामको चरित्र चित्रण विनिर्माण पद्धतिद्वारा गरिएको छ । उसलाई कथानकको बलियो स्तम्भका रूपमा उभ्याइएको छ । उपन्यासको सुकरात केही अंशमा मूल सुकरात हो, किनभने ऊ मूल सुकरातझैं यथार्थलाई दार्शनिक आँखाले हेर्छ । मूल सुकरातको झैं उसको पनि प्रज्ञाप्रति गहिरो निष्ठा छ ।[१०]

---

८. गोविन्दराज भट्टराई, **सुकरातका पाइला**, पूर्ववत्,पृष्ठ १७३ ।

९. मोहनराज शर्मा , **गरिमा** , पूर्ववत्, पृष्ठ ४८ ।

१०. पूर्ववत्, पृष्ठ ४९ ।

सुकरात सार्त्रको भक्त हो । ऊ उस्तित्ववादी चिन्तनको हिमायती हो । उसले मानिसले आफ्नो निर्णय आफैँ गर्नुपर्छ भन्ने मान्यता राखेको छ । सुकरात उपन्यासकारको मुखपात्र हो । उपन्यासकार भट्टराईले आफ्नो प्राज्ञिक क्षमता सुकरातमार्फत व्यक्त गरेका छन् । उसले बातमार्ने मान्छे पाउँदा घन्टौसम्म बात मारेर बिताउँछ । ऊ दयालु छ । विशेष गरी आफ्ना शिष्यहरूलाई बढी माया गर्छ । सुकरात हरेक कुरालाई दार्शनिक आँखाले हेर्छ । सुकरातको ईश्वर प्रतिको धारणा यस्तो रहेको छ -

'एउटा बोटलाई कहिले फुल्ने आफै थाहा हुन्छ, एउटा वृक्षलाई कहिले पात झर्ने, कहिले पाउलिने, कतिवर्षदेखि फल लाग्ने, आफैँ थाहा हुन्छ । अनादि कालदेखि त्यही स्वाद, त्यही गुण, त्यही आकार, त्यही रूप र रङ्गमा फल्ने चेतना एउटा वृक्षभित्र सुरक्षित देखिन्छ । यस्ता अति सूक्ष्म र व्याख्या गर्न नसकिने आश्चर्यहरू देख्ता यसको रचनाकार ईश्वर नै हुनु पर्छ जस्तो लाग्छ । यो रहस्यमयता र व्याख्यातीत विविधता देख्ता ईश्वर मर्‍यो भन्न डर लाग्छ । तर अन्य प्राणी वनस्पति र ग्रहनक्षेत्रको एउटै लक्षण गति र आयु देखिए पनि ईश्वरले सबैभन्दा सचेत रहेको मानिसभित्र किन यति विनाशक र क्रूर शक्ति आरोपित गरिदियो होला? हेर, घोडाले तान्ने क्षमता उस्तै छ , नदीको बग्ने गति उस्तै छ, रूखका उचाइहरू निश्चित छन् तर मानिसले चाहिँ कुन बर्बरताको उपासनाले यो सिद्धि प्राप्त गर्‍यो सारालाई भत्काउने, बिगार्ने, उल्ट्याउने र गडबडी उत्पन्न गर्ने मानिसलाई सधैँ छुट छ । यो देख्ता ईश्वर जिउँदै छ अथवा ऊ होसमै छ भन्नेमा मलाई संशय लाग्छ । त्यसैले होला हाम्रो समयमा मन्दिर-मस्जिद जान नचाहनेहरूले मनमनमा नित्सेको पूजा गर्छन् ।[११]

उक्त भनाइबाट सुकरातले वर्तमान मानिसको अराजक प्रवृत्तिको विरोध गरेको छ । उसको यो बौद्धिक विचारबाट ऊ विशिष्ट प्राज्ञिक क्षमता राख्ने विद्वान हो भन्ने कुरा प्रस्ट हुन्छ ।

सुकरातमा सुरुमा विवाहले स्वतन्त्रतामाथि आघात पुर्‍याउँछ भन्ने चिन्तन थियो तर पछि आफूजस्तै सोच राखेर बुढीकन्या भएकी नीलिमासँग सम्बन्ध गाँस्छ । यो विबाह हो पनि र होइन पनि जस्तो लाग्छ । सुकरात र नीलिमा एकै ठाँउमा बस्छन् । एकले अर्कोलाई बुढेसकालमा ओछ्यान पार्टनरको रूपमा पाएका छन् । सुकरात बाह्य रूपमा दार्शनिक आँखाले यथार्थलाई हेरेर यथार्थलाई धकेलेपनि उसमा यौन कुण्ठा थियो । उसले कोही विद्यार्थीलाई आसक्तिपूर्ण आँखाले हेर्थ्यो भने कोही विद्यार्थीको बोली क्यासेटमा भरेर लुकाएको थियो । यौन आसक्तिको कारण बुढेसकालमा नीलिमासँग विवाह गर्छ । ऊ यौनका कारणले कमजोर चरित्र देखिन्छ । उसको विबाह गर्ने चाहना सुरुवाट नै थियो किनकि उसले आफ्नो सञ्चयकोषको पैसा अनन्तलाई दिनुभन्दा पहिला बिवाह गर्ने भनेर जोगाएको थियो ।

११. गोविन्दराज भट्टराई **सुकरातका पाइला**, पूर्ववत्, पृष्ठ ६३ ।

सुकरातमा कुनै पनि सत्य अन्तिम सत्य होइन भन्ने विनिर्माणवादी सोच रहेको छ । उपन्यास भित्र सुकरातले यसरी आफ्नो धारणा राख्दछ -

> सबै आंशिक छ , पाश्र्विक छ , एक छेउ मात्र देखिन्छ , अर्को छेऊ अगम्य छ । भारतवर्ष खोज्दै हिँडेका कोलम्बसले भारतवर्ष भेटेँ भने तर उनी अमेरिका पुगेका थिए । अहिले भन्दैछन् कोलम्बसले पनि होइन, अफ्र अर्कैले त्यो पत्ता लगाएका थिए । तर कोलम्बस आफ्नो जीवनकालभरिलाई ढुक्क थिए । कतिको लागि आफ्नो जीवनकालभरि पुग्ने सत्यहरू हुन्छन् , मान्यता र मूल्य हुन्छन् । कतिले बीचैमा ती कुरा बदलिएको सुन्नुपर्छ । आइन्स्टाइनको सिद्धान्त धेरै बदलियो, फ्राइडको बदलियो, निस्सेको बदलियो, अरू पनि निरन्तर बदलिरहेका छन् ।[१२]

उक्त विचारबाट के प्रस्ट हुन्छ भने **सुकरातका पाइला** उपन्यासको प्रमुख पात्र सुकरात उत्तरआधुनिक दर्शनको हिमायती हो । उपन्यासमा द्वन्द्व, पीडा, र तनाव छ तर सुकरात नराम्रोमा राम्रोको खोजी गर्ने सत् पात्र हो । ऊ आशावादी छ । उपन्यासमा उसले अनन्तलाई निराशावादबाट तान्ने प्रयत्न गरेको छ । ऊ यस उपन्यासको एउटा उज्ज्वल चरित्र हो ।

## ५.४.८.३ पूर्णिमा

**पू**र्णिमा उपन्यासकी नायिका अर्थात् प्रमुख नारी पात्र हो । उसको भूमिका उपन्यासमा प्रत्यक्ष नभएर नेपथ्यपात्रको रूपमा भए तापनि उसको भूमिका अर्थपूर्ण रहेको छ । पूर्णिमा अनन्तकी प्रेमिका हो । ऊ गाँउमा बस्छे । माओवादी आतङ्कले गर्दा उसको गाउँ निकै जर्जर बनेको छ । ऊ त्यही गाउँमा त्रस्त जीवन बिताउन बाध्य छे । ऊ बि.ए.मा सात पल्टसम्म फेल भएर एम्. ए. पढ्ने अधुरो सपना भएकी युवती हो । उसले अनन्तलाई आफूलाई काठमाडौँ बोलाउन आग्रह गर्छे । ऊ आफै पनि गाउँ छोडेर सहर पस्न चाहन्छे तर विविध परिस्थिति तथा द्वन्द्वको कारणले गाउँमै अल्मलिन बाध्य छे । उसले अनन्तलाई पत्रमार्फत गाउँको खबर पुऱ्याउने गरेकी छे । पूर्णिमा जीवनमा अगाडि बढ्ने प्रयास गर्दागर्दै पनि जतातततैबाट निराशा प्राप्त भएपछि जङ्गल पसेर छापामार बन्छे । विभिन्न ठाउँमा सैनिकहरूसँग युद्ध लड्दै हिँडेकी पूर्णिमा अन्ततः एक दिन भिडन्तमा सैनिकको गोली लागेर मर्छे ।

माओवादी आतङ्कले गाउँको त्रासद वातावरणमा हुर्किदै गरेकी पूर्णिमाको काठमाडौँ आएर उच्च शिक्षा हासिल गर्ने रहर केवल सपना बनेको छ । ऊ बाध्यता र विवशताले माओवादी बनेर काँधमा बन्दुक लिई हिँडेकी छे । यस उपन्यासमा उसको चरित्रले पाठकमा सहानुभूति पैदा हुन्छ । ऊ अनुकूल चरित्र भएकी नारी पात्र हो ।

---

**१२.** गोविन्दराज भट्टराई, **सुकरातका पाइला**, पूर्ववत्, पृष्ठ ४३ ।

### ५.४.८.४ गोपी

**गो**पी प्रस्तुत सुकरातका पाइला उपन्यासको सहायक पात्र हो । ऊ चितवनबाट काठमाडौँ कीर्तिपुरमा पढ्न भनेर आएको विद्यार्थी हो । ऊ उपन्यासको शालीन पात्र हो । गोपीले गजल लेख्ने गर्दछ । ऊ निकै सहयोगी छ । अनन्तलाई उसले हरतरहले सहयोग गरेको छ । निशा भन्ने अनन्तको गाउँबाट आएर काठमाडौँ पढ्न बसेकी केटीसँग उसको प्रेम छ । ऊ निशाको बारेमा सोच्छ र उसलाई समर्पित गर्दै गजल लेख्छ । गोपी घरमा श्रीमती हुँदाहुँदै पनि निशासँग लहसिएर स्त्रीप्रतिको आसक्तिमा कमजोर देखिन्छ । ऊ स्थिर जीवनचेतना भएको पात्र हो ।

### ५.४.८.५ विक्रम

विक्रम उपन्यासको अर्को सहयोगी पात्र हो । ऊ सत्ताबाट खुस्केको राजनीतिक हरुवा नेता हो । अनन्त र विक्रम एउटै क्षेत्रका मानिसहरू हुन् । गाउँमा चुनाव हुँदा अनन्तले विक्रमलाई धेरै सहयोग गरेको थियो । उसले प्रतिगमन सच्याउन भनेर सबै युवालाई उचालेर आन्दोनल गर्न लगाउँछ । उसको त्रि.वि. मा पनि राजनीतिक पहुँच छ । राजनीतिमा असफल भएर म्यानपावर कम्पनी खोलेको विक्रमले अनन्तलाई विदेश पठाउन खोज्छ तर असफल हुन्छ । विक्रम उपन्यासमा प्रमुख पात्रको सहयोगीको रूपमा चित्रित भएको अनुकूल चरित्र भएको पात्र हो ।

### ५.४.८.६ नीलिमा

नीलिमा अर्थात नीला उपन्यासको सहायक पात्र हो । उसले बुढेसकालमा सुकरातसँग उत्तरआधुनिक वैवाहिक सम्बन्ध गाँसेकी छे । नीला उत्तरआधुनिक खालको जीवन ब्यतीत गर्ने नारी पात्र हो । ऊ आफ्नो स्वतन्त्रतामा कसैले धक्का दिएको सहन सक्दिन । विवाहले स्वतन्त्रता गुम्छ, प्रगतिमा अवरोध ल्याउँछ भन्ने सोच राख्ने नीला अन्ततः सुकरातसँग बुढीकन्या भइसकेपछि विवाह गर्न पुग्छे । उसको उच्च अहम्ताको कारणले नै उमेर छँदै विवाह हुन सक्दैन । ऊ आधुनिकतामा रमाउन खोज्ने नारी पात्र हो ।

## ५.५ सुकरातका पाइला उपन्यासमा पर्यावरण

**सुकरातका पाइला** उपन्यासमा नेपालमा २०५२ सालमा जनयुद्ध सुरुभएपछि २०६२/०६३ को जनआन्दोलनसम्मको समयावधिलाई समेटिएको छ । यस उपन्यासमा युद्धको समयमा प्राकृतिक सुरम्यले भरिएका तर विकासको दृष्टिले पछाडि परेका सुन्दर गाउँवस्तीदेखि राजधानी काठमाडौँसम्म लागेको युद्धको डढेलोको चर्चा गरिएको छ । उपन्यासको प्रारम्भमा नेपालको पूर्वी पहाडको परिवेशजस्तो लाग्ने नर्फोक भन्ने काल्पनिक गाउँको सुन्दर वर्णन गरिएको छ । उपन्यासमा नेपाली पाहाडी भू-भागमा परेको द्वन्द्वको चित्रलाई यसरी उतारिएको छ -:

'नर्फोकमा अलि अर्कै हावा चल्न थालेको थियो, अर्कै बतास चल्न थालेको थियो । नर्फोकमा अर्कै मानिसहरु हिँड्न थालेका थिए । निकै वर्ष भयो नर्फोक बदलिन थालेको थियो । नर्फोकको शिर तर्साउने पातलमा धुँवा आउन थालेको धेरै भयो, त्यहाँ आगो बल्न थालेको धेरै भयो । त्यहाँ ठूलाठूला किल्ला बनाइएका छन् असबाफ ढङ्गले घेरेका पातलमा आज हजारौँ टोडका खनिएका छन् । भन्छन् - हिजो भुल्केनी हाइस्कुलका तेह्र जना विद्यार्थी भागे , भन्छन्- आज मात्रै नर्फोकभरिका सयजना छानिएका छन्, भन्छन्-अँधेरी कलेजका अनेकौं विद्यार्थी भर्नाका लागि छानिएका छन् ।'[१३]

यसरी गाउँगाउँमा उठेको माओवादी क्रान्ति र समानान्तर  सत्ताको अभ्यासलाई देखाउन खोजिएको छ । दशवर्षे जनयुद्धमा नेपालमा भएका आन्दोलन, युद्ध र क्रान्ति, त्यस क्रान्तिले राजनीतिमा आएको अस्थिरता, त्रि.वि.मा देखिएको राजनीतिक अराजकता एवम् माओवादी पार्टीका आतङ्कका घटनाहरू यस उपन्यासमा समेटिएका छन् ।  उपन्यासमा अनन्तको कर्मस्थल नर्फोक गाउँदेखि काठमाडौँ र त्यसमा पनि कीर्तिपुरको परिवेश उतारिएको छ । उपन्यासमा अनन्तको यात्रा नर्फोक गाउँबाट सुरु भएको छ भने पूर्णिमाको कार्यस्थल नर्फोक नै रहेको छ । यी बाहेक उपन्यासमा रहेका अधिकांश पात्रको कार्यस्थल काठमाडौँ उपत्यका रहेको छ । उपन्यासमा विभिन्न पत्रपत्रिकामा उल्लेख गरिएका युद्धसम्बन्धी लेख, विभिन्न रिपोट र पूर्णिमाले गाउँबाट पठाएका पत्रहरूमार्फत अधिराज्यभरि नै घटेका घटनालाई समेट्ने प्रयास गरिएको छ । यस उपन्यासमा २०५८ सालमा भएको त्रासदपूर्ण दरबार हत्याकाण्डदेखि इराकमा अमानवीय ढङ्गले हत्या गरिएका १२ जना निर्दोष नेपालीहरूको प्रसङ्गसमेत जोडिएको छ ।

गाउँदेखि पढ्न आएका अनन्त, गोपी, निशाजस्ता विद्यार्थी र सुकरातजस्ता गुरुले कीर्तिपुरको विश्वविद्यालयीय परिवेशको झल्को दिन्छन् । उपन्यासमा उल्लेख गरिएका कतिपय कहालीलाग्दा यथार्थ घटनाले पाठकको मनमा द्वन्द्वको तस्बिर नाच्न थाल्छ । ठाँउठाउँमा भएका दोहोरो भिडन्त हत्या, हिंसा, बलात्कारका घटना, अपहरण, जबरजस्ती चन्दा, आगजनी, नाकाबन्दी र चक्काजाम आदि घटनाले नेपाल र नेपाली जनताको दयानीय अवस्थाको चित्रण गर्दछ । यस उपन्यासको वातावरण पहिलो खण्डमा उल्लेख भएको अनिष्टको सङ्केत देखिनै सन्त्रासमय रहेको छ । जतातते आतङ्क, युद्ध र हिंसा आदिको चित्रण उपन्यासमा ज्वलन्त रूपमा प्रस्तुत गरिएको छ । सोझो ग्रामिण युवक काठमाडौंमा विविध सपना सजाएर आउँछ तर उसले गरेका सबै प्रयासहरू असफल भएर सबै सम्भावनाका ढोकाहरू बन्द भएपछिको स्थिति निकै कारुणिक छ । अनन्तले आफ्नो जिल्लाको भूतपूर्व सांसद विक्रमसँग यसरी आफू समाप्त भएको चर्चा गर्छ :-

मेरो त सारा जीवन नै बरबाद छ, काका म यति निराश भएसकेँ कि म अब माओवादी बनेर जङ्गल पस्ने विचारमा छु । सायद त्यसपछि म कहिल्यै फर्केर मानव सभ्यतामा टेक्दिन होला । यो मेरो लगभग अन्तिम निर्णय हो । मैले पढ्न खोजेँ असफल भएँ , काठमाडौँमा जागिर खोजेँ असफल भएँ, म विद्यर्थी राजनीतिमा लागेर तपाईँहरूका इसारामा चलेँ, मैले केही प्राप्त

१३.गोविन्दराज भट्टराई, **सुकताका पाइला**, पूर्ववत्, पृष्ठ ३ ।

> गर्न सकिन । मैले डेराभाडा तिर्न सकिरहेको छैन , अनसन बस्न रत्नपार्क जाने पाँच रुपियाँ दाम खल्तीमा छैन । बाआमा सम्झेर आजै घर उडौं जस्तो हुन्छ । आज पाँच वर्ष बिते । लगभग ध्वस्त भएको यो असफल जीवन लिएर अब म त्यता फर्कन चाहन्न । मजस्ता धेरैधेरै असफल र बेरोजगारहरू छौं, हामी अव माओवादी बन्न चाहन्छौं ।[१४]

उपन्यासमा अनन्तकी प्रेमिका पूर्णिमा पनि जीवनका आशाका सबै ढोका बन्द भएपछि माओवादी बनेर हिँडेकी हुन्छे र एक दिन आक्रमणमा परी उसको मृत्यु हुन्छ । यस घटनाले अनन्तमा गम्भीर आघात पैदा हुन्छ । सबै कुराबाट असफल भई जीवनदेखि नै हार खाएको अनन्त पूर्णिमाको मृत्युपछि आत्महत्या गर्ने निर्णयमा पुग्छ । अनन्तमा आएको चरम निराशावाद र उसले आत्महत्या गरेर मरेका संसारका प्रसिद्ध व्यक्तिहरूको लेख पढ्दा पाठकमा एक किसिमको त्रास र करुणा सँगसगैं पैदा हुन्छ ।

प्रस्तुत उपन्यास पढ्दा आरम्भ देखि नै त्रासद दृश्यहरू नाच्न थाल्छन् । उपन्यासमा अधिराज्यभरि भएका हत्या, हिंसा, आतङ्क र माओवादी र सरकारबीचका भिडन्तका घटनाहरूलाई समावेश गर्नुका साथै काठमाडौंमा भएका प्रतिगमन विरुद्धको आन्दोलन र प्रहरी दमनलाई पनि निकै खिपेर यथार्थ ढङ्गले देखिएको छ ।

## ५.६ सुकरतका पाइला उपन्यासमा दृष्टिबिन्दुको प्रयोग

**सुकरातका पाइला** उपन्यासका कथयिता लेखक स्वयम् छन् । उपन्यासमा लेखक उपन्यासभन्दा बाहिर बसेर पात्रहरूको मानसिक जगत्मा विचरण गरिरहेका छन् । यस उपन्यासमा लेखकले पात्रहरूको मनको कुरा सबै थाहा पाई प्रस्तुत गर्ने र हरेक घटनालाई विश्लेषण गर्ने भएकोले यसमा बाह्य दृष्टिबिन्दु पाइन्छ । **सुकरातका पाइला** उपन्यासमा बाह्यदृष्टिबिन्दु अन्तर्गतको सर्वज्ञ सर्वदर्शी दृष्टिकोणको प्रयोग भएको पाइन्छ । उपन्यासका हरेक घटनालाई लेखक स्वयम्ले टिप्पणी तथा विश्लेषण गरेका छन् । उपन्यासको प्रारम्भमा कथयिताले यसरी त्यहाँको दृश्य प्रस्तुत गरेका छन् -

> नर्फोक गाउँ प्रकृतिको अनुपम सृजना थियो । उत्तरका हिमशृङ्खलामा पलाएर पूर्वतिर फैलिएको पर्वत शिखरमा सधैं सेतो हिमराशि टल्किन्थ्यो । बादल कुहिरोमा त्यो छोपिए पनि उघ्रेको बेला त्यसैबाट बिहान आउँथ्यो ।[१५]

यसरी उपन्यासको प्रारम्भ नै बाह्य दृष्टिबिन्दुबाट सुरु भएको छ । उपन्यासको बीचतिर कतै संवादात्मक त कतै आन्तरिक दृष्टिबिन्दु प्रयोग भएको पनि पाइन्छ । आन्तरिक दृष्टिबिन्दु अन्तर्गत प्रथम पुरुषीय शैलीको प्रयोग यसरी भएको छ :

---

१४.गोविन्दराज भट्टराई, **सुकरातका पाइला,**पूर्ववत्, पृष्ठ ८९।

'त्यहाँबाट म हिड्दै गएँ । रत्नपार्कको ओल्लाछेउबाट हेर्दा धेरै पर प्रहरी कार्यालयदेखि घन्टाघरसम्म नौलो दृश्य देखेँ ।[१६]

म मनमनै आनन्दले उचालिँदै, आँखा आकाशतिर लगाएर निकै पर पुगेँ ।[१७]
हामी एकअर्कालाई आवश्यक लागिन्जेल सँगै बसौं , नलागेपछि छुटौं ।[१८]

उपन्यासको बीचबीचमा आन्तरिक दृष्टिबिन्दुको छिटफुट प्रयोग भए तापनि यो बाह्य दृष्टिबिन्दु अँगालेर लेखिएको उपन्यास हो । उपन्यासको अन्त्य पनि बाह्य दृष्टिबिन्दु अर्थात् तृतीय पुरुषीय शैलीमा यसरी गरिएको छ -
'त्यो आत्महत्या जस्तै थियो ।'[१९]

यसरी विवेच्य उपन्यास **सुकरातका पाइला**मा तृतीय पुरुष दृष्टिबिन्दु रहेको कुरा प्रस्ट हुन्छ ।

## ५.७. सुकरातका पाइला उपन्यासमा संवाद

उपन्यासमा भएका पात्र-पात्राहरूका बीचमा आ-आफ्ना विचार र भावना व्यक्त गर्नका लागि हुने पारस्परिक वार्तालापलाई संवाद भनिन्छ । संवादको प्रमुख कार्य औपन्यासिक चरित्रको चित्रण गर्नु र घटनाहरुलाई नाटकीकरण गरेर अगाडि लैजानु हुन्छ ।[२०] संवाद वास्तवमा नाटकको प्रमुख अंग हो । तापनि हिजोआज यसको प्रयोग उपन्यासमा पनि बढ्दै गएको छ । संवादविना पनि उपन्यासको रचना हुन सक्छ तर पनि उपन्यासमा नवीनता, रोचकता र कौतुहलतापूर्ण स्थिति र वातावरणको सिर्जना गर्नका लागि संवादको महत्त्वपूर्ण भूमिका हुन्छ ।

**सुकरातका पाइला** उपन्यासमा पनि संवादको प्रयोग भएको पाइन्छ । यस उपन्यासमा आठौं अनुच्छेदबाट संवादको प्रयोग भएको देखिन्छ । उपन्यासको पात्र गोपीले निशालाई लक्षित गर्दै गजल लेख्छ । त्यही प्रसंगमा अनन्त र गोपीको संवाद यसरी भएको छ :-

'यो हप्ता तपाईंले कुनै गजल लेख्नु भएन ? सुनाउनु भएको छैन नि ।'
'ओ भाइ,त्यही सुनाउन त यो गोपी एकचित्त भएर लागिरहेछ । लौ सुन एउटा फ्रेस गजल ।'[२१]
उपन्यासमा सुकरातका वारेमा अनन्त र गोपीले बोलेको संवाद यस्तो छ ,
'यो बूढो आकडो छ यार ।'
'अकडो हैन, कुरै बुझ्दैन ।'

---

१५. गोविन्दराज भट्टराई, **सुकरातको पाइला**, पूर्ववत्, पृष्ठ १ ।
१६. पूर्ववत्, पृष्ठ ३४ ।
१७. पूर्ववत्, पृष्ठ ३५ ।
१८ पूर्ववत्, पृं.१३० ।
१९. पूर्ववत्, पृं. १९५ ।
२०. कृष्णहरि बराल , नेत्र एटम, पूर्ववत् पृ. ३५ ।
२१. गोविन्दराज भट्टराई, **सुकरातका पाइला**,पूर्ववत् पृ.४९ ।

'कुरो नबुझ्ने होइन, घाघडान छ पढेको मान्छे धेरै बुझेको , तर हामी उसले भनेको बुझ्दैनौं ।
' हो त नि, ऊ पनि हामीले भनेको बुझ्दैन ।'[२२]

उपन्यासभित्र गोपी र निशाको रागात्मक संवाद यसरी समावेश भएको छ :-

'शरीर यता फर्किन ढिलो भएछ भने पनि यो मन यतै छोडिराखौँला नि यतै ।'
'कसलाई छोड्छौ त्यो निष्ठुरी मन ? मलाई त पक्कै होइन होला ।'
'यो मनलाई अरु कसले छुन सकेको छ र ? नत्र म किन यसरी गजल लेख्थेँ ?[२३]

उपन्यासभित्र अनन्त सोफिया र तृष्णाको यस्तो त्रिपक्षीय संवाद समावेश भएको छ :-
'अहिले ठीक पार्छौ मलाई देखेर ।'
' कसम होला, छ्या अनन्तले कस्तो नपत्याको । निशालाई सोध्नु नि बरु '
' उताको खवर के छ ?'
सबै राम्रो छ । छोरा नफिरेको धेरै भो, बाआमाले कुरा गरिरहनुहुन्थ्यो ।'
तृष्णाले सोधी साँच्ची अनन्त दाइ , तपाईं कहिल्यै घर नफर्किने कि क्या हो ।
कति भो गाउँ माया मारेको ?[२४]

उपन्यास भित्र सुकरात र अनन्त बीचको दार्शनिक संवाद यस्तो रहेको छ :-

-मानिस किन यो रोग बोकेर हिँड्न अभिशक्त छ त गुरु ? तपाईं ता संसारको चित्त बुझाउन सक्नुहुन्छ, आफूलाई पनि तिनै शब्दले बुझाउनुहोस्' ।

- मानिसमात्र होइन सजीव हुनाको लक्षण अथवा प्रमाण नै रोग हो । सजीव भन्नाले झारपात, वनस्पति, प्राणी सबैमा त्यो रोग आरोपित हुन्छ । पशु प्राणीमा र वनस्पतिमा स्थिरत्वको मात्र फरक छ, तर आहारा, निन्द्रा, वृद्धि र पुनरुत्पादनजस्ता अरू प्रक्रिया उस्तै हुन् । जमिनबाट रस चुस्न पाइरहे पनि, हावापानी, प्रकाश भेटिरहे पनि एउटा वृक्ष एक दिन रोगिएर मर्दछ । उसका सबै आकाङ्क्षा पूरा गरिए पनि छ महिनाभित्रै मर्दछ । त्यो मृत्यु बोटभित्रै अन्तर्निहित छ । अरु ता अरु पृथ्वी, ग्रह, नक्षत्र पनि निश्चित आयु लिएर आफ्नो अन्त्य पर्खिरहेका हुन्छन् ।[२५]

उपर्युक्त उदाहरणहरूबाट 'सुकरातका पाइला' उपन्यासभित्र विभिन्न प्रकारका संवादहरू प्रयोग भएको स्पष्ट हुन्छ । कहीँ उपन्यासकार सर्वज्ञ बनी गरिएको वर्णन तथा कहीँ पात्रले एकोहोरो आत्मकथा व्यक्त गरिरहेको बेला बीचबीचमा आएको नाटकीय संवादले उपन्यासलाई थप रोचक र प्रभावकारी बनाएको छ । यस उपन्यासमा पात्रपात्राले बोलेको भाषा तथा शैली स्वाभाविक किसिमको छ ।

२२. गोविन्दराज भट्टराई, **सुकरातका पाइला**, पूर्ववत् पृ.६७ ।
२३. पूर्ववत् पृ.६९ ।
२४. पूर्ववत्, पृ.१०८ ।
२५. पूर्ववत्, पृष्ठ १२१ ।

## ५.८ सुकरातका पाइला उपन्यासको भाषाशैली

**उप**न्यास गद्य विधा हो । यो पाठ्य प्रधान हुन्छ । त्यसकारण उपन्यासमा भाषाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । उपन्यासकारले कथावस्तुको विस्तार तथा आफ्ना विचारको संप्रेषण भाषाकै माध्यमद्वारा गर्दछन् । भाषाको माध्यमद्वारा आफ्ना विचार अभिव्यक्त गर्ने तरिकालाई शैली भनिन्छ ।ऋषिराज बरालका अनुसार, 'उपन्यास र भाषाको कुरा गर्दा कसैले भाषाको मात्र चर्चा गरेको र शैली प्रतीक, बिम्बलाई भिन्नै तत्त्वको रूपमा चर्चा गरिएको पाइन्छ । शैलीलाई तत्त्वका रूपमा स्वीकार गर्न सकिने आधारहरू भए पनि यथार्थतः प्रतीक र बिम्ब भाषाकै प्रयोगात्मक रूपहरू हुन् ।'[२६]

प्रस्तुत उपन्यास **सुकरातका पाइला**को भाषा सरल छ । अत्यन्त जटिल विषय र कठिन राष्ट्रिय अनुभूतिहरुलाई औधी सरल भाषामा अभिव्यक्त गरिएको छ । यस उपन्यासको भाषा ज्यादै सरल र सपाट वा फ्ल्याट छ । जस्तो अखबारको सरल र सपाट भाषा हुन्छ, ठीक त्यस्तै भाषाको प्रयोग यसमा छ ।[२७] उपन्यासका पात्रको स्तर अनुसारको भाषा भेटिन्छ । उपन्यासको पात्र सुकरातको भाषा बौद्धिक स्तरका पाठकले पात्र पचाउन सक्छन् । अनन्त र गोपी सुकरातलाई यसरी विश्लेषण गर्दछन् :

'कुरो नबुभ्ने होइन,घघडान छ , पढेको मान्छे, धेरै बुझेको , तर हामी उसले भनेको बुझ्दैनौं ।'[२८]

यसरी उपन्यासभित्र विशिष्ट वक्ता भएको सङ्केत गरिएको छ । उपन्यासभित्र एउटा सरल, सामान्य सबै पाठकले बुझ्ने खालको र अर्को उच्च बौद्धिक पाठकले मात्र बुझ्न सक्ने खालको भाषा प्रयोग भएको छ । उपन्यासको वौद्धिक पात्र सुकरातले बोल्ने भाषा उच्च बौद्धिक पाठकले मात्र बुझ्न सक्छन् । उपन्यासमा प्रयुक्त भाषिक अभिव्यक्तिका नमुनालाई हेर्ने प्रयत्न गरिएको छ । उपन्यासभित्र सामान्य स्तरको भाषिक प्रयोग यसरी गरिएको छ :-

> 'नेपालमा बन्दले देश निसास्सिएको थियो । कहिले सरकारले बन्द गर्थ्यो, कहिले माओवादीले, कहिले दलहरूले, देश अस्तव्यस्त थियो । एक दिन, दुई बन्दहरू पचिसकेका थिए, अब दश दिन, पन्ध्र दिन बन्दको घोषणा हुन्थ्यो ।'[२९]

उपन्यासमा बौद्धिक भाषाको प्रयोगको नमुना यस्तो रहेको छ :-

> 'यो जीवन प्रत्येक मानिसको भारी हो , फेरि उसको आफ्नै गहना पनि, यो प्रत्येकको आफ्नै रोग हो , फेरि उसको आफ्नै सुगन्ध पनि । प्रकृतिभित्र प्रत्येक सृष्टि यस्तै वैषम्यले निर्मित छ । जगत्‌को चित्र केबल अँध्यारो छैन । यो उज्यालो पनि छ ।'[३०]

---

२६. ऋषिराज बराल, पूर्ववत्, पृ.४९ ।

२७. मोहनेनराज शर्मा, **गरिमा**, पूर्ववत्, पृ ५३ ।

२८. गोविन्दराज भट्टराई, **सुकरातका पाइला**, पूर्ववत्, पृ ६७ ।

२९. पूर्ववत्, पृ.३३ ।

३०. पूर्ववत्, पृ.१६३ ।

यस उपन्यासमा आलङ्कारिक भाषाको प्रयोग पनि पाइन्छ । आलङ्कारिक भाषाले कृतिलाई कलात्मक बनाउनका साथै प्रभावकारी बनाउँछ । उपन्यासको प्रारम्भमा नै यस्तो भाषा पाइन्छ :-

> कति सुन्दर हिउँमाथि चढेर रातो सूर्य उदाउँथ्यो, पहिलो झुल्को नर्फोकभरि पोखिएजस्तो लाग्थ्यो । दिनभरि नर्फोकमै नाचेर दिन ढल्केपछि टाढाटाढा पश्चिमतिरको पञ्चमी डाँडाँबाट त्यो विलाउँथ्यो । [३१]

यस उपन्यासमा सर्न्दभ मिलाएर गजलको प्रयोग पनि गरिएको छ । ती गजलमध्ये केही नमुना यस प्रकार छन् :-

इन्कलाब जिन्दावाद भनौं साथीहरू
प्रतिगमन पुर्ने खाडल खनौं साथीहरू ।[३२]

विषजस्तो तिम्रो माया पिउँदापिउँदै लडेँ
उठाउँछ्यौ भन्दाभन्दै चितामाथि चढेँ ।[३३]

यस उपन्यासमा सबै प्रकारका विषय तथा भाषा मिसाइएको छ । उपन्यासभित्र अंग्रेजी विद्वानका भनाईलाई जस्ताको तस्तै अंग्रेजी वर्णमानै समावेश गरिएको छ,

'The great tragedy of life is not death,
But what dies inside of us while we live.

अर्थात्,
जीवनको महान् दुःखान्त भनेको मृत्यु होइन,
परन्तु जीवित हुँदा हामीभित्र जुन कुराको मृत्यु हुन्छ , त्यो हो ।[३४]

(Many suicidal people fell hopeless.)

अर्थात्,
धेरै आत्मघातीहरू आत्तिन्छन् ।[३५]

यस उपन्यासमा चलनचल्तीमा रहेका तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग गरिएको छ । सुस्ला, साद्दे, छ्याङ्गै, पुर्लुक्क, ग्वाली, झुप्पो, सुईसुई, झसङ्ग आदिजस्ता नेपाली झर्रा शब्दहरू प्रयोग भएका छन् । यस उपन्यासमा अंग्रेजी भाषाका प्रशस्त शब्दहरू प्रयोग भएका छन्, जस्तै :- क्यासेट, इमेल, प्रोग्रामिङ् , ड्राइभिङ्ग, पाउण्ड, लिभ,सफर, ट्रयाजेडी, डेथ, ल्यापटप, फ्रिज, म्युजिक, म्यारिज आदि ।

---

३१. गोविन्दराज भट्टराई, **सुकरातका पाइला**, पूर्ववत्, पृ. १ ।
३२. पूर्ववत्, पृ. ३३ ,
३३. पूर्ववत्, पृ. ४९ ।
३४. पूर्ववत्, पृ. १७५ ।
३५. पूर्ववत्, पृ. १८१ ।

वाक्यीय प्रयोग सन्दर्भमा पनि प्रस्तुत उपन्यासमा विविधता भेटिन्छ । यहाँ सरल, जटिल र विचलनयुक्त वाक्यहरू रहेका छन् । केही सरल वाक्यका उदाहरणहरू यस प्रकार छन् :-

- नर्फोक गाउँ प्रकृत्तिको अनुपम सृजना थियो ।[३६]
- काठमाडौँभन्दा टाढाटाढाबाट भयावह समाचारहरू आउँथे ।[३७]

उपन्यासमा रहेका कही जटिल वाक्यका उदाहरणहरू यस प्रकार छन् :-

- यस्ता पीर र निराशाले मन भर्दै गयौँ भने, हामी अस्तित्वको मैदानबाट आफैँ हार्दै गयौँ भने , बतासले पनि हामीलाई फुकेर लडाउन खोज्छ , जबकि यसबेला हाम्रो मनोबल कुनै आँधी हुरीले पनि ढाल्न नसक्ने हुनुपर्छ ।[३८]

- हेर्दा यो गाजर जस्तै हुन्छ, यसलाई कुटेर यसको झोल पिउने वित्तिकै सनन शरीरमा फैलिनछ र त्यसले तत्काल मृत्यु निम्त्याउँछ ।[३९]

यस उपन्यासभित्र क्रियापदविहीन प्रसस्त वाक्यहरू भेटिन्छन् । केही उदाहरणहरू हेरौँ :-

- 'हामी झरौँ त्यो तलको कोरोनेसन गार्डेनभित्र ।'[४०]

- 'आत्महत्या घटिसकेपछि निकटसम्बन्धीहरू, प्रेमीहरू आफैभित्र भावपूर्ण दशामा मौन मुखरित प्रश्नपूर्ण भएर रुमलिन्छन् केही कालसम्म ।[४१]

**सुकरातका पाइला** उपन्यास बिम्ब र प्रतीकका दृष्टिले उत्कृष्ट रहेको छ । सुकरात नै उपन्यासकारले बिम्बको रूपमा प्रयोग गरेका छन् । उपन्यासको पात्र प्रोफेसर सुकरात ग्रिक दार्शनिक सुकरातको बिम्बको रूपमा प्रयुक्त छ । उपन्यासमा ब्ल्याक होल वा कृष्ण विवर अनिष्ट, विपत्ति अर्थात् मृत्यु सङ्केतका रूपमा आएको छ । यस शब्दले प्रतीकात्मक रुपमा मृत्युको सङ्केत गर्दछ । त्यसै गरी लालुपाते फूल अनन्त र पूर्णिमाको प्रेमप्रतीकको रूपमा प्रयोग भएको छ । डरलाग्दो जीवन्तता, देशलाई हेर्ने आँखा टिप्नु, प्लेटोको उडान, सिद्धान्तको काँचो भारी बोकेर हिँड्नेहरू आदि शब्दहरू प्रतीकात्मक रूपमा प्रयोग भएका छन् ।

---

३६. गोविन्दराज भट्टराई, **सुकरातका पाइला,** पूर्ववत्, पृ. १ ।
३७. पूर्ववत्, पृ. २४ ।
३८. पूर्ववत्, पृ. १६१ ।
३९. पूर्ववत्, पृ. १७७ ।
४०. पूर्ववत्, पृ. १६० ।
४१. पूर्ववत्, पृ. १६९ ।

प्रस्तुत उपन्यासका प्रत्येक खण्ड छुट्याउन दिइएका शीर्षकहरू अर्थसम्प्रेषणको दृष्टिले दूरगामी र बहुस्तरीय रहेका छन् । उपन्यासमा उपन्यासको पात्र सुकरातको दर्शनमा दार्शनिक भाषा भएर केही कठिन लागे पनि समग्रमा उपन्यासको भाषा सरल र रसिलो रहेको छ । यिनै विशेषताहरूयुक्त भाषाशैलीय विन्यास यस उपन्यासमा रहेको पाइन्छ ।

## ५.९ सुकरातका पाइला उपन्यासको सारवस्तु

सुकरातका पाइला उपन्यासमा दशवर्षे माओवादी जनयुद्धमा नेपालीले भोग्नु परको जर्जर अवस्थाको चित्रण गरिएको छ । देशमा माओवादी जनयुद्ध सुरु भएपछि त्यसको प्रभाव गाउँगाउँमा पर्छ । गाउँका युवाको भविष्य अन्योलग्रस्त हुन्छ । अधिकांश युवाहरू जनयुद्धमा लाग्छन् । गाउँ मात्रै नभएर सहरमा पनि जनयुद्ध चर्कन्छ । देशमा राजनीतिक अस्थिरताको सृजना हुन्छ । यही अस्थिर राजनीतिक अवस्थाको विसङ्गतिपूर्ण जीवनलाई उपन्यासमा देखाइएको छ । हत्या, हिंसा, अपहरण, बलात्कार, जबरजस्ती, चन्दा असुली, बिस्फोट, आगजनी आदिजस्ता युद्धकालका घटनालाई उपन्यासले बढो सशक्त ढङ्गले प्रस्तुत गरेको छ । देशको अस्थिर राजनीति र अराजक राज्यव्यवस्थाले गर्दा उपन्यासको नायक अनन्तको भविष्य अन्योलग्रस्त बन्छ । जीवनमा निराशा र असफलता सिवाय केही नपाउँदा अनन्तले आत्महत्या गर्ने सोच बनाउन विवश हुन्छ । गाउँहरू सबै उजाड छन् । कोही युद्धमा होमिएका छन्, कोही विदेश पलायन भएका छन् । आइमाई र अशक्त मात्र गाउँमा बाँकी छन् । युद्धमा मान्छे नमरेको कुनै गाउँ छैन । उपन्यासमा युद्धकालीन समयको यथार्थ चित्रण डकुमेन्ट्री शैलीमा देखाइएको छ । माओवादी आतङ्ककै कारण गाउँ छोड्न विवश बनेका चित्रखर र भक्तमानजस्ता  अशिक्षित र गरिब किसानहरू राजधानी पुग्छन् । कतार जाने सपना बोकेर घरखेत बन्दक राखी पैसा जुटाउँछन् तर उक्त पैसा ठगको हातमा परी विचल्ली भएपछि एउटै पासो लगाएर दुई जनाले आत्महत्या गर्छन् । उनीहरू गाउँले गरिब किसानका प्रतिनिधि पात्र हुन् ।

डेभिडजस्तो सर्वसाधारणलाई ठग्दै हिँड्ने गुण्डालाई राज्यको प्रशासनको कुनै डर छैन । म्यनपावर कम्पनी च्याउझैँ उम्रिएका छन् र सबै जनतालाई ठगेका छन् तर राज्यलाई केही चाँसो छैन । उपन्यासमा देशकै गौरवको रूपमा रहेको शैक्षिककेन्द्र त्रि.वि.को अराजक स्थितिलाई देखाउन खोजिएको छ । रणसङ्ग्रामजस्तो शैक्षिक गुण्डोले प्राज्ञिक थलोलाई आफ्नो पकडमा लिन चाहन्छ । विक्रमजस्ता राजनीतिकर्मीले त्रि.वि.लाई आफ्नो राजनैतिक त्रीडास्थल बनाएका छन् । प्राज्ञिक धरोहर मकाएर कमजोर बनेका छन् । विभागीय प्रमुख आफ्नो निरीहता प्रर्दशन गर्दै गुण्डा र राजनीतिकर्मीको इसारामा नाँच्न विवश छन् । सुकरातजस्ता त्रि.वि.मा प्राध्यापनरत प्राध्यापक गुरुको भविष्य सुरक्षित छैन । ऊ चन्दा र आतङ्कको सिकार बनेको छ ।

समग्रमा भन्नुपर्दा प्रस्तुत उपन्यासको उद्देश्य वर्तमान समयमा नेपाली जनताले भोग्नु परेको पीडा, दुःख, कष्ट तथा ती पीडाले जन्माएका समस्या, विकृति र विसङ्गतिहरूलाई यथार्थ रूपमा प्रस्तुत गर्नु हो । देशमा राजनीतिको अस्थिरता र यस अस्थिरताले जन्माएको बेरोजगारी समस्या, त्रि.वि.को विद्यार्थी राजनीति, त्रि.वि.का कर्मचारी तथा प्राध्यापकहरूको विवशता, माओवादी

जनयुद्धले जन्माएको त्रास, बेरोजगारी समस्याले युवाजगत्‌मा उब्जेको विसङ्गति, जनयुद्धका कारण उब्जिएका आतङ्क र त्रास आदि कुराहरूलाई उपन्यासले यथार्थ रूपमा प्रस्तुत गरेको छ । यी समस्याहरूले वर्तमान नेपालको परिस्थिति दुःखद अवस्थामा गुज्रिएको छ । यस्ता विविध समस्याको निराकरणको बाटो बेलैमा खोज्न नसके देश जटिल अवस्थामा पुग्नेछ भन्ने कुरामा सचेत गराउँदै आम नेपालीलाई द्वन्द्व निराकरणको उपाय खोज्न उपन्यासमा मूल रूपमा आह्वान गरिएको छ ।

## ५.१० सुकरातका पाइला उपन्यासका औपन्यासिक प्रवृत्तिहरू

**सुकरातका पाइला** (वि.सं.२०६३) गोविन्दराज भट्टराईद्वारा लेखिएको एक नवीन उपन्यास हो । यो उपन्यास उपन्यासकार भट्टराईका पूर्व प्रकाशित दुई उपन्यासभन्दा भिन्न परिवेश र नवीन शैलीमा रचना गरिएको छ । यस उपन्यासमा विशेषत : उत्तरआधुनिक शैलीको प्रयोग गरिएको छ । उपन्यासकार भट्टराईले आफू स्वयम्‌ले व्याख्या गर्ने गरेको अभिघात सिद्धान्तको प्रयोग गरिएको छ । विनिर्माणवादी पद्धतिको प्रयोग गरिएको विवेच्य उपन्यास **सुकरातका पाइला**मा अन्तर-पाठीयता, द्विचर विरोध, विधाभञ्जनजस्ता प्रवृत्तिहरू पाइन्छन् । यस उपन्यासमा नेपालमा माओवादीद्वारा चलाइएको सशस्त्र द्वन्द्वको चित्रण सशक्त ढङ्गले गरिएको छ । यो विसङ्गतिवादी उपन्यासको नमुना पनि हो । यिनै उपन्यासभित्रका प्रवृत्तिहरूलाई यहाँ केलाइएको छ ।

### ५.१०.१ उत्तरआधुनिकवादी प्रवृत्ति

उत्तरआधुनिकवाद अङ्ग्रेजीशब्द पोस्टमोर्डनिज्म (Postmodernism) को नेपाली रूपान्तर हो । उत्तरआधुनिकवाद कलाको क्षेत्रबाट साहित्यमा प्रवेश गरेको मानिन्छ । कृष्ण गौतमका अनुसार कला, साहित्य, दर्शन, संस्कृति, समालोचना, समाजशास्त्र, उद्योग, उत्पादन, निर्माण एवम् व्यवहारहरूमा देखिन थालेका नौला लक्षण तथा शैलीहरू उत्तरआधुनिकताको परिधिमा पर्छन ।[४२] यस वादलाई कसैले आधुनिकताको विकसित रूप मानेका छन् भने कसैले आधुनिकताको विरोधमा आएको प्रवृत्ति मानेका छन् । गोविन्दराज भट्टराईका अनुसार उत्तरआधुनिकता एउटा खास प्रवृत्ति विशेष मात्र नभएर हामी बाँचेको सिङ्गो समयको लक्षण हो । यो वर्तमान काल हो । यो पुराननोसँग छुट्टिएको समय हो ।.... या दर्शन, संस्कृति र सौन्दर्यशास्त्र जीवनका सबै ठाउँमा पुगेको दिक्‌काल हो । यो मानविकी, विज्ञान , गणित, कला र सङ्गीत सबै क्षेत्रमा व्याप्त भएको लहर हो । कतिपय वैज्ञानिक ठहरिएका व्याख्यालाई यसले उल्ट्याइदिएको छ, अरू अनेकौं त्यस्ता आधारमाथि पनि यसले प्रश्न चिन्ह उठाएको छ ।[४३] यस सिद्धान्तले एकत्वमा नभएर बहुलवादमा विश्वास गर्छ । यो एउटा घना जङ्गलजस्तो लाग्छ ।

यो द्वितीय विश्वयुद्धपछि देखिएको प्रवृत्ति हो । यसको थालनी कहिलेबाट भयो भन्ने बारेमा एक मत छैन । उत्तरआधुनिक सिद्धान्तको व्याख्याताका रूपमा अग्रणी देखिएका विद्वानहरू गोविन्दराज भट्टराई र कृष्ण गौतमका अनुसार यस वादको प्रारम्भ बिन्दु १९६० लाई मान्न सकिन्छ । 'नवनित्सीय अवधारणबाट बढ्दै डेरिडा, फुको, रोला बार्ट, ल्योतार हुँदै यसले हामीकहाँसमेत

प्रभाव पारिसकेको छ ।'[४४] नेपाली साहित्य सृजना तथा समालोचनाका क्षेत्रमा यसको वादको प्रभाव निकै बढेको छ । यस वादको साहित्यिक परिधि र विषय क्षेत्र निकै फराकिलो रहेको छ । लक्ष्मणप्रसाद गौतमका अनुसार 'उत्तरआधुनिकवादअर्न्तगत नारीवाद, विनिर्माणवाद, नवइतिहासवाद, नवव्यबहारिकवाद, नवमार्क्सवाद, नवमनोविश्लेषण आदि विभिन्न साहित्यिक सिद्धान्त तथा समालोचनाहरू पर्दछन् । त्यस्तै पाठकीय अनुक्रियापरक समालोचना, उत्तरऔपनिवेशिक समालोचना, समलिङ्गवादी समालोचना, इकोक्रिटिसिज्म (परिवृत्तीय वा वातावरणीय समालोचना), अभिघात सिद्धान्त (ट्रौमा थ्यौरी) परोक्ष यथार्थ (भर्चुअल रियालिटी), हाइपर रियालिटी, मायिक यथार्थ (म्याजिक रियालिटी) , सन्दिग्धता सिद्धान्त (क्विअर थ्यौरी), डायस्पोरिक लेखन, जनजातीय (एथ्निक) अध्ययन, विनिर्माणवाद, पुनर्लेखन, पुनःसिर्जना विपठन, सांकृतिक समालोचना आदि पनि यसै अत्तरआधुनिकतावादको ठूलो छाताभित्र अटाउँछन् ।[४५] उपन्यासकार गोविन्दराज भट्टराईद्वारा रचित प्रस्तुत उपन्यास **सुकरातका पाइला** उत्तरआधुनिक शैलीमा लेखिएको उपन्यास हो । नेपाली समालोचना उत्तरआधुनिकताको व्याख्याताका रूपमा चिनिने समालोचक भट्टराईको समालोचक व्यक्तित्वको छाया उपन्यासकार व्यक्तित्वमा समेत परेको देखिन्छ । विवेच्य कृति **सुकरातका पाइला**ले देशभित्र चलेको जनयुद्धलाई विषयवस्तु बनाएको छ । यो युद्ध विषयलाई आख्यानमा लेखिनु नयाँ प्रयोग हो । यस उपन्यासले युद्ध साहित्य लेखनमा नयाँ आयाम थपेको छ । उपन्यासकारले यस उपन्यासमा देशको धरातलीय यथार्थ तथा द्वन्द्वग्रस्त क्षतविक्षत अवस्था देखाउनुका साथै जीवनलाई हेर्ने दार्शनिक दृष्टिकोण पनि पेस गरेका छन् । उपन्यासभित्र अनेकौं नौला प्रयासहरू गरिएको छ । **सुकरातका पाइला**लाई विभिन्न कोणबाट केलाउन मिल्छ, अनेक अर्थबाट बुझ्न र व्याख्या गर्न सकिन्छ । एउटैमा धेरै पक्ष अटाएको कृति हो यो ।'[४६] यो विविधता उत्तरआधुनिक अभिलक्षणका आधारहरू हुन् । **सुकरातका पाइला**लाई एक विनिर्माणवादी उपन्यास वा रचनाको नजिक राख्न सकिन्छ ।'[४७] यस उपन्यासमा पात्रयोजना पनि नयाँ ढङ्गले गरिएको छ । चरित्रचित्रणका तीनओटा पद्धतिमध्ये यसमा अँगालिएको एउटा किसिम विनिर्माण हो ।यसमा प्रयुक्त चरित्रचित्रणको अर्को पद्धति उत्तरआधुनिक मान्यतामा अडिएको छ ।[४८]

## ५.१०.१.१ अभिघात सिद्धान्तको प्रयोग

अभिघात सिद्धान्तलाई अङ्ग्रेजीमा ट्रमा थ्यौरी (Trauma Theory) भनिन्छ । अभिघात सिद्धान्तले युद्धसाहित्यको विश्लेषण गर्छ । दोस्रो विश्वयुद्धपछि पश्चिमी साहित्यमा युद्धलाई विश्लेषण गर्ने अभिघात सिद्धान्तको जन्म भयो । भय र आतङ्कबाट उत्पन्न हुने शारीरिक एवम् मानसिक विचलनका अनेक स्थितिहरू छन्, त्यही स्थितिलाई अभिघात शब्दले बोध गराउँछ। यो

४२. कृष्ण गौतम, **उत्तरआधुनिक जिज्ञासा**,(काठमाडौँ: भृकुटी एकेडेमिक पब्लिकेशन्स, २०६४) पृ. २० ।

४३. गोविन्दराज भट्टराई, **उत्तरआधुनिक ऐना**, (काठमाडौँ :रत्नपुस्तक भण्डार, २०६२) पृ. ३६ ।

४४. तुलसीहरि कोइराला, *उत्तरआधुनिकताको शल्यक्रिया,* **मधुपर्क**, वर्ष ४१, अङ्क २ , पूर्णाङ्क ४६९, २०६५ असार, पृ.४३ ।

४५. लक्ष्मणप्रसाद गौतम, **नेपाली साहित्यमा, उत्तरआधुनिक समालोचना** (काठमाडौँ :अरिएन्टल पब्लिकेसन, २०६६) पृ.१८

४६. ज्ञानू पाण्डे,**सुकरातका पाइला**, भूमिकाबाट ।

४७. दुर्गाप्रसाद भण्डारी,**सुकरातका पाइला**, भूमिकाबाट ।

४८. मोहनराज शर्मा,**गरिमा**, पूर्ववत् पृष्ठ ४८ ।

एक प्रकारको पक्षघातको, विचलनको, असन्तुलनको, विस्मृतिका स्थितिमा पुग्ने अवस्था हो ।[४९] युद्धमा धेरै मानवीय क्षति हुन्छ र भौतिक विध्वंस हुन्छ । यो क्षति प्रत्यक्ष देख्ने मानिसको मानसमा कहिल्यै नमेटिने गरी भय रोग बल्भिएको हुन्छ । त्यस्तै मानसिकता बोकेका मानिसहरूको विश्लेषण गर्ने काम अभिघात सिद्धान्तले गर्छ । उपन्यासभित्र प्रयुक्त एउटा उद्धरण यस्तो छः-

> 'मर्नेहरूभन्दा भाग्यमानी ती घाइतेहरू । तैपनि तिनको मनमा सृजना भएको पीडा र आतङ्कलाई तिनले जीवनभर बिर्सन सक्दैनन् ।[५०]

यहाँ द्वन्द्वबाट बच्न सफल मानिसको जीवन निकै कष्टकर हुने र तिनको मानसमा द्वन्द्वको घाउ कहिल्यै निको नहुने कुरा उल्लेख गरिएको छ । **सुकरातका पाइला**मा धेरै कहालीलाग्दा युद्धका कुराहरू उनिएका छन् । नेपालीहरूको आँगनमा घटेका दशवर्षे जनयुद्ध कृतिमा अटाएको छ । निरङ्कुशता र आतङ्कका कहिल्यै विर्सन नसकिने दुःखान्त कथालाई यहाँ प्रस्तुत गरिएको छ । उपन्यासको नायक अनन्तलाई प्रेमिका पूर्णिमाको मृत्यु समाचारले गहिरो आघात पार्छ र आत्महत्यातिर उन्मुख हुन्छ । आफ्ना स्वजनको मृत्यु दृश्य तथा खबरले पार्ने असरलाई उपन्यासमा यसरी देखाइएको छ :-

> 'छोरीको लास देखेर आमाको मृत्यु, 'छोराको किरिया गर्दा गर्दै शोकाकुल बाबुको मृत्यु,' 'पतिको मृत्युको खवर सुनेपछि युवतिद्वारा आत्महत्या', 'नावालक सन्तानसगैं विधवाले खोलामा हामफालिन',।[५१]

उपर्युक्त घटनाहरू युद्धले निम्त्याएका घातक दृश्यहरू हुन् । युद्धबाट प्रवाहित व्यक्तिमा गहिरो आघात लुप्त हुन्छ र ऊ बेहोसीमा मृत्युको गीत यसरी गाउन थाल्छ :-

> मृत्यु त्यसै राम्रो त्यसमाथि आफन्तको वा प्रियजनको झन् राम्रो । मलाई धेरै राम्रो लागिरहेछ । किनभने एउटा मृत्युले सयौँले भोगेको अदृश्य पीडाहरू दुःखान्त लीलाहरू, सयौँका अपहरण, बिछोड, निर्वासन, निष्कासन आदिले उत्पन्न गरेका चिन्ता देख्नु, सुन्नु पर्दैन र अन्य प्रकारका मृत्युहरु देख्नु पर्दैन । 'त्यो त राम्रो खवर हो । म त्यो सुनेदेखि खुसी छु ।[५२]

यसरी स्वजनको मृत्युले पुऱ्याएको मानसिक क्षतिलाई प्रस्तुत उपन्यासमा देखाइएको छ । यहाँ उपन्यासकारले परम्पराभन्दा भिन्न विषयवस्तुको प्रयोग गरेका छन् । युद्धको विषयवस्तुलाई समावेश गरेर उपन्यासमा धेरै नवीन प्रयोगहरू गरिएका छ । यही नवीन प्रयोग नै उपन्यासमा उत्तरआधुनिकताको अभिलक्षण हो ।

---

४९.गोविन्दराज भट्टराई, **उत्तरआधुनिक विमर्श**, (काठमाडौंः मोडर्न बुक्स २०६४), पृ. २२८ ।

५०. गोविन्दराज भट्टराई, **सुकरातका पाइला,** पूर्ववत्, पृष्ठ १४६ ।

५१. पूर्ववत्, पृ. १४७ ।

५२. पूर्ववत् पृ. १७३ ।

## ५.१०.१.२ विनिर्माणवाद

विनिर्माणवादका प्रवर्तक फ्रान्सेली विद्वान ज्याक डेरिडा हुन् । विनिर्माणवाद उत्तरआधुनिकवादसँग नजिक छ । गोविन्दराज भट्टराईका अनुसार हामीले सृजना गरेका भनेको कुरामा भन्न खोजेको सबै अर्थ आउँदैन । पढ्नेले त्यो छेलिएको अर्थ खोज्नु पर्दछ । यो कृति पुनर्लेखनमा मात्र लागू हुने प्रक्रिया होइन, यो त हाम्रो विचार, धारणा, मूल्यमान्यताको पुनर्खोजको यात्रा पनि हो । पुरानाको नयाँले गरिने प्रतिस्थापन हो । यस अवधारणाले बहुलता र विविधताको समर्थन गर्दछ।'।[५३] त्यस्तै अर्का विद्वान लक्ष्मणप्रसाद गौतमका अनुसार विनिर्माणवाद पाठको विनिर्माण वा भत्काइसँग सम्वद्ध  छ । विनिर्माण प्रक्रिया उत्तरआधुनिकतावादको सबैभन्दा ठूलो विशेषता हो ।[५४]

**सुकरातको पाइला** उपन्यासमा विनिमार्णका लक्षणहरू देख्न पाइन्छ । उपन्यासको शीर्षक प्राचीन ग्रिक दार्शनिक सुकरातको नामबाट नामकरण गरिएको छ । यस उपन्यासका पात्रहरूको चरित्रचित्रण पनि विनिर्माणवादी शैलीमा गरिएको छ । 'प्रस्तुत उपन्यासमा सुकरात नामको पात्रकोचरित्रचित्रण पनि विनिर्माणवादी शैलीमा गरिएको छ र उसलाई कथानकको बलियो स्तम्भका रूपमा उभ्याइएको छ । उपन्यासको सुकरात केही अंशमा मूल सुकरात हो, किनभने ऊ मूल सुकरातझैं यथार्थलाई दार्शनिक आँखाले हेर्छ । मूल सुकरातले झैं उसको पनि प्रज्ञाप्रति अत्यन्तै गहिरो निष्ठा छ । शिष्यलाई सत्यको उपदेश दिएर सत् एवम् उचित बाटातर्फ डोऱ्याउँछ । यी मूल सुकरातसँग मिल्दा कुरा हुन्, तर विनिर्माण कहाँ भएको छ भने यो सुकरात सार्त्रको भक्त र कट्टर अस्तित्ववादीका रूपमा देखिएको छ । मूल सुकरातले सार्त्रलाई देखेकै थिएन, किनभने उनीभन्दा धेरै पछिमात्र सार्त्र जन्मिए । सार्त्रको परमभक्त यो सुकरातचाहिँ अस्तित्ववादी रूपमा विनिर्मित भएको छ । यो सुकरात धेरै उमेरसम्म अविवाहित रहेको छ, तर ऊ सुकरातको बेलैमा बिहे भई छोराछोरी समेत जन्मेका थिए । यो  सुकरात आतङ्ककारीहरूलाई चन्दा दिन बाध्य छ, तर त्यो सुकरात त्यस्तो थिएन । त्रि.वि.को साँगुरो क्वाटरमा बस्न बाध्य यस सुकरातको वास्तविक नामचाहिँ अगम हो । यिनै सन्दर्भहरूबाट सुकरातको चरित्रलाई भत्काएर यसमा पुनः सृजनद्वारा विनिर्मित गरिएको छ ।'[५५] यस उपन्यासमा अन्य पनि विभिन्न विनिर्माणका लक्षणहरू देख्न सकिन्छ, जुन यहाँ प्रस्तुत गरिएका छन् ।

## ५.१०.१.२.१ अन्तर - पाठीयता

एउटा पाठभित्र घुसेको अनेक पाठहरूको पठन अन्तरपाठीयता हो । यसलाई विनिर्माणवादी सिद्धान्तभित्रै राख्न सकिन्छ । रोलाँ बार्टका अनुसार प्रत्येक पाठ एउटा अन्तरपाठ हो ।

---

५३. गोविन्दराज भट्टराई, **उत्तरआधुनिक विमर्श**, पूर्ववत् पृ.८२ ।

५४. लक्ष्मणप्रसाद गौतम, पूर्ववत् पृ.२४ ।

५५. मोहनराज शर्मा, **गरिमा,** पूर्ववत्, पृ.४८ ।

**सुकरातका पाइला** उपन्यासभित्र पनि अन्तर पाठीयतालाई प्रवेश गराइएको छ । डकुमेन्ट्री उपन्यासका रूपमा संरचित यस कृतिमा अन्तर्पाठीयताको निकै महत्त्व रहेको पाइन्छ । एउटा विषयको विमर्शका बीचबीचमा अर्काअर्का विषयलाई पसाइदिने प्रकारको अन्तर्पाठीयता यसमा प्रचुर मात्रामा पाइन्छ । खास गरेर समाचार कटिङ्हरूको उद्धरणबाट यसमा अन्तर्पाठीयताको सिर्जना गर्ने सफल प्रयास गरिएको छ । साथै यसमा गजलमा मीठामीठा थुङ्गाहरू उन्ने काम र आत्महत्या सम्बन्धी लामो विमर्शको समावेशद्वारा पनि अन्तर्पाठीयताको रचना गरिएको छ ।[५६] यस उपन्यासमा विविध विधाका भाषिक नियमसँग उपन्यासको भाषा मिसाइएको छ ।

यो एउटा अन्तरविषयक उपन्यास हो । 'आजको लेखक र पाठकले वा समीक्षकले अनेक विषय जान्नु पर्छ । आजको ज्ञान मिश्रित छ, अन्तरविषयक छ । एकाङ्गी र रेखीय छैन ।'[५७] भन्ने मान्यता राख्ने भट्टराईले उपन्यासमा विविध विषयलाई मिसाएका छन् । 'यसमा कथानकको मिश्रण (मिङलिङ अफ डिस्कोर्सेज) पाइन्छ । यसमा राजनीतिक, दार्शनिक, मनोवैज्ञानिक, शैक्षिक, सामाजशास्त्रीय, चित्रकला, आदि क्षेत्रका कथानकलाई मिश्रण गरेर प्रस्तुत गरिएको छ ।[५८]

## ५.१०.१.२.२ द्विचर विरोध

उपन्यास **सुकरातका पाइला** मा भट्टराईले विनिर्माणवादी विविध शैलीको प्रयोग गरेका छन् । 'यस उपन्यासमा द्विचर विरोध छ । जीवन र मृत्यु , नारी र पुरुष, प्रेम र घृणा, गाउँ र शहर, नयाँ र पुरानो, युद्ध र शान्ति, निरङ्कुशसतन्त्र र लोकतन्त्र, माओवादी वैचारिक एकलवाद र लोकतान्त्रिक बहुलवाद, हिंसा र अहिंसा, आशा र निराशा, आधुनिकता र उत्तरआधुनिकता, विनाश र निर्माण आदिलाई विरोधी शक्तिका रूपमा हेरिएको छ र यिनको विरोधबाट नै कृतिको अर्थ अभिव्यञ्जित भएको छ । त्यसैले यो उपन्यास विरोधात्मक तरिकाबाट वैचारिक दृष्टिलाई प्रस्तुत गर्ने गहन कृति बनेको छ ।'[५९]

## ५.१०.१.२.३ विधा भञ्जन

**सुकरातका पाइला** उपन्यासमा उपन्यासको भाषा शैलीमा अखवारका गजल आदिको भाषाशैली समावेश गरिएको छ । 'उपन्यासकारले विधाभञ्जनका लागि अरूले लेखेका गजल, युद्ध समाचार, युद्ध अनुभव, पत्रिकाका रिपोर्ट, अरू रचनाका अंशहरू, यथार्थ घटनाहरू आदिलाई समावेश गरेका छन् ।'[६०] उपन्यासकार भट्टराईले आफ्नो उपन्यासमा धनराज गिरीद्वारा लेखिएको **गजलामृत** नामक कृतिबाट गजलहरू जस्ताको तस्तै समावेश गरेका छन् । त्यसै गरी **कान्तिपुर** पत्रिकामा प्रकाशित गुणराज लुइँटेलको लेख, **साप्ताहिक**मा प्रकाशित डी.पी. भण्डारीको लेखजस्ता लेखहरूलाई जस्ताको तस्तै उपन्यासमा समावेश गरिएको छ ।

---

५६. मोहनराज शर्मा, **गरिमा,** पूर्ववत्, पृ.५२ ।

५७. गोविन्दराज भट्टराई, **उत्तरआधुनिक विमर्श,** पूर्ववत्, पृ.५६५ ।

५८. कुमार कोइराला, **गरिमा**, पूर्ववत्, पृ १३७ ।

५९. पूर्ववत्, पृ १३६ ।

६०. पूर्ववत्, पृ १३७ ।

उपन्यास **सुकरातको पाइला** एक विनिर्माणवादी कृति हो भन्न सकिने आधारहरू प्रशस्त देखिन्छन् । यी लक्षणबाहेक यसमा विभिन्न विषयवस्तु वा क्षेत्रको मिश्रण गरिएको छ । उपन्यासमा विश्वभरका विभिन्न दार्शनिक तथा विचारकहरूको विचार तथा विभिन्न दर्शनको मिश्रण गरिएको छ । यस  उपन्यासमा परम्परागत विवाहको अर्थलाई चुनौती दिइएको छ । सुकरात र नीलिमा सँगै बस्ने नारी र पुरुष साथीहरूजस्ता देखिन्छन् । उनीहरू विवाहका कुनै परम्परागत मान्यतालाई अँगालेका छैनन् । यस उपन्यासमा वैवाहिक महत्त्वलाई क्षीण बनाउनुका साथै सुकरात अर्थात् पुरुषको केन्द्रीयता कमजोर भएको छ । नीलिमा अर्थात् स्त्रीको हैकमवाद प्रबल देखिन्छ ।

### ५.१०.१.३ मायिक यथार्थवाद (म्याजिक रियलिजम्)

मायिक शब्दको शाब्दिक अर्थ जादुगरी हुन्छ । मायिक यथार्थवाद यथार्थको एक रूप हो । भ्रान्ति र माया यथार्थसँग उनिएर आउछन् । त्यसै गरी सपना र अन्धविश्वास पनि यथार्थसँग मिलेर मायिक यथार्थ बन्दछ । यसले भ्रान्ति र यथार्थलाई सँगसँगै अगाडी ल्याउने काम गर्छ । यो स्वैरकल्पनाजस्तै लाग्दछ । म्याजिक रियालिजम्लाई सर्वप्रथम गोविन्दराज भट्टराईले मायिक यथार्थवाद भन्ने नेपाली शब्दले नामकरण गरेका हुन् । यसले भ्रम र यथार्थको भेद मेटिदिन्छ ।'[६१] यसले यथार्थ र जादु फरक तत्त्वहरू हुन् भन्ने कुरा भत्काउँछ । **सुकरातका पाइला** मा **बर्बरताको सपना**, **सम्झनाको कालीदह**, **अनेकौं चिसा सम्झौताहरू** जस्ता शीर्षकमा यस्तो प्रयोग गरिएको छ । विवेच्य उपन्यास **सुकरातका पाइला** मा **बर्बरताको सपना** शीर्षक रहेको खण्डमा कापी जाँच्दा अङ्क कम दिएर पास गराइदिएको र फेल भएको झोकमा विद्यार्थीहरूद्वारा ऊ पिटिएको भ्रम छ । यो भ्रम वा वास्तविकता प्रश्ट छैन । उक्त खण्डका रहेको एउटा उद्धरण यहाँ समावेश गरिन्छः-

> सेउलाहरू बजेजस्तो सुकेको पातमा मुडो लडाएजस्तो, धारीभित्र कतै सुकरातलाई मुख थुने जस्तो । ऊ उठ्न खोज्यो, तर चिसो भुइँमा उसलाई दुई जनाले थिचेका थिए । धेरै बेरपछि सुकरातलाई बिस्तारै एक्लै माथि मूल बाटोमा निस्किएजस्तो, बिस्तारै एक्लै आफ्नो क्वाटरमा पुगेजस्तो लाग्यो । कुनै सपनाको दृश्यबाट आएजस्तो सुकरात धेरैबेर ओछ्यानमा पल्टिरह्यो । ऊ झकायो, गलेर निधायो फेरि मनमनै भ्रान्तिमा झैं सोच्यो, त्यो साँझ ममाथि कुनै घटना भएको थियो कि थिएन ?'[६२]

### ५.१०.२ **युद्धसाहित्यका रूपमा सुकरातका पाइला**

दुई पक्षबीचको विपरीत विचारबाट युद्धको सुरुवात हुन्छ । दुई भिन्न विचारबीचको टकराब नै द्वन्द्व हो । अङ्ग्रेजीमा यसलाई कन्फिलिक्ट (Conflict) भनिन्छ । मानव सभ्यताको विकाससगैं धेरै द्वन्द्व र युद्धहरू जोडिएका छन् । बाँच्न र आफ्नो अस्तित्व रक्षाको लागि पनि कतिपय द्वन्द्वहरू सृजित हुन्छन् । पौराणिक ग्रन्थ महाभारतमा उल्लिखित कुरुक्षेत्रमा भएको कौरव र पाण्डवबीचको

---

६१. लक्ष्मण गौतम, पूर्ववत्.पृ.६३।

लडाइँ पनि भिन्न विचार र मान्यताबीचको युद्ध रहेको थियो । नेपालमा पनि पृथ्वीनारायण शाहको एकीकरण अभियानमा चलेको युद्धदेखि भोट र अङ्ग्रेजसँग नेपालीले लडेका युद्धका डोबहरू इतिहासमा भेटिन्छन् । तर त्यतिबेलाका युद्धका सबै पक्ष लेखिएका छैनन् । नेपालीहरूद्वारा २०५० को दशकमा आफ्नै आँगनमा युद्ध रचिएको थियो । यो युद्ध नेपालीनेपाली बीचको आन्तरिक युद्ध थियो । यसबाट धेरैथोरै सबै नेपाली प्रभावित भएका थिए । विश्वमा यस्ता धेरै युद्ध र महायुद्धहरू भएका छन् । ती युद्धका असरहरू युद्धबाट प्रभावित मानिसहरूमा लामो समयसम्म रहिरह्यो । यही युद्धसँग सम्बन्धित साहित्य नै युद्ध साहित्य हो । युद्ध सँधै बर्बरता, ध्वंस र विनाशसँग जोडिएको हुन्छ । युद्धसँग सम्बन्धित संसारका धेरै साहित्य रचिएका छन् । विशेष गरी विश्वयुद्धपछि पश्चिमी मुलुकमा युद्ध साहित्यको जन्म भएको पाइन्छ । यस विषयमा गोविन्दराज भट्टराईको विचार यस्तो रहेको छ :-

> विश्व साहित्यतिर फर्कीहेर्दा प्रथम विश्वयुद्धदेखि युद्ध लेखन अत्यन्तै तीव्र भएर उठ्यो । युद्धले लेखकहरूलाई छोयो । युरोप मात्र होइन, सारा विश्व जुर्मुराएर उठ्यो । आज विश्व साहित्यको ठूलो अंश युद्ध लेखनले भरिएको छ । त्यसवेला रचित सिर्जनाले मानव हृदय ढाकेर बसेको पीडा र कष्टको साझा सम्झना यतिबेर छचल्किन्छ । ती कुराहरू प्रत्येक देशको राजनीतिक र साहित्यिकइतिहासमा लेखिएका छन् ।[६३]

'नेपाली, साहित्यको इतिहासमा २०५० को दशक द्वन्द्वदशकका रूपमा अंकित हुँदै जानेछ । .नेपाली साहित्यका अनगिन्ती पृष्ठले द्वन्द्वका बिभिन्न रूपको अङ्कन गर्दै जाने छन् ।'[६४] नेपाली साहित्य लेखनमा द्वन्द्वको कथालाई पृष्ठभूमि बनाएर लेखिएको सशक्त उपन्यास **सुकरताका पाइला** हो । उपन्यासकार गोविन्दराज भट्टराई उत्तरआधुनिक चिन्तक हुन् । उनको यो उपन्यासमा युद्धको नयाँ विषयवस्तु र उत्तरआधुनिक चिन्तन पाइन्छ । युद्धसम्बन्धी लेखोटलाई उत्तरआधुनिक साहित्यको हाताभित्र समावेश गरिन्छ । कृष्ण गौतमको यस सम्बन्धमा यस्तो धारणा रहेको छ :-

> उत्तरआधुनिकतावादलाई विस्तृत अर्थमा राष्ट्रिय लक्षणद्वारा पनि चिनाउन सकिन्छ । समसामयिकताका, आधुनिकोत्तरका अथवा उत्तरआधुनिकताका नेपाली राष्ट्रिय तहमा उठेका कतिपय लक्षण हुन् :- पक्डनु, बेपत्ता पार्नु, हत्या गर्नु, क्रुरता र वीभत्सतालाई, भय र त्रासलाई, शोषण र दमनलाई धराप र धम्कीलाई कार्यमा ल्याउनु, चन्दामा, करमा बाध्य पार्नु, उर्दीमा, श्रमकैदमा हाल्नु, गृहनिकाला गर्नु, अपहरण, मानवअधिकारको उल्लङ्घन, कानुनी शासनको तिरस्कार, बाँच र बाच्न देऊ भन्ने आदर्शको तिलाञ्जली, अङ्गभङ्ग गर्नु, बैधव्य, अनाथत्व, जीवन निवार्हका वस्तुको अभाव, विदेश पलायन, स्वदेशमै शरणार्थी हुनु, आफन्त मारिएका परिवारको बिचल्ली, पूर्वाधारको विनाश, बम र बारुतको बिस्फोट, मान्छेका लासको दुर्गन्ध, आतङ्क, संवादको, शान्तिको कामना आदि ।[६५]

६२. गोविन्दराज भट्टराई, **सुकरातका पाइला,**पूर्ववत्, पृ.४७ ।
६३. गोविन्दराज भट्टराई, **उत्तरआधुनिक विमर्श**, पूर्ववत्, पृ.५४६ ।
६४.कृष्ण गौतम,**उत्तरआधुनिक जिज्ञासा,** पूर्ववत्, पृ.३६८ ।
६५. पूर्ववत्, पृ.३६८ ।

विवेच्य कृति **सुकरातका पाइला**मा युद्धसाहित्यका राष्ट्रिय तथा अन्तराष्ट्रिय अभिलक्षणहरू पाइन्छन् । उपन्यासभित्र अपहरण, जबरजस्ती, चन्दा असुली, कुटाइ, अङ्गभङ्ग म्यानपावर कम्पनीको ठगी, प्रध्यापकमाथि हातपात र अपमान, शैक्षिक अराजकता, सुरक्षाकर्मी र आतङ्ककारीको दोहोरो मार, दोहोरो भिडन्त, दोहोरो फायरिङ्, प्रतिगमनविरुद्धको आन्दोलन र आतङ्क, सरकारी दमन, विधवा एवम् अनाथको व्यथा, जिउँदै जलाइएका घटनाहरू, हत्या, हिंसा, बलात्कारका घटनाहरू, छापामार युद्ध, छापामार तालिम, विदेश पलायन, स्वदेशमै शरणार्थी, मानवअधिकारको उल्लङ्घन, धराप थाप्ने, विस्फोट, आगजनी आदि जस्ता युद्ध र द्वन्द्वसँग सम्बन्धित घटना परिघटनाहरूलाई समावेश गरिएको छ । यस उपन्यासभित्र घटनामा, संवादमा, चिठीमा , कवितामा, पात्रहरूको जीवन भोगाइमा, तिनको चिन्तनमा अनि चिन्तनगत तरङ्गहरुमा र तिनको मृत्युमा जतातत्तै युद्धको त्रासदीपूर्ण दृश्यहरू छ्याप्छ्याप्ती देख्न सकिन्छ । विभिन्न मितिमा प्रकाशनमा आएका द्वन्द्वविषयक अखबारका शीर्षकहरू तथा अन्य सामग्रीहरू पनि उपन्यासभित्र प्रसस्तै पढ्न पाइन्छ । युद्ध साहित्यको एक उत्कृष्ट नमुना हो यो **सुकरातका पाइला** ।[६६] नेपाली उपन्यासका क्षेत्रमा युद्धलाई विषय बनाएर लेखिएको यो दोस्रो उपन्यास हो । यस कृतिले द्वन्द्व एवम् युद्धको महागाथात्मक वर्णन गरेर वर्तमान मानवीय दुःखकष्टको पहाड खोस्रिने काम गरेको छ । नेपाली उपन्यासका क्षेत्रमा यो एउटा नौलो प्राप्ति हो र नेपाली साहित्य जगत्मा यो एउटा नवीन उपलब्धि पनि हो ।[६७]

राजनीतिक परिवर्तनको नाममा माओवादीद्वारा चलाइएको जनयुद्धमा भएको राजनीतिक हत्या, हिंसा, आतङ्कका साथै निरङ्कुश शाही सत्ताले चलाएको राजनीतिक आतङ्कले सताइएका नेपालीहरूको उल्लेख यस उपन्यासमा गरिएको छ । युद्धका कारण देश गन्तब्यहीन भएपछि आफ्नो उज्ज्वल भविष्य खोज्ने युवावर्गको भविष्य पनि अन्योलग्रस्त भई छट्पटिएको अवस्थालाई उपन्यासभित्र देखाइएको छ । उपन्यासको नायक अनन्त युद्धका कारण असफल र अन्योलग्रस्त जीवन जिउने नेपाली युवाको प्रतिनिधि पात्र हो । युद्धको क्रममा नेपालीले खेपेका भय, पीडा, त्रास र अवसाद कहिल्यै निको नहुने गरी नेपालीको मनमा गडेका छन् । तिनै कुराहरूलाई उपन्यासले समेटेको छ । उपन्यासमा पहिलो खण्ड देखि नै युद्धको रन्को भेटिन्छ । यस उपन्यासमा माओवादीले राज्य विरुद्ध गरेको द्वन्द्वदेखि संसदीय दल र शाही सत्ताबीचको द्वन्द्वलाई पनि देखाइएको छ । उपन्यासभित्र चित्रित केही द्वन्द्वका उदाहरणहरू यी रहेका छन् :-

> (क) सधैंसधैं हरिया मकै पोलेर बेच्ने बूढी त्यहाँ थिइन । आधी पोलेका मकैका घोगा र कोइला मात्र पेटीमा थिए । चुलो उत्तानो परेको थियो । उसको छेउमा सधैंसधैं उसकी सानी नातिनी हुन्थी, ऊ अमला बेच्थी । अमालाका दाना छरिएका थिए । अलि पर्तिर स्ट्रबरीका डालीहरू चेप्टिएर पेचा जस्ता भएका थिए । अलि पर जुत्ता रङ्गाउने बट्टाहरू आधी खुलेका थिए । जुत्ता ठोग्ने फलामे साँचो पनि बीच बाटोमा उत्तानो परेको थियो । छालाका टुक्राहरू छरिएका थिए तर त्यहाँ कुनै मान्छे थिएनन् ।[६८]

---

६६. ज्ञानू पाण्डे, **सुकरातका पाइला**, भूमिकाबाट ।

६७. मोहनराज शर्मा, **गरिमा,** पूर्ववत्, पृ.५२ ।

६८. गोविन्दराज भट्टराई, **सुकरातका पाइला**, पूर्ववत्,पृ.३६ ।

माथिका वाक्यहरू पढ्दा द्वन्द्वग्रस्त सडकको तस्विर आँखामा नाच्न थाल्छ । शाही सत्ताले दमन गरिरहेको र राजनीतिक दलहरूको प्रतिगमन विरुद्धको आन्दोलनको यस झलकमा दिनभरि कमाएर खाने उत्पीडित वर्गको कारुणिक चित्रण गरिएको छ :-

> (ख) रातभरि चारैतिरवाट घेरा हालेर विजुली टेलिफोन काटिदिए । भाग्ने ठाउँ बन्द गरेर गोलाबारी गर्न थाले दुवैतिरको फाइरिङ डरलाग्दो भयो । मानिसको चीत्कार, रोदन, क्रन्दनले पर्वतहरु थर्किए । अन्धकारमा सर्वत्र भय र मृत्युले ढाक्यो । बमगोला पड्किरहे । उज्यालो हुँदा सहर आधी जलिसकेको थियो । एउटा खण्डहरू मात्र बाँकी थियो । एउटी अर्धमृत आमा दैलाको सङ्घारमा लडेकी थिइन्, उठाउने कोही थिएनन्, बालक दूध चुसिरहेको थियो । लासहरू यत्रतत्र थिए । सडकहरू रक्ताम्मे थिए । मरिसकेकाहरू सोत्तर भएर लडेका थिए । मर्न बाँकीहरू छटपटाइरहेका थिए ।[६९]

यहाँ माओवादी र सेनाबीचको दोहोरो भिडन्त र उक्त भिडन्तमा सर्वसाधारणलाई समेत ढाल बनाइएको देखिन्छ । यहाँ प्रयुक्त शब्दशब्दले मुटु कमाउँछन् । अर्धमृत आमाको दूध चुसिरहेको निर्दोष बालकको घटनाले मुटु छियाछिया बनाउँछ ।

> (ग) बाटामा काजोल खातुनलाई जिउँदै जलाइएको खबर आयो । कसरी बस रोकियो, कसरी त्यसमा पेट्रोल छर्कियो । कति रोइन् होला, कति कराइन् होला, ती यात्रुको चीत्कार कहाँसम्म पुग्यो होला ।[७०]

यो घटना द्वन्द्वकालीन समयमा माओवादीद्वारा निर्दोष यात्रुहरू तथा बालिकालाई गाडीमा आगो लगाएर जलाइएको घटनासँग सम्बन्धित छ । चितवन जिल्लाको भण्डारामा भारतीय मूलकी बालिका काजोल खातुनसहित अन्य यात्रुहरूलाई गाडीभित्रै जलाइएको थियो ।

> (घ) सुरुमा हातमा लाग्यो फेरि भाग्न थालेँ । अलि पर पुगेपछि खुट्टामा गोली लाग्यो । त्यसपछि म त्यहीँ ढलेँ ।[७१]

यो अंश सुरक्षाकर्मी र माओवादीको बीचमा पिल्सिएको एउटा सर्वसाधारणको आफ्नो अनुभव हो । जुन कुनै नाटकमा पात्रले बोलेको अभिव्यक्तिजस्तो लाग्छ  तर युद्धपीडित नेपालीको यथार्थ कथा हो ।

> (ङ) छोरीको लास देखेर आमाको मृत्यु' ,'छोराको क्रिया गर्दागर्दै शोकाकुल बाबुको मृत्यु','पतिको मृत्युको खवर सुनेपछि युवतीद्वारा आत्महत्या', 'नावालक छोरासगैं विधवाले खोलामा हाम फालिन्','जन्ती जादाँजादै बेहुलो लगायत एक दर्जन अपहरण ।'[७२]

---

६९. गोविन्दराज भट्टराई, **सुकरातका पाइला**, पूर्ववत्,पृ.५९ ।

७०. पूर्ववत्,पृ.१०४ ।

७१. पूर्ववत्,पृ.१४६ ।

७२. पूर्ववत्,पृ.१४७ ।

युद्धको समयमा घटेका यस्त धेरै घटनाहरू उपन्यासभित्र देखाइएको छ । उपन्यासभित्र प्रयुक्त कुनै घटनाहरू पत्रपत्रिकाबाट जस्ताको तस्तै उतारिएको छ भने कतिपय घटनाहरू अनुभूतिको आधारमा लेखिएका छन् । उपन्यास पढिसक्दा पाठक त्यही द्वन्द्वको अथवा युद्धकालको स्मृतिमा हराउन पुग्छ । उपन्यासभित्र युद्धकालका दृश्यहरू र तात्कालिक समयका कहालीलाग्दा चीत्कारहरू जस्ताको तस्तै खिचिएको छ । उपन्यासकार भट्टराईको उपन्यास **सुकरातका पाइला** युद्ध लेखनको नवीन प्राप्ति हो । 'यति बेला पछि फर्की हेर्दा हाम्रोमा थुप्रैथुप्रै साहित्य रचिएको हुनुपर्थ्यो, जसमा भयाक्रान्त समाज कामिरहेको इतिहास देख्न सकिन्थ्यो तर त्यो त्यति मात्रामा छैन । **पल्पसा क्याफे** प्रथम उपन्यास हो, अर्को युद्ध उपन्यास**सुकरातका पाइला** हो ।[७३] **सुकरातका पाइला** उपन्यासमा द्वन्द्वकालीन भयाक्रान्त समाजको यथार्थ चित्र उतार्नुका साथै अनिश्चित, अन्योलपूर्ण गन्तव्यहीन अवस्थाको चित्रण गरिएको छ ।

## ५.१०.३ विसङ्गतिवादी-अस्तित्ववादी प्रवृत्ति

विसङ्गति भनेको निस्सारता वा शून्यता हो । जीवनलाई दिइने कुनै पनि मूल्यको कुनै अर्थ नभएकोले जीवन-जगत् पनि व्याख्येय छैन भन्ने कुरा नै विसङ्गतिवादको मर्म हो ।[७४] जीवनजगत्को निस्सारता, निरर्थकता, अनि असङ्गति-विसङ्गतिका वीच पनि व्यक्ति सत्ता, व्यक्ति अस्तित्व वा व्यक्ति स्वतन्त्रताको सचेत स्थापना नै अस्तित्ववाद हो । **सुकरातका पाइला** उपन्यासभित्रका सुकरात, अनन्त पूर्णिमा, नीलिमाजस्ता पात्रहरुको जीवन विसङ्गत छ तर उनीहरू आफ्नो अस्तित्वरक्षाको लागि लडिरहेका छन् । उपन्यासको पात्र सुकरातले अस्तित्ववादी दर्शनको वकालत गरेको पाइन्छ । उसले अनन्तलाई 'मानिसले आफ्नो निर्णय आँफै गर्नु पर्छ' भनेको छ । उपन्यासकारले अस्तित्ववादको लगाम समाएर मानिसको निर्णयकर्ता ऊ स्वयम् हो, अरू कोही होइन भनेका छन् ।[७५] प्रस्तुत उपन्यासमा सुकरात र नीला जीवनको उत्तरार्धतिर बुढ्यौली उमेरमा विवाह बन्धनमा बाँधिएका छन् । उनीहरूको जीवन विसङ्गत छ । विवाह किन र केका लागि भनेर विमर्श गर्छन् तर अस्तित्व रक्षाको लागि लडिरहेका छन् । उपन्यास नायिका पूर्णिमाको जीवनमा घोर विसङ्गति भेटिन्छ ऊ आफ्नो अस्तित्व रक्षाकै लागि नचाहेर पनि अन्त्यमा माओवादी छापामार बन्छे र भिडन्तमा परी उसको मृत्यु हुन्छ ।

यस उपन्यासमा उपन्यासकारले आफ्नो विचार यसरी राखेका छन् :

> 'जुनसुकै मूल्यमा पनि जिजीविषा सर्वाधिक बलियो भएकाले अरू कुरालाई कुल्चेर पनि हामी बाँचिरहेकै हुन्छौं । यी सवै कुरा हेर्दा सार्त्रले साँच्चै भनेछन् जस्तो लाग्छः 'म्यान इज अ युजलेस प्यासन' अर्थात् 'मानिस व्यर्थको तृष्णा मात्र हो । हामी अतृप्त इच्छा, तृष्णा र कर्तव्य बोधको भारी बोकेर अनिच्छाले बाँचिरहेका हुन्छौं । तर कुनै पनि इच्छाले हामीलाई मर्न दिदैन' ।[७६]

---

७३. गोविन्दराज भट्टराई, **उत्तरआधुनिक विमर्श**, पूर्ववत्,पृ.२५८ ।

७४. नेत्र एटम, कृष्णहरि बराल, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास,** पूर्ववत् , पृ. ४१ ।

७५. रमण घिमिरे, *स्वनिर्णय अर्थात् सुकरातका पाइला* **नेपाल साप्ताहिक,** वर्ष ७, अङ्क २५, माघ २०६३ ।

७६. गोविन्दराज भट्टराई, **सुकरातका पाइला**, पूर्ववत्,पृ.९२ ।

यस कथनबाट प्रश्ट हुन्छ कि उपन्यासकार गोविन्दराज भट्टराई सार्त्रबाट प्रभावित छन् र अस्तित्ववादी चिन्तनको वकालत गर्दछन् । विवेच्य कृति **सुकरातका पाइला** अस्तित्ववादी दर्शनमा टेकेर लेखिएको उपन्यास हो ।

## ५.१०.४ सामाजिक यथार्थवादी प्रवृत्ति

**सुकरातका पाइला** एक सामाजिक यथार्थवादी उपन्यास हो । प्रस्तुत उपन्यासमा उपन्यासकार भट्टराइले माओवादीले नेपालमा २०५० को दशकमा चलाएको दश वर्षे द्वन्द्वको यथार्थ चित्रण गरेका छन् । उपन्यासको सुरुवात शान्त र सुन्दर ग्रामीण परिदृश्यबाट सुरु हुन्छ । सुन्दर, शान्त, आफ्नै परिवेश र जीवनशैली भएको नर्फोक गाउँमा एकाएक द्वन्द्वको आगो सल्कन्छ । उपन्यासमा अनन्तमार्फत नेपाली ग्रामीण युवाको पीडा र छटपटीलाई देखाइएको छ । नेपाली ग्रामीण समाजमा माओवादीले चलाएको दश वर्षे जनयुद्ध र उक्त जनयुद्धमा सरकार र माओवादी बीचको द्वन्द्वबाट सल्किएको आगोको लप्काले पोलिएका नेपालीहरूको यथार्थ चित्रण उपन्यासमा गरिएको छ । उपन्यासमा चित्राखर र भक्तमानजस्ता इमान्दार सोझा गाउँलेले द्वन्द्वका कारण गाउँ छोड्नुपर्ने बाध्यताका साथै वैदेशिक रोजगार दिलाइदिने नाममा म्यानपावर कम्पनीको ठगीजस्ता विषयलाई यथार्थ रुपमा पस्किएको छ । डेभिडजस्ता ठगको फन्दामा परी चित्राखर र भक्तमान जस्ता सोझा गाउँलेहरू आत्महत्या गर्न विवश बनेका छन् । त्यसै गरी उपन्यासमा त्रि.वि.मा देखिएको अराजकता, प्राज्ञिक क्षेत्रमाथि बढेको राजनीतिक हस्तक्षेप तथा प्राज्ञहरूको असुरक्षालाई पनि यथार्थ रूपमा चित्रण गरिएको छ ।

उपन्यासमा गरिबका पीडा र उदासको यथार्थ चित्रण गरेको पाइन्छ । उपन्यासभित्र चिठी संस्मरण आदिको प्रयोग गरी विश्वसनीयताको वृद्धि गरिएको छ । यसरी **सुकरातका पाइला** उपन्यासलाई एउटा सामाजिक यथार्थवादी उपन्यासको दर्जामा राख्न सकिन्छ ।

## ५.१०.५ समसामयिक युगीन परिवेशको चित्रण

विवेच्य उपन्यास **सुकरातका पाइला**मा युगीन परिवेशको चित्रण गरिएको छ । देशमा चलिरहेको द्वन्द्व र त्यसमा पिल्सिएका सर्वसाधारणको दर्दनाक स्थितिलाई यहाँ देखाइएको छ । द्वन्द्वको बेलामा हुने हत्या हिंसा, बलात्कारजस्ता जघन्य अपराधका साथै इराकमा भएको बाह्र नेपालीको हत्यादेखि लिएर दरवार हत्याकाण्डसम्मका घटनाहरूको उपन्यासमा चित्रण गरी देखाइएको छ । नेपालीहरूका विदेशमा गएर धन कमाउने सपना र त्यो सपनाको पछि लागेका मान्छेहरूलाई म्यानपावर कम्पनीको ठगी प्रकरणलाई उपन्यासभित्र चित्रण गरिएको छ । यस उपन्यासले शिक्षा क्षेत्रमाथि भइरहेको अनियमिता र त्रिभुवन विश्वविद्यालयभित्रको दुरवस्था, अस्तव्यस्तता र अवैज्ञानिक संस्कारमाथि प्रहार गरेको छ । माओवादी जनयुद्धको बेलामा गाउँमा परेको द्वन्द्वको प्रभावको चित्रण यसरी गरिएको छ :-

'अस्ति फिस्लिङका पच्चीस जना त्यता लागे, भन्छन्-हिजो भुल्केनी हाइस्कुलका तेह्र विद्यार्थी भागे, भन्छन्-आज मात्रै नर्फोक भरिका सय जना छानिएका छन् ।[७७]

उपन्यासकार भट्टराइको उपन्यासले युद्धकालीन घटनाहरूलाई जीवन्त रूपमा चित्रण गर्न सफल भएको छ । युद्धकालमा एक जना युद्धपीडितले आफ्नो कहालीलाग्दो घटना यसरी सुनाएको छः-

सुरुमा हातमा लाग्यो फेरि भाग्न थालेँ । अलि पर पुगेपछि खुट्टामा गोली लाग्यो । त्यसपछि म त्यहीँ ढलेँ ।[७८]

प्रस्तुत उपन्यास **सुकरातका पाइला**ले २०५० को दशकमा नेपाली आँगनमा भएको द्वन्द्वलाई युगयुगसम्म सुरक्षित राख्ने छ । यो उपन्यास द्वन्द्वको साक्षीको रूपमा आएको छ । यसभित्र रहेका घटना परिघटनाहरूले युद्धको पीडालाई स्मरण गराइरहने छन् । उपन्यासकार भट्टराईले समसामयिक परिवेशमा एउटा युगको प्रतिनिधित्व गर्ने कृति **सुकरातका पाइला** सृजना गरेका छन् ।

### ५.१०.६ निष्कर्ष

उपन्यास **सुकरातका पाइल** विशेषतः उत्तरआधुनिक चिन्तनमा केन्द्रित रहेको छ । यस उपन्यासले नेपालको शैक्षिक, राजनीतिक, सामाजिक, सांस्कृतिक, प्रशासनिक क्षेत्रमा देखिएका विकृति तथा विसङ्गतिलाई छर्लङ्ग्याउने काम गरेको छ । यस उपन्यासले नेपाली समाज माओवादी सशस्त्र युद्धको कारणले जर्जर बनेको अवस्थालाई छर्लङ्ग पारेको छ । हत्या, हिंसा, बलत्कार, लुटपाट, अपहरण, जवरजस्ती चन्दा असुली, अङ्गभङ्ग, दोहोरो भिडन्त, छापामार युद्ध, छापामार तालिम, प्रतिगमन विरुद्धको आन्दोलन जस्ता कुराहरूलाई उपन्यासमा देखाइएको छ । यस उपन्यासमा नेपालको केन्द्रीय क्याम्पस कीर्तिपुरमा हुने गरेको राजनीतिक हस्तक्षेप र शैक्षिक अराजगतालाई पनि सशक्त ढङ्गले देखाइएको छ ।

## ५.११ सुकरातका पाइला उपन्यासको शीर्षक सार्थकता

**सुकरातका पाइला** उपन्यासको शीर्षक एक गम्भीर र बहुअर्थ प्रदान गर्ने खालको छ । सुकरात झन्डै तीन हजार वर्ष पहिले ग्रिसमा जन्मिएका महान् दार्शनिक हुन् । उनै महान् दार्शनिक सुकरातको नामबाट उपन्यासको नामकरण गरिएको छ । उपन्यासभित्र एउटा प्रमुख भूमिकामा रहेको पात्रको नाम पनि सुकरात नै छ । उपन्यासको पात्र सुकरात त्रि.वि.मा अध्यापनरत प्राध्यापक हो । उसको चरित्र दार्शनिक प्रवृत्तिको छ । ऊ हरेक कुरालाई दार्शनिक

७७. गोविन्दराज भट्टराई, **सुकरातका पाइला**, पूर्ववत्,पृ.३ ।
७८. पूर्ववत्,पृ १४६।

आँखाले हेर्ने विशिष्ट प्राज्ञ हो । उपन्यासमा ग्रिस दार्शनिक सुकरातको बिम्बका रुपमा त्रि.वि.को प्राध्यापक सुकरातको चित्रण गरिएको छ । उपन्यासमा प्रस्तुत पात्र सुकरातमा मूल सुकरातका जस्ता गुणहरू भेटिन्छन् । उपन्यासको पात्र सुकरातले मूल सुकरातले झैँ आफ्ना शिष्यहरूलाई माया र सहयोग गर्दछ । दर्शनको माध्यमद्वारा आफ्ना शिष्यलाई सत्मार्गमा ल्याउने प्रयत्न गर्दछ । उसले आफ्ना शिष्यहरूलाई यसरी सल्लाह दिएको छ :-

> 'एउटा भ्रमको अन्त्य नहोइन्जेललाई त्यसैको लागि लड्दा हुन्छ अथवा एउटा सत्य काम लागिन्जेल त्यसैको सुरक्षा गरिरहँदा हुन्छ, यद्यपि तिमीले देखिरहेछौ, त्यो धेरै दिन काम लागिरहँदैन । तर लड्दा बन्दुकले नलड्नू, शक्तिमा चडेर नलड्नू, मानिस उभिएको जमिनमा उभिएर निशस्त्र भई लड्नू, केवल विचारले ।'[७९]

यसरी उपन्यासको पात्र त्रि.वि.को प्राध्यापक सुकरातले देशमा व्याप्त द्वन्द्वको अवस्थामा आफ्ना शिष्यलाई विचारले लड्ने सल्लाह दिँदै मूल सुकरातको व्यवहार पछ्याएको छ ।

उपन्यासको नायक अनन्त ग्रामीण युवक हो । राजधानीमा गएर उसले आफ्नो अस्तित्व रक्षाको लागि लाखौं प्रयास गर्छ । तर देशका अराजक स्थिति र कमजोर राज्यसंयन्त्रले गर्दा उसले सर्वत्र असफलता हात पार्छ । ऊ परिस्थितिको जन्जिरले बाँधिएको छ । त्यहाँबाट उम्कने उपाय देख्दैन । आठ वर्ष काठमाडौँमा बस्दा पनि जागिर खान सकेन, पढ्न सकेन, पैसा कमाउन सकेन, घर परिवारलाई सहयोग गर्न सकेन र अन्ततः मानसिक रूपमा नै नराम्रोसँग भत्कन पुग्यो । चौतर्फी निराशाले गर्दा ऊ मृत्युवरण गर्दै ग्रिस दार्शनिक सुकरातका पाइला पछ्याउने सोचमा पगेको छ । अनन्त ढाँटेर, छलेर, लाचार बनेर जीवन बिताउने सोचमा छैन । उसले आफ्ना गुरु सुकरातसँग भनेको छ, 'अरु केही नलागे तीनहजार वर्षअगाडि ग्रिसका सुकरातले हिडेको बाटो हिँडौला । म सुकरातको पाइला पछ्याउँला' । यसरी अनन्तले परिस्थितिले सृजना गरेको आफ्नो अन्त्यलाई स्वीकारी सुकरातका पाइला पछ्याउने कुरा गर्दै मृत्युवरणको सङ्केत गर्छ । यसरी उपन्यासको नायक अनन्तले ग्रिस दार्शनिक सुकरातले जस्तै मृत्युवरण गरेकाले उपन्यासको शीर्षक **सुकरातका पाइला** सान्दर्भिक देखिन्छ ।

यो उपन्यास विशेष गरी नेपालमा माओवादीले चलाएको दश वर्षे जनयुद्धको पृष्ठभूमिमा तयार पारिएको छ । यसमा द्वन्द्व तथा निरङ्कुशताको प्रतिबिम्ब पाइन्छ । 'विचारको निरङ्कुशता हुनु हुँदैन भन्ने चिन्तनलाई प्रस्तुत गरिएको छ । वैचारिक स्वतन्त्रताका लागि कहिल्यै नझुक्ने बरु विष खाएर हाँसीहाँसी मर्न तयार हुने प्राचीन ग्रिस दार्शनिक सुकरातको दर्शनलाई नेपालको समसामयिक निरङ्कुश र अधिनायक विचार लाद्न खोज्ने एकल र सङ्कुचित विचारको प्रतिरोधमा लेखिएको यो दार्शनिक उपन्यास हो । त्यसैले यसको शीर्षक **सुकरातका पाइला** राखिएको हो ।'[८०] यस उपन्यासमा उपन्यासकारले सुकरात नामक पात्रमार्फत दार्शनिक तर्कहरू गरेका छन् ।

---

७९. गोविन्दराज भट्टराई, **सुकरातका पाइला**, पूर्ववत्,पृ ५७।

८०. कुमार कोइराला, **गरिमा**, पूर्ववत्,पृ. १३७ ।

# परिच्छेद : छ
# उपसंहार

## ६.१ परिचय

यस परिच्छेदमा उपन्यासकार गोविन्दराज भट्टराईको जीवनी तथा व्यक्तित्व र विवेच्य कृति **सुकरातका पाइला** उपन्यासको विश्लेषणको सन्दर्भमा विगतका परिच्छेदमा गरिएका अध्ययन र विश्लेषणको परिच्छेदगत सारांश तथा निष्कर्ष दिई सङ्क्षिप्त रूपमा मूल्याङ्कनसमेत गरिएको छ ।

## ६.२ परिच्छेद एकको निष्कर्ष

पहिलो परिच्छेदअर्न्तगत यस शोधपत्रको सामान्य रूपरेखा प्रस्तुत गरिएको छ । यस खण्डमा शोधशीर्षक, शोधकार्यको प्रयोजन, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको विवरण, शोधको महत्त्व र उपयोगिता, शोधकार्यको सीमा र क्षेत्र, शोधपद्धिति र विधि र शोधपत्रको रूपरेखासम्बन्धी विवरणहरू प्रस्तुत गरिएको छ ।

## ६.३ परिच्छेद दुईको निष्कर्ष

दोस्रो परिच्छेदअन्तर्गत गोविन्दराज भट्टराईको जीवनी पक्षबारे चर्चा गरिएको छ । गोविन्दराज भट्टराईको जन्म वि.सं. २०१० चैत्र ४ गते पाँचथर जिल्लाअर्न्तगत फलैंचा गा.वि.स. मा भएको थियो । भट्टराई पिता टेकनाथ भट्टराई र माता मन्दोदरा भट्टराईका साँइला छोरा हुन् । उनका सात दाजुभाइ थिए । उनको बाल्यकाल पाँचथर जिल्लाको फलैंचा, च्याङ्थापु तथा ताप्लेजुङ् जिल्लाको सिकैजा, फावाखोलाजस्ता विभिन्न स्थानको वातावरणसँग खेल्दै बितेको देखिन्छ । गोविन्दराज भट्टराईलाई आफ्नै हजुबा शिवनिधि भट्टराईले छ वर्षको उमेरमा घरमै अक्षरारम्भ गराएका थिए । हजुरबाबाट बाह्रखरी सिकेपछि घर नजिकको गढीस्थित हरिमिडिल स्कुलबाट सात कक्षासम्मको अध्ययन गरेका थिए । उक्त स्कुलबाट सात कक्षा उत्तीर्ण गरेपछि उनले झापाको घैलाडुब्बास्थित श्री आदर्श मा.वि. बाट २०२६ सालमा द्वितीय श्रेणीमा प्रवेशिका परीक्षा उत्तीर्ण गरेका थिए । वि.सं.२०२८ सालमा बनारसबाट द्वितीय श्रेणीमा आइ.ए. उत्तीर्ण गरेका भट्टराईले वि.सं.२०३१ सालमा त्रिभुवन विश्वविद्यालयवाट बि.एड. र वि.सं. २०३४ मा बि.ए. उत्तीर्ण गरेका थिए । उनले वि.सं.२०३७ सालमा त्रिभुवन विश्वविद्यालयबाटै दुईवटा स्नातकोत्तर तह एम.एड. र एम.ए. द्वितीय श्रेणीमा उत्तीर्ण गरेका थिए । भट्टराईले २०५४ सालमा हैदरावाद विश्वविद्यालयबाट **नेपाली कविताको अङ्ग्रेजी अनुवाद** शीर्षकमा विद्यावारिधि उपाधि हासिल गरेका छन् । ब्राह्मण कुलमा जन्मेका भट्टराईको पारिवारिक आर्थिक अवस्था कमजोर नै देखिन्छ । बाबुको पण्डित्याइँ तथा खेतीपातीद्वारा सामान्य जीवन सञ्चालन गरेका थिए । भट्टराईले पढाइ र अध्यापन पेसालाई सँगसँगै अगाडि बढाएको देखिन्छ । उनको विवाह २०३८ सालमा धनकुटा निवासी अञ्जना वस्तीसँग भएको थियो । दुईओटा छोरीका धनी भट्टराई दम्पती दुवै जना त्रिभुवन विश्वविद्यालय कीर्तिपुरमा प्राध्यापन

पेसामा संलग्न छन् । भट्टराईको हाल कीर्तिपुर नगरपालिका वडा नं. २ मा आठ आनाको जग्गामा दुईतले पक्की घर रहेको छ । सरल र मिजासिलो स्वभाव भएका मृदुभाषी भट्टराई अत्यन्तै सहयोगी र इमान्दार छन् । सामान्य खाना साधारण पहिरनमै सन्तुष्ट हुने भट्टराई साहित्यसृजना, चिन्तन मनन तथा वैचारिक अध्ययनमा रुचि राख्छन् । बाल्यकालदेखि नै स्वतन्त्रता मनपराउने भट्टराई राजनीतिक विवादबाट टाढै रहन चाहन्छन् । अनेक क्षेत्रसँग सम्बन्ध र सरोकार राख्ने भट्टराईको देशका शैक्षिक प्रशासनिक सामाजिक,सांस्कृतिक गरी अनेक संघसस्थाहरूको स्थापना, विकास र प्रवर्द्धनमा ठूलो भूमिका रहेको देखिन्छ । भट्टराईले देशको प्रतिनिधित्व गर्दै विदेशमा समेत नेपाली बुद्धिजीवी, प्राज्ञ, साहित्यविद्का रूपमा उल्लेखनीय कार्य गरेका छन् । शैक्षिक, प्राज्ञिक, तथा अध्ययन-अध्यापनजस्ता विविध उद्देश्यहरू लिएर गोविन्दराज भट्टराईले स्वदेशका विभिन्न ठाउँका अतिरिक्त विदेशमा भारत, अमेरिका, युरोप, पाकिस्थानजस्ता राष्ट्रहरूको भ्रमण गरेका छन् ।

गोविन्दराज भट्टराईले २०२६ सालमा भुटानको देन्चुखा प्राइवेट स्कुलमा पढाउन थालेका थिए । त्यसपछि २०२९ सालमा नेपालको झापा जिल्लाअन्तर्गत वेलडाँगीको सरस्वती नि.मा.वि. मा पढाउने कार्य गरेका थिए । त्यसपछि राधिका मा.वि. उर्लावारीमा पढाएका थिए । २०३२ सालमा हिमालय मा.वि. मा अध्यापन गराएका भट्टराईले केही समय धर्मस्थली मा.वि. काठमाडौँमा समेत अध्यापन गराएको देखिन्छ । यसरी विभिन्न विद्यालयमा अध्ययपन गराउँदै आएका भट्टराई २०३८ सालमा त्रिभुवन विश्वविद्यालयको शिक्षाशास्त्र सङ्कायअन्तर्गत अङ्ग्रेजी विभागको प्राध्यापकको रूपमा नियुक्त भएका थिए । त्यसपछि उनले दमक क्याम्पस पढाउन थालेका थिए । दमक क्याम्पसमा एक वर्ष प्राध्यापन गरेपछि २०४७ सालसम्म धनकुटा क्याम्पसमा प्राध्यापन गराएका थिए । त्यसपछि हालसम्म उनी त्रिभुवन विश्वविद्यालय कीर्तिपुरमा प्राध्यापन कार्य गर्दै आएका छन् । अङ्ग्रेजी भाषाका विज्ञ भट्टराईले विश्व साहित्यमा देखिएका वाद र प्रणालीको अध्ययन एवम् विश्लेषण गरी विद्यार्थीहरूलाई ज्ञानको खुराक पस्कने कार्य गरेका छन् । गोविन्दराज भट्टराई २०६० सालदेखि त्रिभुवन विश्वविद्यालयमा शिक्षाशास्त्रअर्न्तगत सहायक डिनको पदमा रही कार्य गर्दै आएका छन् ।

गोविन्दराज भट्टाराईको बाह्य व्यक्तित्व निकै सुन्दर देखिन्छ । मझौलाकद, गहुँगोरो वर्ण, खाइलाग्दो शरीर, प्रभावशाली र आकर्षक व्यक्तित्वका धनी भट्टाराई शारीरिक रूपले स्वस्थ र फूर्तिला छन् । भट्टाराईको साहित्यिक व्यक्तित्वको चर्चा गर्दा उनी उपन्यसकार, निबन्धकार, कथाकार, समालोचक, अनुवादक व्यक्तित्व, सम्पादक आदिका रूपमा चिन्न सकिन्छ । २०३१ सालमा **मुगलान उपन्यास** लेखेर लेखन कार्य अगाडि बढाएका भट्टराईका मणिपुरको चिठ्ठी (वि.सं.२०३४) र **सुकरातका पाइला** (वि.सं. २०६३) गरी तीनओटा उपन्यासहरू रहेका छन् । २०३२ सालमा उषा पत्रिकामा **हाय गरिबी** शीर्षकको निबन्ध छपाई निबन्ध यात्रा सुरु गरेका भट्टराईका **एक्लै,एक्लै, एक्लै** (वि.सं. २०६०) र **विश्वविद्यालयमा अग्निपूजा (वि**.स.२०६१) गरी दुई निबन्ध सङ्ग्रह प्रकाशित छन् । भट्टराईले २०३१ सालमा **नदीका दुई किनार** शीर्षकको कथा गोरखापत्रमा छपाई कथा यात्रा थालेका हुन् । उनको **तीन धारा** (२०३५ सहलेखनमा) कथासङ्ग्रह प्रकाशन भएको छ । गोविन्दराज भट्टराई पाश्चात्य, आधुनिक र उत्तरआधुनिक संरचनाको गहिरो चिन्तन गर्ने प्रभाववादी समालोचक हुन् । हालसम्म उनका **काव्यिक आन्दोलनको परिचय (वि.सं. २०४९**)

**आख्यानको उत्तरआधुनिक पर्यावलोकन (२०६१), पश्चिमी बलेँसीका बाछिटा (वि.सं.२०६१) उत्तरआधुनिक ऐना (वि.सं.२०६२) उत्तरआधुनिक विमर्श (२०६४) र** अनुवादअर्न्तगत **विदेशी बगैँचाका चार थुङ्गा फूल, (२०५१-२०५६) विदेशी वगैँचाका पाँच थुङ्गा फूल, (२०५१-२०५६)** , **विदेशी बगैँचाका छ थुङ्गा फूल, २०५१-२०५६) एन् इन्ट्रोडक्सन टु ट्रान्सलेसन स्टडिज** (२०५७), **सेलेक्टेड नेपाली एसेज** (२०६०), **सेलेक्टेड स्टोरिज फ्रम नेपाल**(२०६१) **नेप्लिज लिटरेचर** (२०६२), **बियोन्ड द फ्रन्टियर्स : विमिन्ज स्टोरिज फ्रम नेपाल**(२०६३) जस्ता कृतिहरू रहेका छन् । यसका अतिरिक्त विभिन्न पत्रपत्रिकाहरूमा भट्टराईका प्रशस्त समलोचनात्मक लेखहरू पाइन्छन् ।

## ६.४ परिच्छेद तीनको निष्कर्ष

तेस्रो परिच्छेदअन्तर्गत उपन्यासको सैद्धान्तिक परिचयको चर्चा गरिएको छ । उपन्यासको उत्पत्ति र यसका तत्त्वहरूको चर्चा गरिएको छ । उपन्यासमा कथानक, चरित्र, पर्यावरण,जीवनदर्शन, दृष्टिबिन्दु, भाषाशैली, बिम्ब र प्रतीकजस्ता त**त्त्वहरूको विभिन्न भूमिका रहेको हुन्छ । यस खण्डमा नेपाली उपन्यास परम्परामा देखिएका विभिन्न चरणहरूको चर्चा गरिएको छ । नेपाली उपन्यास साहित्यको इतिहासलाई प्राथमिक काल (वि.सं.१८२७-१९४५) माध्यमिक काल(वि.सं.१९४६-१९९०) र आधुनिक काल (वि.सं. १९९१ देखि हालसम्म) मानिएको छ । आधुनिक उपन्यास परम्परामा आदर्शोन्मुख यथार्थवादी धारा, स्वच्छन्दतावादी धारा, सामाजिक यथार्थवादी धारा, अतियर्थाथवादी धारा, आलोचनात्मक यथार्थवादी धारा, मनोविश्लेषणवादी धारा, प्रकृतवादी धारा, विसङ्गतिवादी धारा, अस्तित्ववादी धारा, प्रयोगवादी धारा, प्रगतिवादी धारा, मिथकीयधाराजस्ता विभिन्न धाराहरू देखिएका छन् ।**

## ६.५ परिच्छेद चारको निष्कर्ष

चौँथो परिच्छेदअन्तर्गत उपन्यासकार भट्टराईको उपन्यासकारिताको चर्चा गरिएको छ । भट्टराईले २०३१ सालमा **मुगलान** उपन्यास लेखेर औपन्यासिक यात्रा सुरु गरेका हुन् । उनका **मुगलान** (वि.सं. २०३१) **मणिपुरको चिठ्ठी** (वि.सं. २०३४) र **सुकरातका पाइला** (वि.सं. २०६३) गरी जम्मा तीनओटा उपन्यासहरू प्रकाशित छन् । उनका तीनओटा उपन्यासलाई आधार बनाई हेर्दा पहिलो चरण (वि.सं.२०३१-२०६२) र दोस्रो चरण (वि.सं. २०६३ देखि हालसम्म) गरी बाँड्न सकिन्छ । भट्टराईका पहिलो चरणका दुई उपन्यासहरूभन्दा दोस्रो चरणमा देखिएको **सुकरातका पाइला** भिन्न विचार र पृष्ठभूमिमा लेखिएको पाइन्छ । उनको **मुगलान** उपन्यासमा प्रवासी नेपालीको दुःखान्त कथालाई सूक्ष्म ढङ्गले विश्लेषण गरिएको छ । त्यसै गरी भट्टराईको दोस्रो चरणको उपन्यास **सुकरातका पाइला** मा नेपालमा माओवादीले चलाएको दशवर्षे जनयुद्धलाई विषयवस्तु बनाइएको छ । उनका उपर्युक्त तीन उपन्यासहरूलाई विश्लेषण गर्दा उनमा सामाजिक यथार्थवाद, आलोचनात्मक यथार्थवाद, कारुणिकता, अस्तित्ववाद, प्रयोगवाद, युद्धसाहित्यको प्रयोग, उत्तरआधुनिक दर्शनको प्रयोगजस्ता प्रवृत्तिहरू पाइन्छन् । यस परिच्छेदमा गोविन्दराज भट्टराईको नेपाली साहित्यमा औपन्यासिक योगदान र स्थानको चर्चा गरिएको छ । भट्टराई **मुगलान** उपन्यासमा कारुणिक भाव प्रवाह गराएर अब्बल दर्जाको उपन्यासकार

कहलिए भने **सुकरातका पाइला**मार्फत युद्ध साहित्यको प्रयोग गरी युद्ध उपन्यास लेख्ने सशक्त स्रष्टाका रूपमा परिचित भए ।

## ६.६ परिच्छेद पाँचको निष्कर्ष

पाँचौ परिच्छेदअन्तर्गत **सुकरातका पाइला** उपन्यासको विविध कोणबाट अध्ययन गरिएको छ । **सुकरातका पाइला** मोडर्न बुक्सबाट २०६३ पुसमा प्रकाशित भएको उपन्यास हो । १९५ पृष्ठ सङ्ख्या रहेको यस उपन्यासमा लामा छोटा गरी सत्ताईस खण्डहरू रहेका छन् । उपन्यासको पात्र अनन्त नर्फोक भन्ने गाउँबाट पढ्ने सपना बोकी काठमाडौँ जान्छ । त्रिभुवन विश्वविद्यालयमा एम.ए.को भर्ना खुलेको धेरै समय पछि अनन्त पुगेको हुनाले उसलाई भर्ना हुन गाह्रो पर्छ । तर पछाडि उसको गाउँको पूर्व सांसद विक्रमको सहयोगबाट भर्ना हुन्छ । पढाइ धेरै छुटेको हुनाले ऊ परीक्षामा पास हुन सक्दैन । त्यसै बेला देशमा आन्दोलन चर्केको हुनाले ऊ पढ्न छोडेर दिनभर आन्दोलनतिर लाग्छ । अनन्तले पढाइमा सफलता पाउन सक्दैन । त्यसै बेला देशमा माओवादीको आन्दोलन चर्कन्छ । गाउँगाउँमा हत्या, हिंसा, आतङ्क, लुटपाट, अपहरण, बलात्कारजस्ता घटनाहरू फैलिन्छन् । उसको गाउँमा रहेकी प्रेमिकाले पत्रमार्फत गाउँमा भएको द्वन्द्वको खवर पठाइरहन्छे । गाउँ द्वन्द्वले जलेको हुन्छ । त्यस स्थितिमा अनन्त घर जाने सम्भावना हुँदैन ।

उपन्यासको सहायक पात्र सुकरात त्रिभुवन विश्वविद्यालयको प्राध्यापक हो । ऊ निकै विद्वान छ । अनन्तले सुकरातसँग दुःखसुख साट्ने गर्छ । अनन्त जीवनदेखि हरेस खाई निराश भएको अवस्थामा सुकरातले आफ्नो सञ्चयकोषको पैसा झिकेर अनन्तलाई विदेश पठाउन सहयोग गर्छ तर त्यसै बखत इराकमा बाह्र नेपालीको हत्या भएको कारण काठमाडौँका सबै म्यानपावर कम्पनीहरू ध्वस्त हुन्छन् र अनन्तको विदेश जाने सपना पनि खरानी बन्छ । अनन्तको विदेश गएर पैसा कमाउने अन्तिम सपना पनि चकनाचुर भएपछि ऊ निराशाको खाडलमा फस्छ । त्यसैबेला गाउँबाट पूर्णिमा माओवादीमा लागेर भिडन्तमा परी मृत्यु भएको खबर अनन्तले सुन्दछ । त्यसपछि अनन्तले आफ्नो जिउने कुनैपनि आधार नभएको महसुस गर्छ र आत्महत्याको बाटो रोज्छ ।

यस उपन्यासको पर्यावरण नेपालको कुनै पहाडी गाउँबाट सुरु भएर काठमाडौँको कीर्तिपुरको परिवेशमा घुमेको छ । यहाँ माओवादीद्वारा चलाइएका द्वन्द्वका झलकहरू चित्रण गर्ने क्रममा विभिन्न देशभरिका परिदृश्यहरूको चित्रण गरिएको छ । यस उपन्यासमा विशेषत: बाह्य दृष्टिविन्दुअन्तर्गतको सर्वज्ञ सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ । उपन्यासको पात्र सुकरात बौद्धिक पात्र हो । उसले हरेक कुरालाई दार्शनिक आँखाले हेर्छ । सुकरातमा उपन्यासकार भट्टराईको प्राज्ञिक प्रतिछाया भेटिन्छ । यस उपन्यासमा छोटाछोटा सामान्य संवाददेखि लिएर लामा र दार्शनिक संवाद पनि भेटिन्छन् । उपन्यासको भाषाशैली समग्रमा सहज र सरल नै छ तर कतै बौद्धिक पाठकले मात्र बुझ्ने कठिन भाषाको प्रयोग पनि भेटिन्छ ।

यस खण्डमा **सुकरातका पाइला**मा पाइने औपन्यासिक प्रवृत्तिहरूको चर्चा गरिएको छ । गोविन्दराज भट्टराईले नवीन शैलीमा लेखिएको यस उपन्यासमा उत्तरआधुनिक सिद्धान्तका प्रशस्त प्रयोगहरू भेटिन्छन् । युद्धलाई विषय बनाएर लेखिएको यस उपन्यासमा भट्टराईले नै **उत्तरआधुनिक विमर्श (२०६४)** मा व्याख्या गरेको अभिघात सिद्धान्तको प्रयोग पाइन्छ । युद्धकालमा नेपाल र नेपालीले भोगेका यथार्थ घटनालाई उपन्यासभित्र चर्चा गरिएको छ । यस उपन्यासमा विनिर्माणवाद, अन्तर-पाठीयता, द्विचर विरोध विधाभञ्जनजस्ता नवीन सिद्धान्तको प्रयोग भएको छ । त्यसै गरी उपन्यास **सुकरातका पाइला** एक युद्ध उपन्यासका रूपमा चित्रित छ । नेपालमा ठोस रूपमा युद्ध साहित्य लेखनको सुरुवात भएको **सुकरातका पाइला**जस्ता उपन्यासको प्रकाशनपछि हो । यस उपन्यासले विसङ्गतिवादी-अस्तित्ववादी दर्शनलाई पनि समातेको छ । उपन्यासको पात्र सुकरातले सार्त्रको दर्शनको व्याख्या गरेको छ । यस सन्दर्भमा गोविन्दराज भट्टराईको प्रस्तुत कृति निकै महत्त्वपूर्ण रहेको छ। **सुकरातका पाइला** उपन्यासले युद्धको चित्रण गर्दै युगीन परिवेश समात्न सफल भएको छ।

## ६.७ परिच्छेद छको निष्कर्ष

छैटौँ परिच्छेद उपसंहार खण्ड हो । यस खण्डमा शोधपत्रको सार प्रस्तुत गरिएको छ । समग्रमा भन्नुपर्दा नेपाली साहित्य क्षेत्रमा अनुसन्धान, लेखन, शिक्षण प्राध्यापन गर्दै अगाडि बढेका गोविन्दराज भट्टराई नेपाली साहित्यका विशिष्ट स्रष्टा र द्रष्टा दुबै हुन् । उनको कृति **सुकरातका पाइला**ले **नेपा**ली उपन्यास साहित्यको भण्डार भर्ने काम मात्र नगरी केही नयाँपन दिई उपन्यास साहित्यलाई ओजिलो बनाएको छ । विशेषत: उपन्यासमा प्रयोग गरिएको माओवादीको दशवर्षे जनयुद्धको वर्णनले उपन्यासको ओजन बढाएको छ । त्यसै गरी उपन्यासमा प्रयुक्त नवीन शैली पनि महत्त्वपूर्ण छ।

गोविन्दराज भट्टराई नेपाली उपन्यास सहित्यमा एक सशक्त उपन्यासकार हुन्। प्राध्यापन पेसामा संलग्न भट्टराईले उपन्यास लेखनका साथसाथै कथा, काविता, निबन्ध, समालोचना, अनुवादजस्ता विविध क्षेत्रमा कलम चलाएका छन् । यस शोधपत्रमा विवेचना गरिएको उनको उपन्यास **सुकरातका पाइला** नेपाली उपन्यास परम्परामा एउटा नवीन उपलब्धिका रूपमा रहन सफल भएको छ । यस उपन्यासमा नेपालमा २०५० को दशकमा चलेको सशस्त्र द्वन्द्वलाई साङ्गोपाङ्ग चित्रण गरिएको छ । नेपाली आगनमा घटेको युद्ध तथा त्यसको मारमा परेका नेपालीहरूको करुण चित्रण निकै सान्दर्भिक रहेको छ ।

□